# अध्याय एक

# शोधपरिचय

## १.१ विषय परिचय

प्रस्तुत शोधपत्र श्रीधराचार्य स्वामीजीको साहित्यिक, सामाजिक, र धार्मिक विषयलाई लिएर तयार पारिएको छ । स्वामीजीको जन्मदेखि लिएर परमपद गमन (मरण) सम्ममा भएका जीवनी, धार्मिक चरित्र र साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूको विस्तृत अध्ययनको विषय रहेको छ ।

## १.२ समस्या कथन

१२ वर्षको उमेरदेखि नै समाज र देशका लागि समर्पित भएका श्रीधराचार्य स्वामीजीले विभिन्न नेपाली र संस्कृत साहित्यको रचना गरेका छन् । जसमा "कल्याणकारी साधना गरौं" (२०५५), "मनोदूति काव्यमञ्जरी" (२०६२), "श्रीसहस्रगीति मञ्जरी" (२०६७) र अन्य काव्य रचनाहरू पनि प्रकाशित भएका छन् । नेपाली र संस्कृत साहित्यको साथसाथै मुक्तिनाथ दर्शन गर्न जाने आउने यात्रीहरूको सेवा सुश्रुषा र धर्मप्रचारलाई नै आफ्नो मुख्य क्षेत्र बनाएका श्रीधराचार्य स्वामीजीको जीवनी, व्यक्तित्व र कृतित्वको प्रामाणिक चर्चा र विश्लेषण भएको पाइँदैन । त्यस कारण श्रीधराचार्य स्वामीजीको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पक्षहरूको अनुशीलन गर्ने उद्देश्य राखी यो शोधकार्य गरिएको छ । यस सन्दर्भमा प्रस्तुत शोधकार्यका समस्याहरू निम्नानुसार रहेका छन् ।

(क) श्रीधराचार्य स्वामीजीका जीवनीका मुख्य पक्षहरू के के हुन् ?

(ख) स्वामीजीका व्यक्तित्वका विभिन्न पाटाहरू के कस्ता छन् ?

(ग) स्वामीजीका सहित्यिक कृतिहरूको प्रवृत्ति र योगदान के कस्ता रहेका छन् ?

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्याहरूमा केन्द्रित रही श्रीधराचार्य स्वामीजीको समग्र जीवन र जीवनमा घटेका विभिन्न अविस्मरणीय घटनाहरू तथा त्यस घटनाबाट स्वामीजीमा परेको प्रभाव, जीवनदृष्टि, साहित्यक सिर्जना, धर्मप्रचार, तीर्थयात्रीको सेवा सुश्रुषा आदिमा उन्मुख र दत्तचित्त हुनुमा स्वामीजीलाई प्राप्त प्रेरणा आदि विविध पक्षहरूको

निरुपण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । यसरी वि.सं. २००९ देखि नै समाजलाई आकर्षण गर्न सक्ने स्वामीजीका विभिन्न पक्ष र पाटाहरूको अध्ययन गर्दै उनको कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ । ती उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

(क) श्रीधराचार्य स्वामीजीका जीवनीका मुख्य पक्षहरू प्रस्तुत गर्ने ।

(ख) स्वामीजीका व्यक्तित्वका विभिन्न पाटाहरूको परिचय दिने ।

(ग) स्वामीजीका प्रकाशित कृतिहरूको विश्लेषण गर्दै तिनका प्रवृत्ति र योगदानको निपरूण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यकारका खोजका क्रममा ओझेलमा परेका स्रष्टाहरूको बारेमा प्रकाश पार्नु निश्चय नै महफ्वपूर्ण कार्य हो । श्रीधराचार्य स्वामीजीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा यसभन्दा अगाडि खास अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको छैन । तर पनि साहित्यको लेखन र छायाङ्कनका क्रममा स्वामीजीको साहित्यिक योगदानका बारेमा संक्षिप्त चर्चा गरेको पाइन्छ । प्रस्तुत शोधपत्रको तयारीका सिलसिलामा प्राप्त भएका सामग्रीहरू यसप्रकार प्रस्तुत गरिएको छ ।

जगन्नाथ शास्त्री कँडेलले "पितृयाग पद्धति" (२०३१) 'प्रस्ताविक' मा श्रीधराचार्य पौडेलले विविध पक्षबाट पुस्तक लेखन कार्यमा पूर्ण सहयोग गरेको, स्वामीजीको साहित्यिक कलाकौशलता र उच्च व्यक्तित्वको प्रशंसा गर्दै साहित्यका प्रशस्त धनी स्वामीजीमा हार्दिक कृतज्ञता प्रकट गरेका छन् ।

गोविन्द श्रीनिवास रामानुज दासले "श्रीउपदेशरत्नमाला" (२०३८) को निवेदनमा सर्वसाधारण व्यक्तिलाई पनि उपदेशरत्नमालाको भाव हृदयङ्गम गराउनका निमित्त श्रीस्वामीजीले नेपाली छायाँ (पद्यानुवाद) गरिवक्सियो भन्दै आचार्यश्रीमा आभार प्रकट गरेका छन् ।

सहस्रधारा निवासी पराङ्कुश जीयर स्वामीजीले "श्रीमुक्तिक्षेत्र माहात्म्य" (२०५३) मा श्री १००८ श्रीमत्परमहंसपरिव्राजकाचार्य उभयवेदान्त प्रवर्तकाचार्य श्रीश्रीनिवास मुक्तिनारायण रामानुज जीयर स्वामीजीले अथक परिश्रम गरेर अनेक पुराणहरूबाट संकलन गरी "श्रीमुक्तिक्षेत्र माहात्म्यम्" नामक पुस्तक प्रकाशन गरेकोमा हाम्रा तर्फबाट धेरै मङ्गलाशासन छ भनी मङ्गलाशासन गरेका छन् ।

स्वयं श्री स्वामीजीले मुक्तिक्षेत्र माहात्म्यको “श्रीमुक्तिक्षेत्र माहात्म्य” (संक्षिप्त जीवनी) २०५३ मा विभिन्न पुराणहरूबाट संकलन गरी सर्वसाधारण जनसमक्ष पस्कन पाएकोमा आफूलाई कृतकृत्य भएको व्यहोरा प्रकट गरेका छन् ।

श्री गोविन्दप्रसाद शर्माले “मुक्तिक्षेत्र माहात्म्य”को अनुरोध (२०५३) मा हिन्दी र नेपालीमा श्री स्वामीजी महाराजले गरेको साहित्यिक यात्राले भगवत् भागवत्-आचार्य सबैमा राम्रो सेवा पुगेको छ । यो लेख केवल स्वदेश नेपालका लागि मात्र नभएर विदेशतर्फका लागि पनि योग्य छ । यसरी उनले लेखक र लेखको राम्रो प्रशंसा गरेका छन् ।

स्वयं श्री स्वामीजीले “मनोदूति काव्य मञ्जरी” (२०५६) को मनोदूतिका काव्यका सम्बन्धमा दुई शब्द मा यो ‘मनोदूति काव्यमञ्जरी’ श्री भगवानको चरणमा समर्पण गरी भक्तवृन्द समक्ष प्रस्तुत गर्न पाउँदा यस अधम शरीरबाट किञ्चित्कर सेवा गर्न पाएकोमा कृतकृत्य बनेको व्यहोरा प्रकट गरेका छन् ।

श्री पद्मधराचार्य र दाताराम (दामोदर) भण्डारीको संवाद “प्रपन्नामृत” संस्कृत र नेपाली (२०५९) मा दाताराम भण्डारीले श्रीधराचार्य स्वामीजीको सन्निधिमा रहेर विविध रहस्य ग्रन्थको ज्ञान प्राप्त गरेको र स्वामीजीकै आज्ञाद्वारा श्रीरामानुज मुक्तिनाथ अन्नदान क्षेत्रमा रही स्वामीजीकै निर्देशनमा अन्नदान क्षेत्र सञ्चालन गरेको प्रसङ्ग उल्लेख गरेका छन् ।

कृष्णप्रसाद शर्माले श्री गुरुपरम्परा द्वितीय संस्करण (२०६०) मा श्रीस्वामीजी महाराजको बाल्यकालदेखि वैकुण्ठगमन (मरण) पर्यन्तका संक्षिप्त जीवनी प्रस्तुत गरेका छन् ।

दामोदर श्रीनिवास रामानुज दास फेदी वाग्लुङ्ग र नाग्लिवाङ्ग पर्वतले “श्री गोविन्द दामोदर स्तोत्र” (२०६०) को ‘सम्मति’ मा श्री स्वामीजीका अनेकौं कृतिहरू मध्ये यो ‘गोविन्द दामोदर स्तोत्र’ पनि अमूल्य कृति भएको कुरा उल्लेख गरेका छन् ।

गोविन्दाचार्यले “ऋजु सिद्धान्त कौमुदी” (२०६१) मा श्री स्वामीजीकै मुखोल्लासार्थ यो ग्रन्थ रचित हो भनी आफ्ना गुरुप्रति सद्भावना प्रकट गरेका छन् ।

गोविन्दाचार्यले “सार सिद्धान्त कौमुदी” (२०६२) मा स्वाचार्य मुखोल्लासार्थ रचना गरिएको भनी उद्गार प्रकट गरेका छन् ।

गोविन्दाचार्यले “लघु सिद्धान्त कौमुदी” (२०६३) मा श्री श्रीनिवास मुखोल्लासार्थ नै यो ग्रन्थमा कलम चलाएको भनी मुखोल्लास प्रकट गरेका छन् ।

जगन्नाथ रेग्मी मल्लाज पर्वतले “अन्तरङ्गका तरङ्गहरू” नामक कविता संग्रह (२०६४) माआफ्नो कविता संग्रहमा ‘के दिऊँ गुरु दक्षिणा’ नामको कविता प्रकाशित गरेका छन् र उपर्युक्त कवितामा ११ पद्यमा शार्दूलविक्रीडित छन्दमा श्रीस्वामीजीको संक्षिप्त जीवनको चर्चा र त्यस्ता उच्चपदस्थ आचार्य श्री का चरणमा यसरी उद्गार व्यक्त गरेका छन् ।

जसले प्रेम गरेर खोलिदिनुभो यी ज्ञानका लोचन,
लागेको छ नि जन्म जन्म भरमा तिर्नै नसक्ने ऋण ।
को बन्ला अब प्रेरणा विगतका मात्रै भए सम्झना,
खै के गर्न सकें अकिञ्चन भएँ टक्र्याऊँ के दक्षिणा ॥

यसरी उनले आफ्ना गुरुप्रति अगाध श्रद्धा सुमन व्यक्त गरेका छन् ।

गोविन्दाचार्यले सिद्धान्त कौमुदीको संस्कृत व्याख्या (२०६६) आदि १३ भागमा श्री स्वामीजीको मंगलाशासन गरेका छन् । उनले आफूले स्वामीजी महाराजको सन्निधिमा रहेर धेरै अध्ययन गर्दा पनि गुरु दक्षिणा तिर्न नसकेको र त्यही ऋणबाट ऊऋण हुनलाई श्रीस्वामीजीको मुखोल्लासार्थ यो ग्रन्थ १४ भागमा पूर्ण भएको छ । केही भाग प्रकाशित हुन बाँकी छन् । सबै भागमा नै श्री श्रीधराचार्य स्वामीजीको दिग्दिगन्त प्रचार प्रसार गर्न सौभाग्य मिलोस् र यसबाट उनकै मुखोल्लास होस् भनी मंगलाशासन गरेको पाइन्छ ।

सहस्रगीति मञ्जरी (२०६७) मा श्रीमद्वेदमार्गप्रतिष्ठानाचार्य उभयवेदान्त प्रवर्तकाचार्य श्री गोवर्धन पीठाधीश्वर श्री रङ्गाचार्य स्वामीजीको मंगलाशासन पत्र सन् ८/०२/०८ मा उनले श्रीधराचार्य स्वामीजी अनेक ग्रन्थमा स्पष्ट ज्ञान भएका व्यक्तित्व हुन् । उनले संस्कृतमा रचना नगरी नेपाली जनमानसमा धर्म प्रचार गर्नको लागि नेपाली भाषामा रचना गरेका छन् । यो ग्रन्थ अमूल्य ग्रन्थ हो भनी ग्रन्थ र ग्रन्थकारको मंगलाशासन गरेका छन् ।

श्री सहस्रगीति मञ्जरी (२०६७) मा मुक्तिनाथ पीठाधीश स्वामी श्रीकमलनयनाचार्यले आचार्यवर, पूज्यवर श्री स्वामीजी महाराजको गहिरो

अध्ययनको अनुभवको संगालो स्वरूप र सांसारिक प्रपञ्चपछि जन्मिएको अमूल्य ग्रन्थ हो भनी आफ्नो विनम्र निवेदनमा शब्दपुष्प अर्पण गरेका छन् ।

श्री सहस्रगीति मञ्जरी (२०६७) मा श्रीकृष्णमाचार्य स्वामीजीले आफ्नो प्रस्तावना पत्रमा श्रीस्वामीजी महाराजको जीवन चरित्रहरू, अगाध वैदुष्यले सम्पन्न, मृदुभाषी, योग्यताको राम्रोसँग कदर गर्न सक्ने र युवक व्युत्पिपासुहरूलाई पनि सन्मार्गमा पदे पदे प्रेरणा दिने सदाचार सम्पन्न एक महापुरुषको नाम नै श्रीधराचार्यको नाममा परिचित भएको हो । यसरी सरल स्वभाव, साहसी, आचार्यत्वले परिपूर्ण श्री स्वामीजी महाराजको विद्वताको सम्मान गरेका छन् ।

श्री सहस्रगीति मञ्जरी (२०६७) मा मधुसूदनाचार्य स्वामीजीले आफ्नो सम्मति पत्रमा हामी दुवैको अध्ययन कालमा सुदृढ सौहार्द एवं मैत्रीभाव बन्दै आएको हो । यो सहस्रगीति मञ्जरी नामक ग्रन्थ उनले आफ्नो अनेक शास्त्रको विधिवत् अध्ययन मननपछि रचना गरेको प्रामाणिक ग्रन्थ (काव्य) हो । यस कृतिमा दशावतार, प्रह्लाद, वली, गजेन्द्र, हनुमान्, विभीषण, शवरी, द्रौपदी आदि भक्त र भगवान्को वर्णन मार्मिक रूपमा गरिएको, विद्वान्देखि साधारण जनमानसलाई पनि मर्मस्पर्शी ग्रन्थ हो भनी प्रशंसा गरेका छन् ।

श्री सहस्रगीति मञ्जरी (२०६७) मा श्री सहस्रगीति मञ्जरीका सम्बन्धमा देवराज प्रपन्नाचार्यले श्री स्वामीजी महाराजको संक्षिप्त जीवनीको चर्चा गरी श्री स्वामीजीले आफ्नो जीवनकालमा अनेकौं शिष्यरत्नहरू तयार पारेको, श्री स्वामीजीको ज्ञानराशिको परिपाक स्वरूप, वेद उपनिषद, धर्मशास्त्र, रामायण, महाभारत, श्रीवचनभूषण, अर्थपञ्चक आदि अमूल्य ग्रन्थहरूको एकाकार समुद्रको साकारस्वरूप भएको र उपर्युक्त आचार्यको आफू सँधै अकिञ्चन रहने र रहेको भाव प्रकट गरेका छन् ।

श्री सहस्रगीति मञ्जरी (२०६७) को बाहिरी पष्ठ भागमा पूज्यापाद श्री स्वामीजीको सूत्ररूपमा संक्षिप्त जीवनीको वर्णन भएको छ ।

श्रीसुदर्शनानुष्ठानम् प्रथम र द्वितीय संस्करण (२०६८) मा गोविन्दाचार्यले श्री स्वामीजीको मंगलाशासन र मुखोल्लासार्थ यो ग्रन्थको विस्तृतीकरण गरेको हो भनेर आफ्नो उद्गार प्रकट गरेका छन् ।

श्री गीतार्थ संग्रहको हिन्दी व्याख्या (२०६९) मा गोविन्दाचार्यले स्वामीजीको मंगलाशासनपूर्वक ३० श्लोकमा संक्षिप्त जीवनको चर्चा परिचर्चा गरेका छन् ।

यसरी स्वामीजीको बारेमा संक्षिप्त जीवनी भेटिए पनि विस्तृत वर्णन, खोज अनुसन्धान हुन नसकेको हुनाले नै उनको जीवनी, व्यक्तित्व र कृतित्वको खोज अनुसन्धान गर्नु नै शोधपत्रको उत्तरकार्यको समीक्षा रहेको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

वि.सं. २००९ देखि २०५६ सम्म लगभग ५ दशक लामो साहित्यिक र धार्मिक यात्रा पार गरिसकेका श्रीधराचार्य स्वामीजीले आफ्नो मुख्य जीवन नै धर्म प्रचार र साहित्यिक सिर्जनामा अग्रसर भई अमूल्य जीवन बिताएका हुन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा संक्षिप्त जीवनी र सामान्य चर्चाबाहेक सुव्यवस्थित र विस्तृत रूपमा अध्ययन अनुसन्धान नै औचित्यपूर्ण देखिन्छ ।

यस शोधकार्यबाट शोधनायक श्रीधराचार्य स्वामीजीका बारेमा जान्न चाहने जिज्ञासु व्यक्ति र भविष्यका पाठक तथा अध्येताका निमित्त महफ्वपूर्ण सामग्री बन्ने आधारमा पनि यस शोधकार्यको औचित्य र महफ्वपूर्ण पथ निर्देशक बन्दछ । यसका अतिरिक्त नेपाली अनुसन्धान परम्परामा पनि यसले सहयोग पुऱ्याउँछ । यी विविध दृष्टिकोणले प्रस्तुत शोधकार्यको औचित्य र महफ्व टड्कारो रूपमा स्पष्ट भएको छ ।

## १.६ शोधपत्रको सीमाङ्कन

श्रीधराचार्य स्वामीजी कुशल कवि, साहित्यकार, धर्म प्रचारक, धर्मगुरु, उभयवेदान्त प्रवर्तकाचार्य आदि उच्च पदले सम्मानित भएका छन् । २००९ देखि नै श्रीमद्भागवतका प्रखर प्रवक्ता, छ विषय (व्याकरण, पुराणेतिहास, शांकरवेदान्त, धर्मशास्त्र, साहित्य र रामानुज वेदान्त) मा आचार्य पद प्राप्त गरी षडाचार्य पदले विभूषित, विभिन्न साहित्यिक रचनाहरू सिर्जना गरेर धर्म प्रचार, तीर्थयात्रीको भरपुर सेवा सत्कार र भक्तभागवत सेवा नै मुख्य जीवनको परमलक्ष्य बनाउन सफल स्वामीजीका रचनाहरूको मोटामोटी पहिचान गर्दै उनको जीवनी, व्यक्तित्व र कृतित्व, साहित्यिक साधना र धार्मिक यात्रा यस शोधको क्षेत्र हो भने उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययन

र विश्लेषणमा सीमित रहनु र अरू सिर्जना वा रचनाहरूको पूर्ण अध्ययनलाई समेट्न नसक्नु यसको सीमा हो ।

## १.७ शोधविधि

शोध समाज कल्याणको अमोघ साधन र ज्ञानवृद्धिको शक्तिशाली कुञ्जी हो । शोधले समाजमा लुकेका बहुमूल्य धन, जन, र ऐतिहासिक सामग्रीलाई राष्ट्र र विश्व सामु चिनाउने काम गर्दछ । समाजको कुनाकुनामा गएर खोजी गर्ने तरिका नै शोधविधि हो । (मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, चौं.सं. ललितपुर सा.प्र., वि.सं.२०६६ को भूमिका) यहाँ श्रीधराचार्य स्वामीजीको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकमा श्रीस्वामीजीको लोककल्याणकारी जीवन चरित्र, 'वसुधैव कुटुम्बकम्' यो नीतिले परिपूर्ण व्यक्तित्व र कृतिहरूको विश्लेषणात्मक अध्ययन नै शोधविधि रहेको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य तयार गर्ने क्रममा आवश्यक सामग्री सङ्कलनका लागि मुख्यतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ र यसका साथै स्वामीजीका समकालीन सम्बद्ध क्षेत्रका आचार्य, विद्वान्, बुद्धिजीवी तथा उनका पूर्वाश्रमका अन्य सम्बन्धित सदस्यहरूसँग भेटघाट गरी सहायक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ अध्ययन विधि

प्रस्तुत शोधकार्य तयार गर्दा स्वामीजीले रचना गरेर प्रकाशित भएका पुस्तकहरू, स्वामीजीका बारेमा लेखिएका पुस्तकहरू, अन्य सम्बन्धित पुस्तक र स्वामीजीका पाण्डुलिपिमा भएका सामग्रीहरूको विशेष अध्ययन गरिएको छ । त्यस्तै स्वामीजीलाई राम्रोसँग चिने जानेका व्यक्ति र मुख्य शिष्यहरुसँग अन्तर्वार्ता गरेर यो शोधपत्र तयार गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित र सङ्गठित ढङ्गले प्रस्तुत गर्ने सन्दर्भमा निम्नानुसार पाँच अध्यायमा विभाजन गरिएको छ ।

**अध्याय एक :** शोध परिचय ।

**अध्याय दुई** : श्रीधराचार्य स्वामीजीको जीवनीको अध्ययन ।

**अध्याय तीन** : श्रीधराचार्य स्वामीजीको व्यक्तित्वको अध्ययन ।

**अध्याय चार** : श्रीधराचार्य स्वामीजीका कृतिहरूको अध्ययन र विश्लेषण ।

**अध्याय पाँच** : निष्कर्ष तथा उपसंहार ।

यी माथिका पाँच अध्यायहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरिएको छ । शोधपत्रका अन्त्यमा सन्दर्भग्रन्थ सूची प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## श्रीधराचार्य स्वामीजीको जीवनीको अध्ययन

### २.१ पृष्ठभूमि

श्रीधराचार्य स्वामीजी एक महान् स्रष्टा र सादा जीवन उच्च विचार भएका व्यक्ति हुन् । उनी धार्मिक श्रीवैष्णव समाजका श्रेष्ठ आचार्य हुन् । उनले नेपालीमा मात्र नभएर संस्कृतमा पनि कविता (श्लोक) हरू रचना गरेका छन् । उनले आफ्नो विद्यार्थी अवस्थादेखि नै रचनाहरू गरेको पुष्टि हुन्छ । आफ्नो जीवनकालमा जागीर, तनखा, तलब आदि कार्यमा नलागेर विशुद्ध वैदिक सनातन धर्मको प्रचार प्रसार र अभिवृद्धिमा लागेका हुन् । उनी कथा प्रवचन गर्न, संस्कृत पाठशाला खोलेर संस्कृत शिक्षाको अभिवृद्धि गर्न, सुयोग्य  हजारौं विद्यार्थी तयार गरी धर्मप्रचार गर्न, शास्त्रले भन्न खोजेको मर्मलाई सरल नेपाली भाषमा रचना गरी सबैलाई जान्ने अवसर प्रदान गर्न मन पराउने व्यक्ति हुन् । प्रस्तुत शीर्षक अन्तर्गत उनको जीवनचक्रसँग सम्बन्धित घटनाहरूको अध्ययन गरिएको छ ।

### २.२ वंश परम्परा र जन्म

'श्रीधराचार्य स्वामीजीको जन्म ज्योतिष पं. भूमिश्वर उपाध्याय पौडेल र उनकी धर्मपत्नी खगेश्वरी उपाध्याय पौडेलका कनिष्ठ सुपुत्रका रूपमा वि.सं. १९९७ साल श्रावण ८ गते मंगलवार श्रावण कृष्णपञ्चमी, पूर्वभाद्रपदा नक्षत्र, शोभन योग, बालब करण, मकर लग्न, वृष नवांशकमा भएको हो' (स्वामीजीको कुण्डलीबाट साभार गरिएको) । पूर्वभाद्रपदाको दोस्रो चरणमा जन्मेका हुनाले उनको न्वारनको नाम सोमनाथ उपाध्याय पौडेल भए पनि नेपाली साहित्य र धार्मिक तथा सामाजिक क्षेत्रमा श्रीधराचार्य (पौडेल) नामबाट चिन्ने गरिन्छ । उनको जन्म धवलागिरी अञ्चल, बाग्लुङ जिल्लाको बाग्लुङ नगरपालिका वडा नं. १० कुँडुले फेदी गाऊँमा भएको हो ।

उनका प्रपितामह श्री मणिकण्ठ उपाध्याय पौडेल नाम चलेका पंडित र समाजसेवी भएको पाइन्छ । पितामह भगीरथ उपाध्याय पौडेल ज्योतिषका प्रखर विद्वान्, नायक र पण्डित भएको पाइन्छ । श्रीधराचार्यका पिता भूमिश्वर उपाध्याय

पौडेल पनि राम्रा नाम चलेका ज्योतिषी, समाजका धारक, न्यायकर्ता, दयालु र पण्डित भएको पाइन्छ । यस प्रकार उनका वंशजहरू धार्मिक सामाजिक, साँस्कृतिक एवं आर्थिक रूपमा कमजोर नभएको र उनीहरूको शैक्षिक स्तर युग सुहाउँदो भएको कुरा स्पष्ट हुन्छ' (पुत्र श्यामनारायण पौडेलसँगको अन्तर्वार्ता अनुसार) अतः उनका पुर्खाहरूले विद्वता र पाण्डित्यको परम्परालाई कायम राख्दै आएको देखिन्छ । उनको वंशलाई यसरी वृक्षलतामा देखाइएको छ ।

श्री भक्तिराम उपाध्याय पौडेल

↓

श्री लाटु उपाध्याय पौडेल

↓

श्री कृष्ण उपाध्याय पौडेल

↓

श्री हरिनारायण उपाध्याय पौडेल

↓

श्री वंशमणि उपाध्याय पौडेल

↓

श्री रविलाल उपाध्याय पौडेल

↓

श्री कालु उपाध्याय पौडेल

↓

श्री शिव प्रसाद उपाध्याय पौडेल

↓

श्री तुलाराम उपाध्याय पौडेल

↓

श्री मुक्तिराम उपाध्याय पौडेल | महेश्वर खत्री (क्षत्राणी तर्फ)

↓

श्री कलाधर उपाध्याय पौडेल

↓

श्री कैलाश उपाध्याय पौडेल (कैलु)

↓

श्री मिसै .. उपाध्याय पौडेल

↓

श्री भगदत्त उपाध्याय पौडेल

↓

श्री दुर्गादत्त उपाध्याय पौडेल

↓

श्री धनञ्जय उपाध्याय पौडेल

↓

श्री लिलाधर उपाध्याय पौडेल

↓

श्री मकरी उपाध्याय पौडेल | श्री तुलाराम उपाध्याय पौडेल | सानु श्रीमुक्तिराम उपाध्याय पौडेल

↓

श्री श्रीकृष्ण उपाध्याय पौडेल

श्री राधु उपाध्याय पौडेल

श्री मणिकण्ठ उपाध्याय पौडेल

श्री मणिकण्ठ उपाध्याय पौडेल

श्री भगीरथ उपाध्याय पौडेल

श्री भूमिश्वर उपाध्याय पौडेल श्री चन्द्रदत्त उपाध्याय पौडेल

श्री दण्डपाणि उपाध्याय पौडेल, श्री कलाधर उपाध्याय पौडेल, श्री दुर्गादत्त उपाध्याय पौडेल, श्री श्रीधराचार्य स्वामीजी (पौडेल)

श्री सीता उपाध्याय अधिकारी (पुत्री) श्री सुभद्रा उपाध्याय ढुङ्गाना (पुत्री) श्री श्यामनारायण पौडेल (पुत्र)

प्रेमज्योति अनुराग अमृत पौडेल

(स्वामीजीको पाण्डुलिपिबाट साभार गरिएको)

श्रीधराचार्य स्वामीजीको पितृवंश परम्परालाई उनकै शब्दावलीमा निम्नानुसार प्रस्तुत गरिन्छ ।

यो वंशावलीको छोटो शाखा पल्लव वृक्षमा ।
संलग्न गरिने आशा लिंदै श्रीधर आज म ॥
हाम्रा पूर्वजको लेख अनुसारी परम्परा ।
जे जति प्राप्त छ आज गरिदिन्छु समर्पण ।
अरू प्राप्त होला भन्ने आशा राखी परिश्रम ।
गर्नेछु बन्धु हो धेरै अरू वंश प्रकाशमा ॥ (स्वामीजीको पाण्डुलिपिबाट साभार गरिएको)

## २.३ पारिवारिक पृष्ठभूमि

श्रीधराचार्य स्वामीजीका पुर्खाहरू पहिलेदेखि नै उच्चकुलीन ब्राह्मण परिवारका भएकाले धर्मकर्म सामाजिक साँस्कृतिक परम्परा कुलवृत्ति र आदर्शका हिमायती भएको बुझिन्छ । जमाना र वातावरण अनुरूपको शिक्षा लिनुपर्दछ भन्ने परम्पराको नै मान्यता भएको पाइन्छ । 'उनका प्रपितामह श्रीमणिकण्ठ उपाध्याय पौडेल नाम चलेका पंडित र

समाजसेवी भएको कुरा पहिले नै चर्चा गरिसकिएको छ । उनका पितामह भगीरथ उपाध्याय पौडेल बाग्लुङ्गका पण्डितहरूमा अग्रगण्य र ज्योतिष शास्त्रमा लब्धप्रतिष्ठित व्यक्तित्व मानिन्छन् । पिता भूमिश्वर पौडेल आँटिला, न्यायकर्ता, दयालु र साहसी स्वभावका भएका हुनाले सामाजिक कार्यमा पनि विशेष चासो राखेको पाइन्छ । उनको विवाह खगेश्वरीका साथ वैदिक विधिले सुसम्पन्न भएको हो । स्वामीजीकी माता सरल र मिजासी स्वभावकी हुनाका साथै पूजा पाठ, दान धर्म, सासु ससुरा र पतिको सेवा तथा सत्कारलाई उनले आफ्नो आदर्श र कर्तव्य ठानेको बुझिन्छ' (शिष्य नन्दलाल सापकोटासँगको अन्तर्वार्ता अनुसार) । उनका माता पिताले आफ्ना सन्तानलाई वंशानुक्रमबाट चलिआएको रीतिरिवाज चालचलन र कुलधर्म परम्परालाई पालन गर्नुपर्दछ भन्ने शिक्षा दिने गरेका हुन् । 'भूमिश्वर र उनकी धर्मपत्नी खगेश्वरीबाट चार छोरा र दुई छोरीको जन्म भएको हो । यी मध्ये जेठा दण्डपाणिको वि.सं. १९८८ वैशाख १३ गते (इ.सं. २५-०४-१९३१) मा जन्म भएको हो । माहिला पुत्र कलाधरको वि.सं. १९९० असार ९ गते -इ.सं. २२-०६-१९३३ मा जन्म भएको हो । साहिला पुत्र दुर्गादत्तको १९९४ श्रावण १३ गते - इ.सं. २८-०७-१९३७ मा भएको हो । यसै गरी जेष्ठा सुपुत्रीको जन्म वि.सं. २००२ इ.सं. १९४५ मा भएको हो भने कान्छी छोरी लक्ष्मीको जन्म २००८ श्रावणमा भएको हो' (साहिंला दाजुका पुत्र वासुदेव पौडेलसँगको अन्तर्वार्ता अनुसार) । जेठी छोरीको विवाह म्याग्दी सानालेखमा भएको हो भने कान्छी छोरी लक्ष्मीको धाइरिङ पर्वतमा विवाह भएको हो, जो सानैमा नै बालविधवा भएकी हुन् । उनी २०४४ सालमा स्वामीजीकै प्रेरणाबाट नवनिर्मित श्रीरङ्गवेंकटेश मन्दिरको सेवामा आजीवन समर्पित भएकी हुन् । यसरी भूमिश्वरले आफ्ना सन्तानप्रतिको उत्तरदायित्व पूरा गर्नुलाई आफ्नो कर्तव्य सम्झेको बुझिन्छ ।

सामाजिक आर्थिक एवं धार्मिक दृष्टिले राम्रै परिवारमा जन्मेकाले उनको भावी जीवनको रूपरेखा त्यही अनुसार कोरिएको देखिन्छ । त्यसैले उनका सँस्कार कर्म, अक्षरारम्भ, दीक्षा आदि वैदिक हिन्दु परम्परा अनुरूप यथा समयमा भएको बुझिन्छ । 'उनका पिता भूमिश्वरले कर्मकाण्ड, ज्योतिष तथा कृषि, पशुपालन आदि पैतृक व्यवसायलाई नै अँगाल्न पुग्दछन् । भूमिश्वरले पैतृक सम्पत्तिमा थपथाप गरी आर्थिक अवस्था दरिलो बनाएको बुझिन्छ । पिताश्रीको समाजसेवी र परोपकारी व्यक्तित्वको छाप परेकाले र भगवद् कृपाले उनी पनि समाजसेवी, साहित्यसाधक,

राष्ट्रप्रेमी, धीर, कुशल, गम्भीर उच्च धार्मिक व्यक्तित्वको रूपमा चिनिन पुगेका हुन्' (शिष्य उपेन्द्र पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार) ।

यस प्रकार स्वामीजीको पारिवारिक पृष्ठभूमिलाई नियाल्दा परम्परित धार्मिक सामाजिक आदर्शका आडमा रहेको देखिन्छ । पिता पुर्खादेखिकै सन्तुलित मध्यम वर्गीय पारिवारिक वातावरणले ठूला सन्त आचार्यहरूको संगतले र शास्त्रीय परिपाक ज्ञानले उनलाई आजको यस स्थितिमा आइपुग्न सजिलो भएको हो । साथै उनमा पिताको महफ्वाकांक्षी प्रवृत्ति र आँटिलो स्वभाव अनि माताको आदर्श र उदार व्यक्तित्वको छाप सानैदेखि पर्दै आएको देखिन्छ ।

## २.४ बाल्यकाल

उनको जन्म उनका पिता ३५ वर्षका हुँदा भएको हो । उनको बाल्यकाल मातापिताको मायाममताका साथ कुँडुले फेदीकै डाँडाकाँडा, पाखापखेरा, चौर र गण्डकीको पावनतट लगायत उकाली ओरालीमा साथिसंगीका बीच व्यतीत भएको हो । उनी ४ वर्षको उमेरबाटै पाखा चौरहरूमा गौचरणमा संलग्न भएको पाइन्छ । त्यतिबेलाबाट नै श्रीनारायणका चरणमा पावन भक्तिको अंकुरारोपण भएको हो । 'गाई चराउन जाँदा फेदीको भीर पाखामा शालिग्राम मिल्ने हुनाले कुलीन संस्कार पाएका उनले शालिग्राम जम्मा पारेर पातको टपरी गाँसेर टपरीमा दुध दुहेर शालिग्रामलाई स्नान गराई सबै साथीहरूलाई तीर्थ पञ्चामृत वितरण गरी बनका कन्दमूल, फलहरू भगवानलाई भोग लगाएर प्रसाद समेत साथीहरूलाई खुवाउँदै स्वयं पनि ग्रहण गरेर आनन्द पूर्वक बाल्यकाल व्यतीत गरेका हुन् । मातापिताको कान्छो छोरो हुनाले निकै स्नेह प्राप्त गरी हजुरआमाको पनि प्यारो नातिको पंक्तिमा मानिएको बुझिन्छ । अझ परिवारका सदस्यहरूका मात्र नभएर छरछिमेकका पनि प्रिय पात्र भएको उनका दामलीहरू बताउँछन्' (शिष्य नन्दलाल सापकोटासँगको अन्तर्वार्ता अनुसार) ।

गौचरण गर्दा घरमा मातापिताबाट सुनेका कथा र भजनहरू आफू अग्लो ढुङ्गामा बसेर अरू साथीहरूलाई तल राखेर कथा सुनाएको र भजन गरेको प्रसङ्ग अहिले पनि गाँउमा सुन्न पाइन्छ । उनले बाल्यकामा बालसुलभ खेलहरूमा पनि भाग लिने र त्यस्ता खेलहरूको नेतृत्व स्वयंले गर्ने गरेको पाइन्छ । यसरी अध्ययनका लागि घरबाहिर जानुपूर्व उनको बाल्यकाल सुखपूर्वक र भक्तिपूर्वक

वितेको र घरबाहिर अध्ययन गर्न हिंडेपछिको समय भने भौतिक सुख सामान्य रहेको र भक्तिमार्गमा वृद्धि भएको कुरा स्पष्ट जानाकारी पाइएको छ । समग्रमा भन्नुपर्दा अध्ययनार्थ घरबाहिर बस्दाको बाल्यकाल सामान्य दुःख र सङ्घर्षका साथ बिताउनु परे पनि घरमा रहँदाको बाल्यकाल भने सुख सन्तोष र लाडप्यारमा बितेको हो ।

## २.५ शिक्षा–दीक्षा

मानिसको जीवनमा अपरिहार्य पाटो भनेको शिक्षा र दीक्षा हो । शिक्षाले भित्र भएको ज्ञानलाई प्रस्फुटन गराई ज्ञानको उच्च स्थितिमा पुऱ्याउँछ भने दीक्षाले कुलपरम्पराको वास्तविक धर्म र जीवात्माले परमात्माप्रति गर्नुपर्ने स्वकर्तव्यको स्थायित्व पूर्वक सदाचार आदिको वृद्धि हुन्छ । यसरी श्रीधराचार्य स्वामीजीले प्राप्त गरेका शिक्षा र दीक्षाका बारेमा अलग अलग पाटाहरूका साथमा अध्ययन गरिएको छ ।

### २.५.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा

वि.सं. २००२ सालमा पिता भूमिश्वर उ. पौडेलले श्रीपञ्चमीको शुभ साइतमा आफ्नो सुपुत्रलाई आफैबाट अनौपचारिक रूपमा अक्षरारम्भ गराएका हुन् । 'एक बर्ष जति घरमै अक्षर चिनारी र अमरकोश र हितोपदेशका केही श्लोकहरू पढाएपछि पिताजीले म्याग्दी रत्नेचौरमा पं. श्रीभाष्करानन्द गिरिको घरमा नै अमरकोष र व्याकरण पढाउनको लागि खर्च सहित लगेर राख्दछन् । त्यहाँ १८ महिना जति पढाएर विधिपूर्वक व्रतबन्ध संस्कार पछि बाग्लुङ्ग बजारमा रहेको भाषापाठशालामा राखेको बुझिन्छ, जसमा रातमाटाका प्रसिद्ध पं. जगन्नाथ पौडेल अध्यापक भएको पाइन्छ । जो स्वामीजीका गायत्री गुरु पनि हुन् । उनले पढ्दा पढ्दै पाठशाला नै रातमाटामा सरेको हो । त्यहाँ रहेर उनले अमरकोश,वेद,व्याकरण, हितोपदेश आदिको अध्ययन गरेको पाइन्छ' (ऐजन) । वि.सं. २००८ मा एघार वर्षको उमेरमा नाग्लिवाङ् पर्वतमा शालिग्रामाचार्य गुरुजीको सन्निधिमा वेद, व्याकरण, अमरकोष, श्रीमद्भागवतको अध्ययनार्थ पिताजीले राखेका हुन् । 'नाग्लिवाङ्मा पढ्दा मोहदत्त सापकोटा ,नारायणदत सापकोटा, माइला कण्डेल, कान्छा कण्डेल, भारपोखे कान्छा, बालकृष्ण अधिकारी लगायत अरू साथीहरू पनि सहपाठी भएको र गुरुजीबाट विद्यार्थीलाई पाठ दिने क्रममा श्रीधरको जिज्ञासा र चतुराइँलाई देखेर श्रीधर बाबु आएपछिमात्र पाठ अगाडि बढ्छ उनी कहाँ छन् ? छिटो बोलाएर

ल्याऊ । भन्दै विद्यार्थीलाई खोज्न पठाएर श्रीधर बाबु आएपछि मात्र पाठ अघि बढेको पाइन्छ । सहपाठी मात्र नभएर अगाडिका व्याजका विद्यार्थीहरूले पनि श्रीधर विना पाठ अगाडि नबढाएको बुझिन्छ, कारण श्रीधरले अगाडिका पाठलाई पनि वहन गर्न सक्छन् भन्ने विश्वास गुरुजीमा रहेको पाइन्छ ( भान्जी ज्वाईं पद्मराम रेग्मीसँगको अन्तर्वार्ता अनुसार) ।

यसरी माता, पिता, गुरु र साथीहरूलाई पनि चतुराईं र जिज्ञासुपनले रनभुल्ल पार्दै अध्ययनको क्रममा अग्रपंक्तिमा उभिएको र आज्ञाकारी गम्भीर धीर, वीर, र सदाचारी जस्ता गुणहरूले परिपूर्ण भएको बाल्यकालमा पनि उत्तिकै पाइन्छ ।

### २.५.२ उच्चमाध्यमिक शिक्षाको अध्ययन

उनले 'वि.सं २०१५ मा पैदल यात्रा गर्दै नेपालको सिमाना सुनौली, राम जन्मभूमि अयोध्यामा पुग्दछन् । त्यहाँ श्रीरामको दिव्य दर्शन गरेर त्यहाँबाट वृन्दावन पुगेर गोपीनाथघेरामा स्थित अखिल भारतीय धार्मिक श्रीमद्भागवत महाविद्यालयका संस्थापक, कलिकालका शुकस्वरूप श्रीशुकाचार्य स्वामीजीको सन्निधिमा रहन पुग्दछन् । उनी उभय वेदान्त मर्मज्ञ, वीतराग, तपोनिष्ठ श्रीशुकाचार्य स्वामीजीसँग शरणागत (शिष्य) भएर श्रीमद्भागवत महापुराण, श्रीमद्भगवद्गीता, श्रीमद्वाल्मिकीय रामायण, श्रीमहाभारत, श्रीभाष्य, व्याकरण, संकीर्तन आदिको गहन अध्ययन गर्दै जान्छन् । त्यसका साथसाथै श्रीनिवास विद्यालयमा पूर्वमध्यमामा भर्ना भई औपचारिक शिक्षा प्रारम्भ गरी व्याकरण विषयबाट वि.सं. २०२० मा पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरेका हुन्' । (सहयात्री मुकुन्दाचार्य स्वामीजीसँगको अन्तर्वार्ता अनुसार)

'उनका आचार्यवर शुकाचार्य स्वामीजी २०२० साल आषाढ शुक्ल पञ्चमीका दिन श्रीधरको  वक्तृत्वकला, साहस, धैर्य आदि गुणहरूबाट निकै नै प्रभावित हुन्छन् । शुकाचार्य स्वामीजीले श्रीधरलाई धर्मप्रचार गर्ने साहसी, सुयोग्य शिष्य ठानेर अखिल भारतीय धार्मिक श्रीमद्भागवत महाविद्यालयबाट श्रीमद्भागवत महापुराण, श्रीमद्भगवद्गीता, श्रीमद्वाल्मिकीय रामायण, श्रीमहाभारत, श्रीवैदिक संकीर्तन आदि विषयमा व्यासपद (पौराणिक प्रमाणपत्रम्) प्रदान गरी व्यासपदबाट विभूषित गराइ उनको नाममा 'आचार्य'को उपाधि थपेर श्रीधरबाट श्रीधराचार्य

बनाएका हुन् । उनले वि.सं. २०२२ सालमा श्रीमद्बालमुकुन्द संस्कृत महाविद्यालयबाट व्याकरण विषयमा उत्तरमध्यमा उत्तीर्ण गरेका हुन् । त्यसैगरी वि.सं. २०२४ मा श्रीनिवास बोधायन रामानुज संस्कृत महाविद्यालय अयोध्याबाट व्याकरण विषयबाट शास्त्री उत्तीर्ण गरी वि.सं २०२५ मा विद्वत् कालेज अयोध्याबाट धर्मशास्त्राचार्य र २०२६ मा शांकरवेदान्तबाट आचार्य  पूरा गरेका हुन् । वि.सं. २०२७ मा साहित्यबाट आचार्य गरी वि.सं. २०२९ मा राजगोपाल संस्कृत महाविद्यालय अयोध्या र रामदेशिक संस्कृत महर्षि वैष्णवाश्रम दारागञ्ज प्रयागबाट व्याकरणबाट आचार्य गरेर पुनः वृन्दावनबाट २०३२ मा रामानुज वेदान्तबाट आचार्य पद प्राप्त गरेका हुन् । यसैगरी उनले न्याय, गूढ वेदान्तविषयहरू, दिव्य प्रबन्धहरू, कर्मकाण्ड, उपनिषद्, रामानुज साम्प्रदायिक ग्रन्थहरू क्रमशः खोर्सानाका महात्मा, श्रीअण्णङ्गराचार्य स्वामीजी, श्रीगोपालाचार्य स्वामीजी र श्रीशुकाचार्य स्वामीजीसँग रहस्यग्रन्थहरूको गूढ अध्ययन गरेका हुन् । यसरी पौराणिक प्रमाणपत्र सहित ६ विषयमा आचार्य पद प्राप्त गरे पश्चात् उनी षडाचार्य श्रीधराचार्य पदले विभूषित भएका हुन्' (शिष्य शालिग्राम सापकोटासँगको अन्तर्वार्ता अनुसार) ।

## २.६ संस्कार कर्महरू

श्रीधराचार्य स्वामीजी कुलीन र आदर्श परिवारमा जन्मेका र हुर्केका हुदाँ हिन्दु धर्मशास्त्र अनुसार संस्कार कर्महरू यथा समयमा हुँदै आएका हुन् । यहाँ मूलरूपमा उनका चूडोपनयन, विवाह, पञ्चसंस्कार (शरणागति) वानप्रस्थ र सन्यास जस्ता प्रमुख संस्कार कर्मको अध्ययन गरिएको छ ।

### २.६.१ चूडोपनयन

सनातन हिन्दुधर्मका आदर्श धर्मग्रन्थहरूले विभिन्न जात जातिको चूडोपनयन गर्ने वर्ष, समयको निर्धारण गरेका छन् । स्वामीजीको चूडोपनयन कर्म हिन्दू धर्मको मान्यता अनुरूप वि.सं. २००५ मा आठ वर्षको उमेरमा भएको हो । उनले गायत्री मन्त्र रातामाटाका जगन्नाथ पौडेल बाट ग्रहण गरेका हुन् । उनको चूडोपनयन कर्म वैदिक परम्परा अनुरूप भएको हो । जसलाई द्विज संस्कार पनि भनिन्छ । दुई पटक जन्मनेलाई  द्विज भनिन्छ । एक पटक आमाको गर्भबाट र अर्को पटक गुरुद्वारा मन्त्रबलले जन्मन्छ । यसरी उनको द्विज संस्कार सम्पन्न भएको हो ।

## २.६.२ विवाह

विवाह पारिवारिक जीवनका लागि अपरिहार्य सम्बन्ध हो र यसैबाट मानिसको सांसारिक सृष्टि प्रारम्भ हुन्छ । 'वि.सं. २०१० मा वान्द्रेमा मुकुन्दाचार्यले श्रीमद्भागवत महापुराणको कथा भनिरहेकै बेला मुकुन्द रेग्मी त्यहाँबाट विशेष कारणवश हिडेपछि व्यासको पदपूर्ति कसद्वारा गर्ने भन्ने विचार विमर्श हुँदा नाग्लिवाङ्बाट फेदीका पं. श्रीधरलाई ल्याउनुपर्छ भन्ने माग भएपछि पं. श्रीधरजी आएर वाचकत्व स्वीकार गरी ओजस्वी सारगर्भित कथा प्रवचनबाट सबैलाई आकर्षित गरेका हुन् । उनको कथा प्रवचनबाट सारा गाउँ नै प्रभावित हुन्छ । श्रीधर पण्डितले त १२ वर्षमा नै श्रीमद्भागवतको प्रवचन गर्दै छन् भन्ने थाहा पाए पछि सारा मालिका गा.वि.स. एक कान दुई कान गर्दै मैदान नै हुन पुग्छ (शिष्य नन्दलाल सापकोटासँगको अन्तर्वार्ता अनुसार) । 'भान्सा निवासी लक्ष्मीपति आचार्य विशेष रूपले प्रभावित हुन्छन् । उनले पण्डित श्रीधरसँग आफ्नी भागवती छोरीको विवाह गर्ने निश्चय गर्दछन् । यता पं. भूमिश्वर पौडेलले पनि श्रीशालग्रामाचार्य स्वामीज्यूको आज्ञा लिएर कान्छा छोरा पं. श्रीधरको विवाह गर्न निश्चय गर्दछन् । यता श्रीधरले पनि पिताको आज्ञा र गुरुआज्ञालाई शिरोधार्य गर्दै र एक आश्रमबाट अर्को आश्रममा जाने शास्त्रीय नियमलाई पनि पालना गर्दै कुँडुले फेदीबाट पं. श्रीधरको भजन कीर्तनका साथ वरियात निस्कन्छ । पञ्चेवाजाको सट्टा भजनकीर्तनका साथ लक्ष्मीपतिले वरियात भित्र्याउँछन् । वैदिक विधिअनुसार लक्ष्मीपति आचार्य र उनकी धर्मपत्नी मनरूपा आचार्यकी सुपुत्री भागवती देवीका साथ विवाह सम्पन्न भएको हो । विवाहमण्डपमा विवाह गराउन पुरोहितले अशुद्ध मन्त्र बोलेको सुनेर दुलाहा श्रीधरले आफै मन्त्रोच्चारण गरेको देखेर पुरोहित लगायत अरू दर्शकवृन्दहरू पनि छक्क पर्छन् । भागवती भूमिश्वरकी पुत्रवधु र श्रीधराचार्यकी धर्मपत्नी भएर सो घरमा प्रवेश गरेकी हुन्' (ऐजन) । यसरी १२ वर्षको उमेरमा वैदिक विधिद्वारा छोराको विवाह गरिदिएर पिता भूमिश्वर उपाध्याय पौडेलले ऋणत्रयी मध्ये पुत्रऋृण वा पितृऋृणबाट मुक्त भएको अनुभव गर्छन् । उनको जीवन सुखमय पूर्वक नै बितेको हो । यदाकदा उतारचढाव हुनु प्रकृतिको स्वाभाविक लक्षण हो ।

### २.६.३ पञ्चसंकार (शरणागति)

वैष्णव धर्ममा विशेष रूपले पाँच संस्कार हुन्छन् । भगवान्का असाधारण आयुध शंख र चक्र प्रदान, त्यसैगरी ऊर्ध्वगतिको सूचक ठाडो तिलक तथा भगवानसँग सम्बन्ध जोडिएको नाम साथै रहस्यत्रय मन्त्र प्रदान र याग यीनै चार कर्म गर्न गरिने यज्ञ वा विशेष साष्टङ्ग प्रणाम यीनै पाँच अङ्ग पूरा हुनुलाई पञ्चसंस्कार सम्पन्न भन्ने गरेको शास्त्रमा उल्लेख छ । '२०१६ मा पराङ्कुशाचार्य, श्रीधराचार्य र मुकुन्दाचार्य भएर शरणगतिको बारेमा विचार विमर्श गर्दागर्दै श्रीधराचार्य स्वामीजीले अझै विशेष जान्न र बुझ्न चाहेपछि गोपीनाथ घेरा वृन्दावनमा शुकाचार्य स्वामीजीसँग भेट वार्ता गराएपछि विचारविमर्श गर्दा पञ्चसंकार सम्पन्न हुनैपर्ने र यदि कथञ्चित हुन नसकेमा जीवात्माको उद्धार असम्भव निश्चित भएपछि श्रीशुकाचार्य स्वामीजीसँग विधिविधान पूर्वक पञ्चसंस्कार सम्पन्न भएर आफ्नो जीवनको पूर्ण भार श्रीनारायण भगवानमा अपर्ण गरेर भक्तिमार्गलाई मल जल सहित हराभरा बनाएर श्रीधर स्वामीजी अध्ययनमा लागेको देखिन्छ' (उनका आचार्य शठकोप यतिराज रामानुज जीयर स्वामीजीसँगको अन्तर्वार्ता अनुसार) ।

### २.६.४ वानप्रस्थाश्रम प्रवेश

गृहस्थ आश्रमलाई पूर्ण गरेर तेस्रो आश्रम वन जङ्गल अथवा घरमै रहेर पनि मनलाई विषय वासनादेखि टाढा राख्नु नै वानप्रस्थ आश्रममा जानु हो । उनले 'वि.स. २०४८मा ५१ वर्षको उमेरमा गलेश्वरमा श्रीमद्भागवत महापुराणको भागिनेयद्वय गोविन्दाचार्यले प्रमुखवाचकत्व र कृष्ण प्रसाद शर्मा सापकोटाले पाठ ( पारायण) आयोजना गरेर सांसारिक भौतिक सुखदेखि विरक्त बन्दै विधिवत् तेस्रो आश्रम वानप्रस्थाश्रम ग्रहण गरेर यो शरीरलाई साहित्य साधन तथा भगवत्सेवामा अर्पण गरेका हुन्' (शिष्य तथा भागिनेय गोविन्दाचार्यसँगको अन्तर्वार्ता अनुसार) । यसरी उनलाई संसारको माया, ममता, स्नेह, पुत्रैषणा, वित्तैषणा, स्त्रीत्वैषणा आदिले बन्धन बनाउन सकेनन् र पारमार्थिक मार्ग प्रशस्त खुल्न पुग्दछ ।

### २.६.५ सन्यासाश्रम ग्रहण

यो संसारको बन्धन,माया ममताको हातकडी उनलाई विषभन्दा पनि उग्र बनेर अन्तस्करणलाई जलाउन थाल्दछ । उनले '२०५२ जेष्ठ २८ गते बाग्लुङ्ग जिल्लाको पञ्चासेमा गई विधिपूर्वक शठकोप यतिराज रामानुज जीयर ( पराङ्कुशाचार्य) स्वामीजीबाट सन्यास आश्रम ग्रहण गरेर संसारको बन्धनलाई विष झैं त्याग गरी त्रिदण्ड धारण, शिखा, सूत्र कौपीनयुक्त वैष्णवाचार्य, उभयवेदान्त मर्मज्ञ अनन्त श्रीविभूषित श्रीनिवास मुक्तिनारायण रामानुज जीयर (श्रीधराचार्य) नामले प्रख्यात भएका हुन् । उनले गलेश्वर, फेदी र गण्डकीको तट श्रीलक्ष्मीनृसिंह गुफामा रहेर महान साहित्यिक साधना र पारमार्थिक साधना गरेर आचार्य सन्निधि प्राप्त गरेका हुन्' (सहयात्री स्वामी मुकुन्दाचार्यसँगको अन्तर्वार्ता अनुसार) ।

## २.७ कर्मक्षेत्रमा प्रवेश र सेवा

श्रीधराचार्य स्वामीजीले २०३२ सालमा औपचारिक अध्ययन पश्चात् वृन्दावन भारतबाट नेपाल फर्कन्छन् । 'उनले वैष्णव धर्मको प्रचार गर्ने, संस्कृत शिक्षाको संरक्षण र संवर्द्धन गर्दै सुयोग्य शिष्यहरू उत्पादन गर्ने, नेपालका अज्ञ अनजान भक्तहरूलाई वास्तविक मानव जीवनको सारतफ्वको मार्मिक उपदेशबाट आस्तिक र धार्मिक बनाउने, मुक्तिनाथ दर्शन गर्ने तीर्थयात्रीहरूलाई भोजन आवासको प्रबन्ध मिलाउने र अद्वितीय मुक्तिक्षेत्रलाई वास्तविक धार्मिक मुक्तिक्षेत्रमा परिणत गर्ने, त्यहाँ भएका विकृति, विसङ्गति जस्तै मद्यपान, धूम्रपान, मांसाहार आदि विकृतिलाई सत्संगबाट निर्मूल पार्दै दानवत्व भावनालाई मानवत्व भावनामा परिणत गरी वास्तविक मुक्तिक्षेत्र, धार्मिक क्षेत्र निर्माण गर्ने अठोट लिएर नेपाल भित्रिएका हुन् ।' (भान्जी ज्वाईं पद्मराम रेग्मीसँगको अन्तर्वार्ता अनुसार) ।

यसरी उनका तीर्थयात्रा, सनातन श्रीवैष्णव धर्मको प्रचारप्रसार, कथा प्रवचन, मन्दिर निर्माण वेदविद्याश्रम, विद्यालय निर्माण, अन्नदानक्षेत्र सञ्चालन आदि कर्म क्षेत्र र समाज सेवाको अध्ययन गरिएको छ ।

### २.७.१ कथा प्रवचन र सत्संग

स्वामीजीले वि.सं. २०१० मा १२ वर्षको उमेरमा गुरुकूल नाग्लिवाङ्गमा शालिग्रामचार्य गुरुसँग पढ्दापढ्दै बान्द्रेमा पहिलो पटक श्रीमद्भागवत महापुराणको

सरस कथा प्रवचनबाट सबै भक्तलाई आश्चर्यचकित बनाएको पाइन्छ । 'वि.सं. २०१२ मा बाग्लुङ्ग विहुँमा उनले आफ्ना गुरुजी शालिग्रामचार्यसँग पुरुषोत्तम मास (भदौ) मा एक महिना सम्म गुरुकै सन्निधिमा गुरुकै आज्ञाद्वारा पुरुषोत्तम माहात्म्यको मार्मिक सारगर्भित कथा प्रवचन गरेका हुन' (स्वामी जगन्नाथाचार्य कण्डेल सँगको मौखिक अर्न्तवार्ता अनुसार) । 'वि.सं. २०१३-१४ मा पनि दमेक, धम्जा, विहुँ, नाग्लिवाङ्ग आदि ठाँउमा आफ्ना गुरुसँग सत्संग र कथा प्रवचन गर्दै अध्ययन गरेका हुन्' (शिष्य नन्दलाल सापकोटासँगको अन्तर्वार्ता अनुसार) । 'वि.सं. २०१६-२० सम्म वृन्दावन आफ्ना आचार्य शुकाचार्यको सन्निधिमा रहँदा पनि भारतमा धेरै ठाउँमा आचार्यका आज्ञाद्वारा हिन्दीमा सत्संग र कथा प्रवचन गरेका हुन्' (सहयात्री स्वामी मुकुन्दाचार्यसँगको अन्तर्वार्ता अनुसार) । 'वि.सं. २०२० मा अयोध्यामा सानीआमाको तर्फबाट नेपाली मन्दिर विभीषण कुण्डमा विना दक्षिणाको श्रीमद्भागवत कथा प्रवचन गरेर सरल, सदाचारी, उदार, निर्लोभ आदि गुणको परिचय दिएपछि अयोध्यायमा ९-१० पटक श्रीमद्भागवतको कथा प्रचवन भएको र अथाह ज्ञान वितरण गरेका हुन्' (अयोध्या निवासी चतुर्भुज अधिकारीसँगको अन्तर्वार्ता अनुसार) । वि.सं. २०२१-३० सम्म अध्ययनका लागि भारतमा रहे पनि पटक-पटक नेपाल आएर श्रीमद्भागवत, श्रीमद्वाल्मिकीय रामायण, श्री विष्णुपुराण आदि ग्रन्थहरूको सारगर्भित कथा प्रवचन गरेको र भारतमै पनि विभिन्न स्थानमा हिन्दीमा प्रवचन गरेको पाइन्छ । 'वि.सं. २०३२ मा चितवन लङ्कुमा शालिग्राम सापकोटाको घरमा १००० भन्दा बढी श्रोताको माझमा भव्य श्रीमद्भागवत महापुराणको मार्मिक कथा प्रवचन गरेका हुन्' (शिष्य शालग्राम सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार) । उनले वि.सं. २०३२-४२ सम्म नेपालका धेरै ठाउँमा सयौं श्रीमद्भागवत महापुराणको कथा प्रवचनद्वारा भक्तहरूलाई भगवान नारायणको शरणमा पुऱ्याएको पाइन्छ । साथै २०४२ मा वाग्लुङ्ग कुँडुले फेदीमा विशाल महायज्ञ सम्पादन गरी कथा प्रवचन गरेका हुन् । यसैगरी उनले २०४३-२०५५ सम्म अनेक ठाउँमा गई कथा, प्रवचन, सत्संग आदि कार्यक्रमहरू गरेर जीवन व्यतीत गरेका हुन् ।

### २.७.२ महायज्ञ सम्पादन र वेदविद्याश्रम निर्माण

वि.सं. २०३७ मा श्रीधराचार्य स्वामीजीकै प्रमुख नेतृत्वमा गैंडाकोट जजुआ मा यज्ञ सम्पादन गरी श्रीमद्रामानुज वेद विद्याश्रमको स्थापना भएको हो । यसैगरी 'वि.सं. २०४० मा सोही ठाउँमा उनकै संयोजकत्वमा २४ कुण्डात्मक गायत्री महायज्ञ सम्पादन गरेर वेदविद्याश्रमलाई मजबुत् बनाउने काम भएको हो । यसैगरी उनकै जन्मस्थान कुँडुले फेदीमा अठार पुराण पाठपारायण सहित धनधान्याचल महायज्ञ सम्पादन गरेर श्रीमुक्तिनाथ वेद विद्याश्रमको स्थापना उनैबाट सम्पन्न भएको हो' ( ऐजन) । उनैबाट २०४३ मंसिरमा गलेश्वर म्याग्दीमा महायज्ञ सम्पादन गरी वचतकोषबाट श्री शालग्राम गण्डकी वेद विद्याश्रमको स्थापना र सञ्चालन कार्य सम्पन्न भएको हो । उनले '२०४३ माघ महिनामा तिलकाना वर्दियामा (कृष्णसार क्षेत्र र साकेत भूमि) मा सप्ताहव्यापी श्रीमद्भागवत ज्ञान महायज्ञ गरी भगवति सं.मा.वि. को स्थापना भएका हुन् । उनले लगातार २०५० सम्म ८ ओटा यज्ञ गर्दै वचत रकम सं.मा.वि. लाई प्रदान गरी त्यो क्षेत्रमा भक्त समाजको ठूलो उपकार गर्न पुग्छन् र त्यही ठाउँमा १० विगाहा जम्मा निकासा गरेर मन्दिर समेत निर्माण गरेका हुन्' (दामली लक्ष्मीप्रपन्न रेग्मीसँगको मौखिक अन्तर्वार्ता अनुसार) । 'पुनः २०४४ मा कुँडुले फेदी बाग्लुङ्गमा फागुन १० गते देखि १७ गते सम्म विश्वशान्ति भगवत्प्राणप्रतिष्ठा, अष्टोत्तरशत सप्ताह, अष्टलक्ष हवन, धान्याधिवासार्थ धान्याचल एवं वैदिक धर्म सम्मेलन आदि कार्यक्रम उनकै अध्यक्षतामा सम्पन्न भएको हो । २०४६ मा उनकै मुख्य नेतृत्वमा त्रिवेणीधाम नवलपरासीमा श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ सम्पन्न भएको हो । 'वि.सं. २०५२ मा गलेश्वर म्याग्दीमा मन्दिर निर्माण गरी महायज्ञ सम्पादन गरेर भगवानको प्राणप्रतिष्ठा समेत सम्पन्न भएको हो' (प्रमुख शिष्य स्वामी कमलनयनाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) । 'वि.सं. २०५३ मा घारखोलामा स्वाचार्य श्रीशठकोप यतिराज रामानुज जीयर स्वामीजीको प्रमुख आचार्यत्व र नारायणाचार्यको उपवाचकत्व र स्वयं श्रीधराचार्य स्वामीजीको नेतृत्वमा धनधान्याचल श्रीमद्भागवत महायज्ञ सम्पन्न भएको हो' (स्नेही स्वामी नारायणाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) । वि.सं. २०५४ मा उनले आफ्नै शिष्यरत्न कमलनयनाचार्यलाई नवरात्रमा १०८ भागवत, अठार पुराण पाठ पारायण सहित मुक्तिनाथ महोत्सव सम्पादन गर्न आज्ञा दिएका हुन् । वि.सं. २०५५ सालको

पितृपक्षमा ५४-५४ गरी श्रीमुक्तिनाथ वेदविद्याश्रम कुँडुले फेदीमा विशाल पितृउद्धारक १०८ श्रीमद्भागवत ज्ञान महायज्ञ सम्पादन गरी यज्ञशेष वेदविद्याश्रम सञ्चालनार्थ लगाएका हुन् ।

यसरी उनले २ दशक जति समय लोक कल्याणार्थ कार्यक्रमहरू सम्पन्न गर्दै वैदिक सनातन धर्मको विकासार्थ वेदविद्याश्रमहरू स्थापना गर्दै जीवन व्यतीत गरेको पाइन्छ ।

### २.७.३ मन्दिर निर्माण र भगवत्प्रतिष्ठा

'वि.सं. २०३१ मा शठकोप यतिराज रामानुज जीयर स्वामीजी र श्रीधराचार्य स्वामीजीको सङ्कल्प र लङ्कुका भक्तहरूको तीव्र इच्छाले मन्दिर निर्माण गरी स्वामीजीद्वयबाट श्री वैकुण्ठनाथ मन्दिरको प्राणप्रतिष्ठा सम्पन्न भएको हो । यसैगरी २०३२ मा पर्वत पाङ्ग कुनाचौरमा श्रीधराचार्य स्वामीजीको आचार्यत्वमा श्रीलक्ष्मीनारायण भगवानको प्राणप्रतिष्ठा सम्पन्न भएको हो' (स्नेही स्वामी जगन्नाथाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) । 'वि.सं. २०३९ वैशाखमा धनगढीमा श्रीमुक्तिनारायणाचार्य स्वामीजीको सन्निधिमा उनकै आचार्यत्वमा श्रीलक्ष्मीनारायण भगवानको प्राणप्रतिष्ठा सम्पन्न भएको हो । २०३९ मै स्वर्गद्वार अयोध्यामा श्रीदेवनायकाचार्यको सन्निधिमा उनकै आचार्यत्वमा श्रीदेवी भूदेवी सहित श्रीवेङ्केटश भगवानको प्राणप्रतिष्ठा सम्पन्न भएको हो । यसैगरी २०३९ मै नैमिषारण्य क्षेत्र भारतमा पनि स्वामीजीकै आचार्यत्वमा श्रीवेङ्कटेश भगवानको प्राणप्रतिष्ठा सम्पन्न भएको हो' (स्नेही स्वामी श्रीकृष्णमाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) । २०४० मा उनकै जन्मस्थान फेदीमा शिवालय मन्दिर निर्माण र प्राणप्रतिष्ठा उनको आचार्यत्वमा सम्पन्न भएको हो । वि.सं. २०४२ माघमा पर्वत पाङ सहस्रधारामा शठकोप यतिराज रामानुज जीयर स्वामीजीबाट निर्मित मन्दिरमा श्रीधराचार्य स्वामीजीकै आचार्यत्वमा श्री मुक्तिनारायण वैकुण्ठनाथ मन्दिरको प्राणप्रतिष्ठा सम्पन्न भएको हो । यसैगरी २०४३ रामनवमीमा पर्वत भद्राचल ( भोटेडाँडा) मल्लाजमा हरिप्रिया आमाको पूर्ण सहयोगमा स्वामीजीको नेतृत्व र आचार्यत्वमा श्रीवेङ्कटेश (तिरूपति बालाजी) भगवान्‌को प्राणप्रतिष्ठा सम्पन्न भएको हो । पुनः वि.सं. २०४४ फाल्गुणको तिष्य नक्षत्रमा श्रीस्वामीजीकै जन्मस्थान कुँडुले फेदीमा आफ्नै नेतृत्व र आचार्यत्वमा श्रीरङ्गवेङ्कटेश मुक्तिनारायण मन्दिरको प्राणप्रतिष्ठा सम्पन्न भएको हो । 'उनलाई वृन्दावन विहारीलालले स्वप्नमा प्रत्यक्ष दर्शन

दिएर "म यो चक्रशिलामा सदाका लागि रहन र भक्तहरूलाई दर्शन दिन चाहन्छु" यस्तो स्वप्न देखेपछि स्वप्नलाई साकार गर्न स्वप्नको निर्देशन अनुसार परिश्रमपूर्वक गण्डकीका पत्थरहरूले मन्दिर निर्माण गर्दछन् ।' (मुक्तिक्षेत्र माहात्म्य पृ.१७१ दसौं संस्करण) उनले वि.सं. २०५२ फाल्गुण मृगशिरा नक्षत्रमा श्रीशठकोप यतिराज जीयर स्वामीजीको सत्सान्निध्यमा उनकै आचार्यत्वमा श्रीमुक्तिहरि राधाकृष्ण भगवान्को प्राणप्रतिष्ठा सम्पन्न गरेका हुन् ।

यसरी सनातन वैदिक हिन्दू धर्मलाई अगाडि बढाउन श्रीधराचार्य स्वामीजीले अनेक मठमन्दिर निर्माण र भगवत प्राणप्रतिष्ठा आदि धार्मिक कार्यहरू गरेर नै आफ्नो जीवनको परमलक्ष्यलाई स्वीकार गरेका हुन् ।

### २.७.४ धर्मशाला निर्माण र अन्नदान क्षेत्र सञ्चालन

अध्ययन कालमा स्वयं उनले अनेक तीर्थयात्रा गर्दा त्यस क्षणका कष्ट, चुनौती, सामना आदिलाई चिन्तन गर्दै अध्ययन पश्चात् कतैबाट सहयोग मिले राम्रै हुनेछ, नत्र भने निजी सम्पत्ति लगाएर भए पनि मुक्तिक्षेत्र र दामोदरकुण्ड दर्शन गर्न जाने तीर्थयात्री, सन्त, महन्त, साधु सज्जनहरूले अनुभव गरेको कष्ट निवारण गर्नेछु भन्ने यस्तो पवित्र सङ्कल्प लिएर नेपाल भित्रिएका हुन् । '२०४३ देखि गलेश्वरमा धर्मशाला निर्माण गर्दै जाँदा महाराष्ट्रीय मारवाडी समाजका ब्राह्मण रामचन्द्र डोंगेरे बाबाको ट्रष्ट मार्फत रामजीलाल गोयलको विशेष सहयोगमा २०४६ मा श्री मुक्तिनाथ सन्त सेवाश्रम (श्री रामानुज मठ) नामक धर्मशाला निर्माण गरी तीर्थयात्रीहरूलाई भोजन, भाँडा, वस्त्र कम्बलादि, आवास आदि सबैको प्रबन्ध गरी पूर्ण रूपले सेवामा समर्पित भएका हुन्' (शिष्य शालिग्राम सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार) । 'उनले राम्रो तीर्थ यात्रीको सेवा गर्ने व्यक्तिको खोजमा रहँदै गर्दा वृन्दावन गएको बेलामा त्यहाँबाट दाताराम (दामोदर) भण्डारीलाई नेपाल ल्याएर ३ वर्षसम्म विद्यार्थी र तीर्थयात्रीहरूलाई मुष्टिदान उठाउने सेवामा सम्बद्ध गराएका हुन् । दामोदरको सेवाबाट प्रसन्न भई उनले २०५० मा पूर्ण रूपले तीर्थयात्रीको भरपूर सेवा गर्न सम्मानपूर्वक च्यादर ओढाएर मुक्तिनाथ र दामोदर कुण्डका दर्शनार्थीहरूको सेवा गर्न प्रवृत्त गराएका हुन्' (सेवक दाताराम भण्डारीसँगको मौखिक अन्तर्वार्ता अनुसार) । उनले 'वि.सं. २०४९-५० मा उपेन्द्र पौडेल र डमरबहादुरलाई आज्ञा दिएर घारखोलामा विशेष रूपले अन्नदान क्षेत्र

सञ्चालन गरेका हुन् । २०५३ को धान्याचल महायज्ञको शेष आर्थिक रकमले अन्नदान क्षेत्रमा धेरै सहयोग पुगेको हो' । (शिष्य उपेन्द्र पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार) 'उनले २०५४ मा शालिग्राम सापकोटालाई रामजीलाल गोयलको पूर्ण आर्थिक सहयोगमा घरखोला राममन्दिरमा भव्य तीर्थयात्रीको लागि धर्मशाला निर्माण गराएर सहज रूपले तीर्थयात्रीको सेवा गरेका हुन्' । (शिष्य शालिग्राम सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार)

यसरी श्रीधराचार्य स्वामीजीले तीर्थयात्रीहरूको कष्टलाई अनुभव गर्दै गलेश्वर म्याग्दी, धारखोला म्याग्दी, जोमसोम गणेश मन्दिर मुस्ताङ र मुक्तिनाथ रानीपौवामा अन्नदान क्षेत्र सञ्चालन गरेर नेपाल भारत लगायत अन्य देशका तीर्थयात्री, सन्त, सज्जनहरूको अन्तःकरणबाट भरपुर सेवा गरेका हुन् ।

### २.७.५ वैदिक विद्वत् सम्मेलन

सनातन वैदिक धर्ममा भएका विकृतिहरूलाई निवारण गर्न र हिन्दू धर्मलाई एकढिकामा गराउनका निमित्त श्रीधराचार्य स्वामीजीले समय समयमा वैदिक धर्म सम्मेलनहरू गरेर सबैलाई एउटै सूत्रमा बाध्ने प्रयास गरेका हुन् ।

'उनले वि.सं. २०३३ मा पाङ्गपर्वतमा विद्वत् सम्मेलन गर्ने क्रममा नेपालका धेरै विद्वान्हरूलाई त्यस ठाउँमा जम्मा गरेर शास्त्रार्थ गरी सनातन वैदिक श्रीवैष्णव धर्म नै सर्वश्रेष्ठ भएको शास्त्रीय प्रमाण पेश गरेर उनी विजयी भएका हुन्' (स्वामी मुकुन्दाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) । 'यसैगरी २०३४ तिर जनकपुरमा नेपालमै प्रथमपटक श्रीवैष्णव सम्मेलन गरी सहभागी आचार्य, सबै विद्वान् गुरुहरूसँग शास्त्रार्थमा परतफ्व निर्णय सम्बन्धी विचार विमर्श गर्दा उनले राम्रा शास्त्रीय प्रमाणहरू प्रस्तुत गरेर यहाँ पनि उनी नै विजय भएका हुन् । र २०३५ मा लङ्कु चितवनमा स्वामीजीकै अध्यक्षतामा श्रीवैष्णव धर्म सम्मेलन गरेर पाखण्ड अधर्मलाई पराजय गरेका हुन्' (शिष्य शालिग्राम सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार) । उनले २०४३ मा गलेश्वरमा र २०४४ फागुनमा कुँडुले फेदी वाग्लुङ्गमा वैदिक धर्म सम्मेलन गरेका हुन् ।

यसरी उनले समय समयमा धर्म सम्मेलन गर्दै पाखण्डरूप अधर्ममा प्रवृत्त भएका सज्जन महानुभावहरूलाई शास्त्रीय प्रमाणद्वारा उद्धार गर्दै समाज सेवा गरेको बुझिन्छ ।

### २.७.६ शरणागति र उपदेशप्रदान

वि.सं. २००९ देखि नै आफ्ना आचार्य श्री शालिग्रामाचार्यको पुत्रवत् सेवा गर्दै अध्ययन कालदेखि नै मैले भक्तहरूलाई शरणागत गराउनु पर्छ भन्ने मनमा रहेको पाइन्छ । 'उनले वि.सं. २०२५ मा वृन्दावनबाट शरणागति गराउने र धर्मप्रचार गर्ने अधिकार प्राप्त गरेपछि नेपालमा वाग्लुङ्ग, पर्वत, म्याग्दी, चितवन आदि क्षेत्रका धेरै भक्तहरूलाई शरणागति गराएर भगवानको सेवामा प्रवृत्त गराएका हुन्' (चन्द्रदत्त रेग्मीसँगको मौखिक अन्तर्वार्ता अनुसार) । 'उनले वि.सं. २०२७ मा लङ्कु चितवनमा गएर शालिग्राम लगायत अन्य भक्तहरूलाई शरणागत गराइ दिव्य उपदेश प्रदान गरेका हुन् । वि.सं. २०३५ मा कमलनयन आचार्य, गोविन्द शर्मा शापकोटा, चक्रपाणि रेग्मी, रामु आचार्य आदि बालकहरूलाई शरणागति गराइ घरमै राखी दिव्य उपदेश सहित अध्यापन गराएको बुझिन्छ' (शिष्य शालिग्राम सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार) । यसैगरी उनले सद्गुरुको खोजीमा रहेका उपेन्द्र पौडेल लगायत अन्य धेरै भक्तहरूलाई पाङ्गपर्वतमा २०३६ मंसिर ३ मा शरणागत गराइ दिव्य आचारसंहिताको उपदेश गरेका हुन् । साथै उनले खिमलाल सापकोटा, टीकाराम सापकोटा, रङ्गराज गौतम, विष्णु गौतम, ऋृषिकेश पौडेल, श्याम शर्मा, मुक्ति पौडेल, कृष्ण शर्मा, यज्ञदत्त, हरि, देवराज, चक्रपाणि, लक्ष्मण, रामचन्द्र, केशव, तोताद्रि, भक्तिप्रसाद, धनराज, मेघराज रिजाल आदि हजारौं समाजसेवी प्रौढ, युवा तथा बालकहरूलाई श्रीवैष्णवीय दीक्षा दिई दिव्य उपदेश प्रदान गरेका हुन् । जसको फलस्वरूप स्वामीजीका सयौं शिष्यहरू उच्च पदका धर्माचार्य, धर्मप्रचारक, कथावाचक, कवि, लेकचर, गायक, प्राध्यापक, प्राचार्य, राजनीतिज्ञ आदि पदहरूलाई आपुर्ति गरिरहेका छन् ।

यसरी उनले हजारौं भक्तहरूलाई शरणागति प्रदान गरी आचारसंहिता जीवनको लक्ष्य, जीवात्माको स्वरूप, श्रीभगवान्का सौशील्य, वात्सल्य, सौहार्द आदि गुणहरूको उपदेश गरेको पाइन्छ ।

### २.७.७ तीर्थयात्रा/भ्रमण

श्रीधराचार्य स्वामीजी सानै उमेरदेखि नै भ्रमण गर्न मन पराउने व्यक्ति हुन् । 'वि.सं. २०२२ मा साथी मधुसूदनलाई साथमा लिएर उनले मुक्तिक्षेत्रको विकट कठिन यात्रा गर्दै मधुसूदनलाई मुक्तिनाथमा नै छाडि भगवच्चिन्तन गर्दै एक्लै तत्कालिन अति विकट क्षेत्र दामोदर कुण्डको यात्रामा भगवान्‌को दिव्य स्वरूपको भव्य दर्शन गरेका हुन् । यसैगरी 'वि.सं. २०२३ मा अध्ययनकै क्रममा तिरूपति यात्रा जसमा जगन्नाथपुरी, तिरूपति, कूर्माचल, विजयवाडा, सर्वत पिउने नरसिंह दर्शन, यथोक्तकारी भगवान्‌को दर्शन, लम्बेनारायण दर्शन, श्रीरङ्गम् आदि हुँदै अयोध्या प्रस्थान गरेका हुन्' । (स्वामी मधुसूदनाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) उनी वि.सं. २०३३ मा भक्तमण्डली सहित सपरिवार भएर दक्षिण यात्रा गर्दै भगवान्‌को दिव्य अनुभव गरेका हुन् । पुनः वि.सं. २०३५ मा लङ्कबाट २४ जना भक्तहरू लिएर दक्षिण यात्रा गरेको जसमा बनारस, तिरुमलै, भूतपुरी, अण्डन गद्धी दर्शन, हरिद्धार, ऋषिकेश, वृन्दावन हुँदै यात्रा पूर्ण गर्न पुग्दछन्' (श्रीधराचार्य स्वामीजीको डायरीबाट) । यसैगरी 'वि.सं. २०३७ मा शालिग्राम सापकोटालाई साथमा लिएर दक्षिण यात्रा गर्दछन् । यो यात्रा विषेश गरी मुख्य दुई लक्ष्य पुरा गर्ने उद्देश्य रहेको बुझिन्छ । उनको पहिलो लक्ष्य भगवच्चरणमा अविरल भक्तिको अभिवृद्धि गर्न भक्तका मनोभीष्ट परिपूरक तिरूपति बालाजीमा गएर विषेश प्रकारको लड्डुको भोग लगाउने कार्यक्रम हर्षका सथमा सम्पन्न भएको हो । दोस्रो लक्ष्य दक्षिण भारतका प्रायः आचार्यहरू र विद्वत्वर्गका लेख तथा रचना सङ्कलन गर्ने कार्य विशेष परिश्रमका साथ पुरा भएको हो । फर्कंदा रेलमा ५२ घण्टासम्म पानी पनि नपिएको देखेर वनारसी डाक्टर प्रभावित हुन्छन् र स्वामीजीको शरीरमा भएको टि.बी. रोग पत्ता लगाई रोग निको हुने मुख्य दुई उपाय बताउँछन् । के के त भन्दा अरूको रगत लिनुपर्ने र औषधी नियमित सेवन गर्नुपर्ने हुन्छ । यो सुनेपछि उनले बरु मर्न तयार छु तर अरूको रगत लिन चाहन्न भनि वास्तविक शास्त्रीय आचारसंहिता पूर्णतः पालन गरेको पाइन्छ' (शिष्य शालिग्राम सापकोटा सँगको मौखिक अन्तर्वार्ता अनुसार) ।

पुनः वि.सं. २०४६ मा उनले भक्तहरूलाई दिव्यदेश दर्शन गराउनका निमित्त वृन्दावन, श्रीरङ्गम् आदि धामको यात्रा गरेका हुन् । यसैगरी 'वि.सं. २०५० कार्तिकमा वृन्दावन धाम यात्रा गर्दा गोवर्द्धन पीठाधीश बालक स्वामीजीको विशेष

आग्रहमा  औषधोपचार पनि गरेको बुझिन्छ । त्यो क्रममा श्रीरङ्गमन्दिरमै रहेर उनले सत्संगकार्यक्रम (कालक्षेप) लाई नै निरन्तरता दिएर उपचारलाई गौण रूपमा लिएको बुझिन्छ र रुग्णावस्थामा पनि उनमा युवकपना जस्तै साहस, सहनशीलता, मानसिक तन्दुरुस्तता, पूर्ण कान्तियुक्त मुखकमल, हर अवस्थामा मलिनताको भान पाउन नसकेको पाइन्छ' (भान्जी ज्वाईं पद्मराम रेग्मीसँगको अन्तर्वार्ता अनुसार) ।

यसरी उनले परमनिष्ठापूर्वक सानै उमेर देखि कठोर तपस्या, तीर्थयात्रा गर्दै भगवत् अनुभव गरेका हुन् ।

## २.८ दाम्पत्य सम्बन्ध र पारिवारिक स्थिति

श्रीधराचार्य स्वामीजी वि.सं. २०१० मा गृहस्थाश्रममा प्रवेश गरेको कुरा माथि नै चर्चा गरिसकिएको छ । यहाँ उनको जीवनमा दाम्पत्य सम्बन्ध आदिको बारेमा अध्ययन गरिएको छ ।

### २.८.१ दाम्पत्य जीवन र सन्तान लाभ

मानव जीवनमा गृहस्थाश्रममा हुने सन्तान सुखलाई पनि सुखको अंशीय तफ्वका रूपमा लिइन्छ । १२ वर्षको उमेरमा विवाहसूत्रमा गाँसिएका स्वामीजीको विवाह पश्चात् यदाकदा घरमा रहे पनि गुरुकुलमा र भारत आदिमा पढ्न जाँदा १२ वर्ष जति दम्पतिमा बिछोड भएको देखिन्छ । २०२२ मा स्वामीजीले श्रीमती भागवतीलाई अयोध्या लगेर पत्नीकै साथमा रही दाम्पत्य जीवन प्रगाढ भएको बुझिन्छ । अयोध्यामा नै उनका एक छोरा र दुई छोरी जन्मेका हुन् । 'उनको प्रथम सन्तानका रूपमा छोरी सीता (ज्ञानु) पौडेलको जन्म २०२४ पुस ४ गते नेपाली मन्दिर विभीषण कुण्ड अयोध्यामा भएको हो । उनको शिक्षादीक्षा सामान्य रहेको छ । उनको विवाह २०४३ मा १९ वर्षको उमेरमा जनकपुर खजुरी निवासी गोविन्द अधिकारीका ज्येष्ठ सुपुत्र श्रीनिवास अधिकारीका साथ सम्पन्न भएको हो । उनका द्वितीय सन्तानका रूपमा छोरा श्यामनारायण पौडेलको जन्म २०२६ मंसिरमा अयोध्यामा नै भएको हो । उनले बनारस भारतबाट शास्त्री र त्रिभुवन विश्वविद्यालय काठमाडौंबाट नेपालीमा एम.ए. पूरा गरिसकेका छन् । उनको २०४९ मा बालकृष्ण अधिकारीकी कान्छी छोरी प्रभा अधिकारीसँग भएको हो । श्यामनारायण पौडेल र प्रभा पौडेलबाट ३ छोरा भइसकेका छन् । उनका तृतीय सन्तानका रूपमा सुभद्रा पौडेलेको जन्म २०२८ पुस ८ गते भएको हो । उनको पनि शिक्षा सामान्य रहेको छ ।

उनको विवाह रजहर नवलपरासी पिप्रहर निवासी हरिप्रपन्न उपाध्यायका साहिंला छोरा चक्रपाणि ढुङ्गानासँग २०४८ मा भएको हो' (पुत्र श्यामनारायण पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार) ।

यसप्रकार गुरुकुलमा रही अध्ययन गर्दा दम्पतिमा विछोड भए पनि पच्चीस वर्षको उमेदेखि दाम्पत्य जीवन अत्यन्त अनुकूल र सुखमय नै भएर वितेको देखिन्छ ।

### २.८.२ पारिवारिक स्थिति र बसोवास

श्रीधराचार्य स्वामीजीको परिवार, शैक्षिक, साहित्यिक एवं आर्थिक दृष्टिले राम्रो स्थितिको देखिन्छ । उनी अध्ययनमा रहँदा अध्ययनकै परिश्रमले गर्दा कष्टको अनुभव भएन तर घरमा पत्नी भागवती ६ वर्ष त सबै परिवारको न्यानो काखमा बस्न पाइन् । पछि २०१६ मा भूमिश्वरले सबै छोराहरूलाई भागबण्डा गरेर छुट्याएर कान्छी बुहारी भागवतीलाई घरको कोठीमा राखेका हुन् । सासू ससुराको साथमा रहँदा त कष्टको अनुभव भएन । अलग भएपछि पति मिलनको तीव्रता बढ्दै जाँदा सामान्य कष्टमा ३ वर्ष बितेपछि अयोध्यामै परिवार सहित रहने इच्छाले स्वामीजीले धर्मपत्नी भागवतीलाई अयोध्यामै लगेको देखिन्छ । उनी परिवारको साथमा अयोध्या र वृन्दावन गरेर १० वर्ष वितेपछि पुनः नेपाल फर्केर जन्मस्थान फेदीमा १ वर्ष रहेर लङ्कु चितवनमा घर किनेर त्यही रहेको बुझिन्छ । 'त्यहाँ रहँदा धर्म प्रचार हेतु सनातन वैदिक धर्मको वृद्धिको तीव्र इच्छाले आफ्नै घरमा गास, वास, कपास सहित सबै सुविधाहरू दिएर कमलनयनाचार्य, गोविन्द सापकोटा, चक्रपाणि रेग्मी, इन्द्रनाथ आचार्य, रामु पौडेल, रङ्गराज गौतम, कृष्ण सापकोटा, वासुदेव पौडेल, नारायण, मुकुन्द सापकोटा, माधव, उपेन्द्र पौडेल, लक्ष्मी सापकोटा, सत्यनारायण आदि बीसौं विद्यार्थीहरूलाई विद्यादान गरेको पाइन्छ । यतिका विद्यार्थी घरमा रहँदा पनि भागवतीले कत्ति पनि झर्को नमानी आफ्नै छोरा समान पालन पोषण गरेको पाइन्छ' (प्रमुख शिष्य श्रीकमलनयनाचार्य स्वामीजीसँगको मौखिक अन्तर्वार्ता अनुसार) । स्वामीजीको मूल वास लङ्कु चितवनमा नै रहेको छ । छोरा श्यामनारायण अद्यावधि पनि लङ्कुमा नै बसोवास गरिरहेका छन् । उनले आर्जेको र पुर्ख्यौली सम्पत्ति अंशवण्डा गर्ने बेलामा छोरा छोरीलाई समान रूपले वितरण गरेको देखिन्छ । उनले आफ्नो भाग मन्दिर निर्माण, तीर्थयात्री सेवा, वेदविद्याश्रम निर्माणमा खर्च गरी धनको सदुपयोग गरेका हुन् । उनले वाग्लुङ्ग कुँडुले फेदी र म्याग्दी

गलेश्वर चक्रशिलामा मन्दिर निर्माण गरेर भगवानको पाञ्चरात्रागम विधिले सेवा परिचालन भइरहेको छ । 'उनले संसारको भौतिक प्रपञ्चबाट निवृत्त भएर भक्तिसाधना र साहित्य साधनालाई नै सर्वोपरि ठानेर शिखा ,सूत्र सहित सन्यास आश्रम ग्रहण गरेर गलेश्वर चक्रशिलामा नै निवास गरेका हुन् । उनी विशेष कारणवश पुनः फेदीमा निवास गर्दै जाँदा आफूमा भक्तिको अझै कमी भएको महसुस गरेर भगवान्मा भक्ति बढाउन  शिष्ट आचार्य जनहरू जुन बाटो गए त्यही बाटो नै सार्थक मान्दै शेष जीवन गुफामा विताउने इच्छाले वाग्लुङ्ग ढोडेनीमा जङ्गलको फेद र कृष्णागण्डकीको तटमा रहेको लक्ष्मीनृसिंह गुफामा वास गर्न पुग्छन् ।  उनले साहित्य र भक्तिको तीव्र साधना गर्दै यो पाञ्चभौतिक शरीरलाई विसर्जन गरी ब्रह्मरन्ध्रबाट (सुषुम्नानाडी-तालु) प्राणलाई निकाली आत्मालाई श्रीभगवच्चरणारविन्दमा अर्पण गरेको देखिन्छ ।' (शिष्य ऋषिप्रपन्नाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार)

### २.८.३ आर्थिक अवस्था

श्रीधराचार्यका पिता भूमिश्वर पौडेल जायजेथा सम्पन्न व्यक्तिका रूपमा गनिन्छन् । विवाह पश्चात् उनी अयोध्या वृन्दावन अध्ययन गर्न गएका हुन् । 'छुट्टि भिन्न भएपछि ३ वर्षको समय भने पत्नी भागवतीलाई आर्थिक अवस्थाले कष्टकर भएको बुझिन्छ । अयोध्यामा रहँदा कथा प्रवचन र वैदिक कर्मकाण्डबाट प्राप्त आयबाट नै गुजारा चलेको देखिन्छ ।' (शिष्य नन्दलाल सापकोटासँगको अन्तर्वार्ता अनुसार) '२०२१ मा अयोध्यामा प्रवचनबाट प्रभावित भएर माधवी आमाले वर्दियामा ९ विघा जग्गा प्रदान गरेकी हुन् । अत्यधिक गर्मीले त्यस ठाउँमा बस्न नसकी उनले २०२५ मा जग्गा वेचेर लङ्कु चितवनमा जग्गा किनेको पाइन्छ । २०२८ मा विजयनगरमा पुनः २ विघा जग्गा किनेको पाइन्छ । पछि उनले विजयनगरको जग्गालाई विक्री गरी भरतपुरमा किनेका हुन् । उनी वि.सं. २०३२ मा लङ्कुमा जग्गा र २०३३ मा घर किनेर परिवार सहित बसोवास गरेका हुन् । यसरी गृहस्थाश्रममा रहँदा रहँदै आफ्नै खर्चमा घरैमा २०औं विद्यार्थीलाई पालनपोषण गरी विद्या प्रदान गर्दा र आफ्नै खर्चमा अनेक मठ मन्दिर र तीर्थयात्रीलाई सहज बनाउनलाई अन्नदान क्षेत्र सञ्चालन गरेकाले श्रीधराचार्य स्वामीजीको आर्थिक अवस्था अति मजबुत भएको पाइन्छ ।' (शिष्य शालिग्राम सापकोटा सँगको मौखिक अन्तर्वार्ता अनुसार) । उनले

समय समयमा गुरूपरम्परा, उपदेश रत्नमाला, छायाँकन, मुक्तिक्षेत्र माहात्म्य आदि पुस्तक प्रकाशनमा पनि स्वयंले आर्थिक भार सम्हालेकाले पनि आर्थिक अवस्था निकै दरिलो भएको पाइन्छ ।

## २.९ मानसिक आघातका क्षणहरू

मानिसको जीवन सुख-दु:ख, हर्ष-विस्मात्, उत्थान-पतन, सफलता-विफलताको चक्रमा व्यतित भइरहेको हुन्छ । जीविकाका सङ्घर्ष र जीवनसँगको सम्झौतामा उसले दु:ख, विछोड, विरह र वेदना जस्ता सञ्चारी भावहरूको पनि सामना गर्नु पर्दछ । 'स्वामीजी अयोध्या, वृन्दावनमा रहँदा विद्यार्थी जीवनमा अनेकानेक आघातहरू भने नआएका होइनन् । २०२२ मा नेपाली मन्दिर विभीषण कुण्ड अयोध्यामा रहँदा रात्रीमा सुतिरहेको बेलामा सर्पले टोक्दछ । सर्प विषालु थियो । थाहा पाउनासाथ उनले विचार गर्छन् कि अब मृत्यु अवश्य हुन्छ । मर्नुभन्दा पहिले नै शुभकर्म अवश्य गर्नुपर्छ, यो विचार गरी तुरुन्त स्नान गरेर सावधानी पूर्वक भगवान्को ध्यानमा मग्न हुन्छन् । उनले शरीरमा विष भिजेको थाहा पाउँछन् । उज्यालो हुन्छ अनि विजयराघव भगवान्को दर्शन गर्ने तीव्र इच्छा हुन्छ । उनी घरबाट निस्कन्छन् र भगवान् तथा आचार्यद्वय श्रीस्वामी कमलनयनाचार्य र श्रीस्वामी राघवाचार्यको दर्शन गरेर सम्पूर्ण घटना आचार्यद्वयलाई सुनाउँछन् । आचार्यद्वयले पनि भगवान्को तीर्थ प्रसाद खानु, ठीक हुन्छ, आत्तिनु पर्दैन भन्दछन् । त्यसपछि उनी पूर्ण स्वस्थ हुन पुग्दछन् । त्यसरी भगवानको प्रसाद र सन्तको आशिर्वादले सर्पको विष पनि विफल भएको हो ।' (वै.वा.राघवाचार्य स्वामीजीसँगको मौखिक अन्तर्वार्ता अनुसार वि.सं.२०६१ मा) 'परिवारमा अस्वस्थताले पनि मानसिक आघात परेको हो । मातापिताको परमपद र २०२८ मा आचार्य शालिग्रामाचार्यको परमपद, स्वाचार्य शुकाचार्यको परमपद आदिले पनि मानसिक आघात पुऱ्याएको हो । ३० वर्षको उमेरमा टि.वी. को रोगले गर्दा पनि मानसिक आघात परेको हो ।' (शिष्य शालिग्राम सापकोटा सँगको मौखिक अन्तर्वार्ता अनुसार) ।

## २.१० जीवनका प्रमुख मोडहरू

मान्छेले जीवनसँग सम्झौता गर्ने क्रममा उसका जीवनमा विभिन्न मोड र घुम्तीहरू देखिएका हुन्छन् । मान्छेको जीवनलाई टुक्र्याएर अध्ययन गर्नु पर्छ भन्ने

कुरा सुन्नमा नआएका पनि होइनन् । तर पनि दीर्घ जीवन यात्रामा केही न केही परिवर्तन आएका हुन्छन् र परिवर्तित समयमा छुट्टाछुट्टै कार्य, शैली र अनुभूति भएका हुन्छन् । यस शीर्षकको उद्देश्य श्रीधराचार्य स्वामीजीका जीवनमा देखापरेका मोडहरूको रेखाङ्कन गर्नु हो ।

उनको जीवनमा देखा परेका घटनाहरूलाई हेर्दा उनको जीवनलाई पाँचवटा मोडमा राखेर अध्ययन गर्न सकिन्छ । ती मोडहरू यसप्रकार छन् :

(१) पहिलो मोड : वि.सं. १९९७ देखि २०१५ सम्म ।
(२) दोस्रो मोड : वि.सं. २०१६ देखि २०३२ सम्म ।
(३) तेस्रो मोड : वि.स.. २०३२ देखि २०४० सम्म ।
(४) चौथो मोड : वि.सं. २०४० देखि २०५१ सम्म ।
(५) पाँचौं मोड : वि.सं. २०५२ देखि २०५६ सम्म ।

### २.१०.१ पहिलो मोड : वि.सं. १९९७ देखि २०१५ सम्म

श्रीधराचार्य स्वामीजीको बाल्यकाल र परम्परागत शिक्षाको अध्ययन यस मोडलाई छुट्याउने प्रमुख आधार हो । वि.सं. १९९७ मा जन्मेका उनको बाल्यकाल आमाको माया र ममताका साथ गाउँकै रमाइलो वातावरणमा व्यतीत भएको हो । यस मोडमा उनका अक्षरारम्भ, उपनयन, विवाह, कथा प्रवचन जस्ता प्रमुख कर्महरू भएका हुन् । स्वामीजीले यस मोडमा बाग्लुङ, म्याग्दी र पर्वत जिल्लाका विभिन्न स्थानमा गई भाष्करानन्द गिरी, जगन्नाथ पौडेल, शालिग्रामाचार्य स्वामीजी आदिसँग प्रारम्भिक शिक्षाभ्यास गरेको पाइन्छ । बाल्यकाल, सानै उमेरमा विवाह हुनु, गाउँ छोडेर अध्ययन गर्न जानु र संस्कृत मूलको शिक्षा आर्जन गर्नु यस मोडका उनका प्रमुख घटना हुन् ।

### २.१०.२ दोस्रो मोड : वि.सं. २०१६ देखि २०३२ सम्म

वि.सं. २०१५ मा वृन्दावन गई औपचारिक शिक्षा प्रारम्भ गरेबाट उनको दोस्रो मोड प्रारम्भ हुन्छ । दामोदरकुण्ड यात्रा, उदारताका साथ विना दक्षिणाको भागवत प्रवचन, सन्तानोत्पत्ति, अनेक विषयमा उच्चशिक्षाको अध्ययन, धर्म प्रचारार्थ अधिकार प्राप्ति आदि कार्यहरू यस मोडमा भएका हुन् । शिष्य समुदाय वृद्धि साहित्यिक चिन्तन र पारमार्थिक चिन्तन शरीरमा टि.वी. रोगको आक्रमण पनि यसै मोडमा देखा परेको हो ।

### २.१०.३ तेस्रो मोड : २०३२ देखि २०४० सम्म

उच्च शिक्षा अध्ययन पश्चात् नेपाललाई वास्तविक धार्मिक नेपाल र मुक्ति क्षेत्रलाई पवित्र मुक्तिक्षेत्रको रूपमा प्रचार प्रसार गर्ने, धर्म प्रचार गर्न अनेकौं विद्यार्थीहरूलाई अध्यापन गराउने पवित्र मूल उद्देश्य लिएर नेपाल फर्केबाट तेस्रो मोड प्रारम्भ हुन्छ । घरैमा २० औं विद्यार्थीलाई भोजन आवास सहित विद्या प्रदानबाट सन्तोष लिँदै, अनेक धार्मिक सम्मेलन गर्दै, यज्ञ यागादि गर्दै, मल्लाजमा मन्दिर निर्माण र भगवत् प्राणप्रतिष्ठा, नेपाल र भारतमा विभिन्न स्थानमा भगवत् प्राणप्रतिष्ठा, पूर्वाचार्यका संस्कृतमूलमा रहेका साहित्यलाई नेपालीमा त्यही छन्दमा छायांकन, रचना आदि कार्यहरू यस मोडमा भएका हुन् ।

### २.१०.४ चौथो मोड : २०४० देखि २०५२ सम्म

वि.सं. २०४० मा उदारताका साथ नवलपरासी गैंडाकोटमा २८ कुण्डात्मक गायत्री महायज्ञमा आर्थिक खर्च नपुग भएमा मैले नै खेत बेचेर भए पनि पूरा गर्नेछु भन्ने यस्तो उदार भावना पश्चात् नै यो मोड प्रारम्भ हुन्छ । यस मोडमा अनेक कार्यहरू गर्दै अर्थ सङ्कलन गरी धर्म प्रचारार्थ वेद विद्याश्रम स्थापना, मन्दिर निर्माण, अन्नदानक्षेत्र सञ्चालन, धर्मशाला निर्माण आदि कार्य गर्दै जाँदा नपुग खर्च स्वयंले परिपूर्ण गर्दै साहसपूर्ण कार्य गरेको देखिन्छ । शरीरको अस्वस्थतालाई पनि वेवास्ता गरी सत्संग, तीर्थयात्रा, सामाजिक सेवा आदि कार्य स्वामीजीबाट भएका हुन् । साथै परिवार तथा भौतिक संसारबाट वैराग्य बढ्नाले वानप्रस्थाश्रम गमन पनि यसै मोडमा भएको हो । सहस्रगीति मञ्जरी (भक्तिगीति महाकाव्य) यसै मोडमा जन्मिएको हो । विभिन्न पुराणहरूबाट मुक्तिक्षेत्र सम्बन्धी माहात्म्य सङ्कलन गरी मुक्तिक्षेत्र माहात्म्य नेपाली र हिन्दी टीका समेत गरी छायांकन गरेर मुक्तिनारायण स्तुति, मुक्तिनाथ मंगलाशासन आदि रचना पनि यसै मोडमा रचना भएका हुन् ।

### २.१०.५ पाँचौं मोड : २०५२ देखि २०५६ सम्म

स्वामीजीको यो मोड संसारको माया ममता, शारीरिक सम्बन्धको जञ्जीर, (साङ्लो) पत्नीको माया प्रेम, पुत्र पुत्रीको स्नेह आदिलाई चटक्क छोडी त्यो माया, ममता, सम्बन्ध सबै भगवानमा जोडी २०५२/२/२८ मा सन्यास

आश्रम ग्रहण गरेबाट प्रारम्भ हुन्छ । हुन त संसारमा एक व्यक्तिसँग एक मात्र सम्बन्ध हुन्छ तर भगवान्मा नौ प्रकारको सम्बन्ध भएको हुनाले एक प्रकारको सम्बन्ध भन्दा नौ प्रकारको सम्बन्ध नै प्रबल हुनाले उनले सम्पूर्ण शास्त्रको सार खिचेर अध्ययन गरेको हुनाले संसारको जञ्जीरलाई तोडेर भगवान्मा जोड्नु उनको ठुलो महानता हो । यस मोडमा उनले अनेक यज्ञहरू सम्पादन गरी सबै प्रपञ्चबाट निवृत्त भएर गुफावास गरी सहस्रगीति मञ्जरीको विशेष परिमार्जन मनोदूति काव्य मञ्जरी, कल्याणकारी साधना गरौं, मुक्तिनाथ मंगलाशासन आदि काव्यहरूको रचना, संस्कृत कृतिहरूको रचना पनि यसै चरणमा गरेका हुन् । उनले भक्ति साधना र साहित्यिक काव्य साधना गर्दै आफ्ना अनेक शिष्यहरूलाई नेपाल र भारत गरी विभिन्न ठाउँमा धर्म प्रचारार्थ अधिकारी बनाई परमपद गमन गरेका हुन् ।

श्रीधराचार्य स्वामीजीको लगभग ६ दशक लामो जीवनयात्रामा देखिएका पाँचओटा मोडहरूलाई क्रमशः बाल्यकाल र प्रारम्भिक शिक्षाभ्यास काल, औपचारिक अध्ययन काल, साहसिक र सामाजिक सेवा काल, वानप्रस्थागमन काल र सन्यासाश्रम गमन काल नामाकरण पनि गर्न सकिन्छ । श्रीधराचार्य स्वामीजीको जीवन यिनै आरोह, अवरोह र मोड उपमोड हुँदै अगाडि बढेको हो ।

## २.११ रुचि र स्वभाव

हरेक व्यक्तिका आफ्नै प्रकारका विचार, चिन्तन, रुचि र स्वभाव हुन्छन् । एक व्यक्तिसँग अर्को व्यक्तिको रुचि र स्वभाव फरक हुनु स्वाभाविक नियम हो । मानिसको रुचि र स्वभाव उसका बाल्यकालीन जीवनदेखिका पारिवारिक र सामाजिक वातावरण, साथीसँगको हेलमेल, पूज्य एवं मान्यजनहरूका व्यवहार, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिवेश, शिक्षादीक्षा आदिबाट प्रभावित रहेको हुन्छ । श्रीधराचार्य स्वामीजीको रुचि र स्वभावमा यी विविध प्रसङ्गले केही भूमिका राखेका छन् । 'उनको सानैदेखि शालिग्रामको सेवा, अर्चना गर्ने स्वभाव रहेको पाइन्छ । पढ्नमा ज्यादै रुचि रहेको देखिन्छ । सुनिन्छ छुट्टिमा घर गएको बेलामा र उच्च शिक्षा प्राप्त गरिसकेपछि पनि घर गाउँका पर्खालमा बसेर स्वाध्ययन गरेको र कुनै गाउँले आमाले पढाइ अझै सकिएको छैन ? भनी प्रश्न गर्दा स्वामीजीबाट उत्तर

आउँछ मरेर गएपछि मात्र पढाइ सकिन्छ । यस प्रसङ्गबाट स्पष्ट हुन्छ कि पढाइमा रुचि अत्यन्त रहेको बुझिन्छ । फुर्सदको समयमा पनि हातमा पुस्तक छुटेन । उनको समाजका व्यक्तिलाई परमार्थमा लगाउनु र समाज सेवा गर्नु मुख्य स्वभाव हो' (शिष्य नन्दलाल सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार) । पौने ३ बजे ब्राह्ममुहूर्तमा उठ्ने र ब्रह्मचिन्तन पश्चात् शुचिनिची, स्नान, सन्ध्या, भगवत्सेवा नै मुख्य रुचि हो । कथा प्रवचन, तीर्थयात्रा भ्रमण, शिक्षा प्रदान, धर्म प्रचार, अरूको सुखमा सुखी हुनु र अरूको दुःखमा दुःखी हुनु स्वामीजीको मुख्य स्वभाव हो । जागीरमा रुचि आजीवन आउन सकेन । शरीर अस्वस्थ रहँदा पनि मलिनतालाई परित्याग गरी तेजिलो, ओजस्वी र गम्भीर स्वभाव सँधै देखिने गरेको बुझिन्छ । रीस, राग र क्रोधलाई दूर गर्ने स्वभाव भएको पाइन्छ । उनलाई मनपर्ने भोजन भगवान्लाई भोग लगाएपछि प्रसादको रूपमा शाकाहारी भोजन हो भने अतिप्रिय भोजन दालरोटी हो । अरू प्राणीलाई भोजन गराउन पाउँदा उनलाई खुब आनन्द आएको बुझिन्छ । उनले आजीवन सर्वजनहितका कार्यहरू गरेको देखिन्छ । पोशाकमा गर्मीको समयमा धोती र च्यादर ओढ्ने रुचि देखिन्छ भने जाडोमा धोती, स्वीटर र च्यादरमा रुचि रह्यो ।

उनले आफ्नै 'कल्याणकारी साधना गरौं' नामक रचनामा "आफ्नो झैं अरूको सदा हित गरौं विभ्ने नबोलौं वचन" यस्तो भनेको हुनाले यो उक्तिलाई आफ्नो जीवनभर पालना गरेको पाइन्छ । नरम र मिजासिलो स्वभाव, मीठो मसिनो हँसिलो बोली शिष्ट एवं मर्यादित शब्दको प्रयोग, आफ्नो काम आफै गर्ने, सहृदयी, मिलनसार र दयालु स्वभाव भएको पाइन्छ । उनले धेरै सङ्घ संस्थाहरूमा रही अध्यक्ष पद सम्हालेको पाइन्छ । अतिथि सेवामा तत्पर रहने र मनको इच्छा पूर्ण गर्ने स्वभाव पाइन्छ । मर्यादामा रहेर सबैसँग सरल, सहज, समान र मित्रवत् व्यवहार गरेको पाइयो । लामो समयसम्म एउटै आसनमा रहेर व्यक्ति सुहाउँदो उपदेश, कथा प्रवचन गर्ने शैली देखिन्छ । 'झर्कने, बनावटी पाराले बोल्ने र रिसाउने स्वभाव आजीवन पाइएन । स्वामीज्यूको धूर्त, जाली, अपराधी र शोषक मनोवृत्ति भएका मानिसलाई पनि मीठो वचनले सम्झाउने र ठीक ठाउँमा पुऱ्याउने स्वभाव पाइयो' (शालिग्राम सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार) । संक्षेपमा भन्नुपर्दा साहित्य सिर्जना,

अध्ययन, उपदेश प्रदान सेवाभाव नै रुचिक्षेत्र हो भने सरल, सहृदयी, मिलनसार, शिष्टभाषी, दयालु स्वभाव र मीठो वचन स्वामीजीको व्यक्तिगत पहिचान हो ।

## २.१२ सामाजिक सङ्घ संस्थासँगको संलग्नता

श्रीधराचार्य स्वामीजी विद्यार्थी कालदेखि नै समाज सेवाका क्षेत्रमा सक्रियताका साथ लाग्दै आएको बुझिन्छ श्रीमद्भागवतको एकादश स्कन्धको यो "ब्राह्मणस्य हि देहोऽयं क्षुद्रकामाय नेष्यते । कृच्छ्राय तपसे चेह प्रेत्यानन्त सुखाय च" (श्रीमद्भागवत महापुराण ११.१७.४२ गीताप्रेस गोरखपुर) ब्राह्मणको यो शरीर क्षुद्र कामका लागि योग्य छैन । कष्टपूर्वक समाजसेवा र तपस्या गरेर मरण पश्चात् मोक्षानन्द प्राप्त गर्नु नै मुख्य उद्देश्य हो । यो भावबाट प्रभावित भएर स्वामीजीले समाज कल्याणका लागि आफ्नो पूर्ण जीवन व्यतीत गरेको पाइन्छ । उनका पिता भूमिश्वर पनि कुशल समाज सेवीका रूपमा चिनिन्छन् । उनलाई सानै उमेरदेखि नै नेतृत्वशील स्वभाव भएका व्यक्तिका रूपमा चिनिन्छ । उनी भारतमा अध्ययनरत रहँदा नेपाली विद्यार्थीहरूलाई एकत्रित गरेर समय समयमा यो शरीर लोक कल्याणका लागि हो । समाजमा केही न केही उन्नति गरेर कीर्ति राख्नुपर्छ । अन्यायदेखि सँधै टाढा रहनु पर्छ । न्यायको पक्ष लिनु पर्छ । आफ्नो देशप्रति सद्भाव राख्दै देशोन्नतिको खम्बामा ढुङ्गा वा इट्टा थपेर मजबुत बनाउने काम गर्नु पर्छ इत्यादि उपदेशहरू दिएको पाइन्छ ।

अध्ययन पश्चात् नेपाल फर्केपछि विभिन्न स्थानमा गइ वैदिक धर्म प्रचार गर्न मन्दिर निर्माण, वेदविद्याश्रम निर्माण, अन्नदान क्षेत्र सञ्चालन आदि कार्य गर्नमा प्रमुख भूमिका खेल्दै आएको र उपर्युक्त क्षेत्रका समितिको अध्यक्ष पदमा रहेर कार्यभार सम्हालेको पाइन्छ ।

## २.१३ सिर्जनात्मक क्षेत्र

कुनै पनि साहित्यकारको सिर्जनात्मक गतिविधिमा पृष्ठभूमि र परम्परा हुन्छ । साहित्यकार कुनै व्यक्ति, घटना, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश, स्वभुक्त र परभुक्त जीवन, समाज र संस्कृतिबाट प्रभावित र प्रेरित रहेको हुन्छ । उसले मानव जीवनको हित र समुन्नति एवं स्वयंको आत्मिक सन्तुष्टिका लागि साहित्य सिर्जना गरेको हुन्छ । श्रीधराचार्य स्वामीजी २०३४ देखि नै साहित्यिक क्षेत्रमा प्रवेश गरेको

पाइन्छ । स्वामीजीको साहित्यिक जीवनमा परेको प्रभाव, प्रकाशित रचना र पुस्तकाकार कृतिको स्वरूप तथा कुन विधामा बढी कलम चलेको छ भन्ने कुराहरूलाई यहाँ अध्ययन गर्न सकिन्छ ।

### २.१३.१ प्रभाव र प्रेरणा

षडाचार्य श्रीधराचार्य स्वामीजीको पृष्ठभूमि हेर्दा साहित्यिक वातावरण भने त्यति देखिँदैन । संस्कृत साहित्यका विभिन्न पुस्तकहरू जस्तै 'रघुवंश', 'प्रतापविजय', 'द्वासुपर्णा', 'किरातार्जुनीय', 'हितोपदेश', 'लघुसिद्धान्त कौमुदी', 'दिव्यप्रबन्ध', उपदेशरत्नमाला', 'आलवन्दार', 'मुकुन्दमाला', 'श्रीमद्भागवत', 'महाभारत', 'श्रीमद्वाल्मिकीय रामायण लगायत अन्य पुराणहरूको समेत अध्ययन गरेका स्वामीजीमा साहित्यप्रति रुचि बढ्दै जानु स्वाभाविक हो । विशेष गरेर श्रीरङ्गदेशिक स्वामीजीका ग्रन्थहरूको अध्ययन र आफ्ना आचार्य शुकाचार्य स्वामीजीको न्यानो प्रेरणाले नै साहित्यप्रति अभिरुचि बढेको हो । यसै गरी उनलाई लक्ष्मीप्रसाद देवकोटाको मुख्य भ्याउरे छन्दले अन्तःकरणलाई पल्लवित बनाएको पाइन्छ । जीवन अगाडि बढ्दै जाँदा भगवत्कैंकर्य र भगवदुपासना तथा भगवच्चिन्तन र शास्त्र अनुशीलनबाट बुद्धि परिपाक बन्दै गएपछि त्यही नै प्रेरणाले भक्ति महाकाव्यको रचना भएको हो ।

संक्षेपमा समाजमा अनाचार, कुकर्म, कुभोजन, दुर्व्यसन आदिको प्रत्यक्षीकरणबाट प्रभावित भएर यो समान यी सबै कुकार्यबाट विरत भएर सुकार्य तर्फ उन्मुख होस् र भगवद्भक्ति अभिवृद्धि भई मानव जीवन सफल बनोस् भन्ने धारणा जगाउने समाजबाट नै प्रेरित भएको पाइन्छ ।

### २.१३.२ प्रथम प्रकाशित रचना र पुस्तकाकार कृति

वि.सं.२०३४ मा "वैदिक सुधा" नामक पुस्तकमा स्वामीजीको "हिन्दु धर्ममा प्रपत्तियोग" नामक लेख नै पहिलो प्रकाशित लेख हो । आल्वार आचार्यहरूका दिव्य प्रबन्धबाट प्रभावित भएर २०३८ सालमा रामानुज नुत्तन्दादिको (द्राविडको नेपाली अनुवाद) र २०३८ मै उपेदशरत्ननमालाको (संस्कृतको नेपाली अनुवाद) छन्दोबद्ध रूपमा प्रकाशित भएको पाइन्छ । प्रथम पुस्तकाकार कृति भने मौलिक रचनामा

प्राप्त छैन । स्वामीजीको जीवनकालमा  मौलिक रचनाका कृतिहरू प्रयास गर्दागर्दै पनि प्रकाशित हुन सकेनन् । २०५३ मा अनेक पुराणहरूबाट संकलित गरी 'श्रीमुक्तिक्षेत्रमाहात्म्यम्' नेपाली र हिन्दी टीकामा प्रकाशित भएको हो । सोही पुस्तकमा संस्कृतमा 'श्रीकृष्णगण्डकी स्तुति', 'श्रीमुक्तिनारायण प्रार्थना', 'श्रीमुक्तिनाथ मंगलाशासनम्' 'मुक्तिनाथ अष्टोत्तरशत नामावली स्तोत्रम्' आदि मौलिक रचना प्रकाशित छन् । २०५० आषाढ गुरूपूर्णिमाबाट प्रारम्भ गरी कार्तिक १५ सम्म श्री 'सहस्रगीति मञ्जरी' रचना भएको हो । गुफानिवासमा काँटछाँट त भएको हो तर पनि प्रकाशित हुन सकेन, पछि २०६७ मा प्रकाशित भएको हो । २०५६ मा गुफानिवासमा 'मनोदूति काव्य मञ्जरी' रचना भएको हो र २०६२ मा प्रकाशनमा आएको हो । यसै गरी २०५८ मा स्वामीजीका केही रचना (नेपाली-संस्कृत) सङ्ग्रह गरी 'श्रीमुक्तिनारायण स्तुति' नामक पुस्तक प्रकाशन भएको हो र २०६२ मा त्यसमा अझै रचनाहरू थपेर 'श्रीमुक्तिहरि स्तुति मञ्जरी' प्रकाशित भएको हो । २०६० मा 'श्रीगोविन्द दामोदर स्तोत्र' (संस्कृतको नेपाली छायाँ) प्रकाशित भएको हो । अप्रकाशित कृतिहरू २५ देखि ३० सम्म छन् । यिनीहरू प्रायः नेपाली र संस्कृतमा छन् । प्रायः रचना गरिएका कृति हुन् भने केही छायांकन कृति पनि रहेका छन् ।

### २.१३.३ प्रकाशित कृतिहरूको संक्षिप्त सर्वेक्षण

श्रीधराचार्य स्वामीजीले २ दशक जति साहित्य फाँटमा छायाँनुवाद र रचनामा समय व्यतीत गरेको पाइन्छ । सर्वप्रथम त प्रायः छायाँकन नै भए तर पछि १ दशक जति भक्ति साहित्यको रचनामा वित्यो । आफ्नो मौलिक रचनाको प्रकाशन त उनको जीवनकालमा हुन सकेन । उनी परमपद भएपछि मात्र प्रकाशनमा आएका हुन् । जे होस् स्वामीजीका प्रकाशित पुस्तकाकार कृतिको विवरण प्रकाशन वर्षको आधारमा तल दिइएको छ ।

| क.सं. | कृतिहरूको नाम | विधा | प्रकाशन वर्ष | प्रकाशक | प्रकाशन स्थान |
|---|---|---|---|---|---|
| १. | श्रीरामानुजनुत्तन्दादि (नेपाली) | कविता | २०३८ | भक्तगण सहित स्वामीज्यू यतिराज ग्रन्थमाला | अयोध्या भारत |
| २. | श्रीउपदेश रत्नमाला | कविता | २०३८ | गोविन्दप्रसाद शर्मा यतिराज प्रकाशन | अयोध्या भारत |
| ३. | श्रीमुक्तिक्षेत्र माहात्म्यम् | इतिहास | २०५३ | भक्तगण यतिराज प्रकाशन | अयोध्याधाम भारत |
| ४. | श्रीमुक्तिनारायण स्तुति | श्लोक | २०५८ | ऋषिकेश आत्रेय यतिराज | बाग्लुङ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रकाशन | |
| ५. | श्रीगोविन्द दामोदर स्तोत्र | कविता | २०६० | ऋषिकेश आत्रेय यतिराज प्रकाशन | बाग्लुङ |
| ६. | श्रीमुक्तिहरि स्तुति मञ्जरी | श्लोक | २०६२ | श्रीधराचार्य यतिराज प्रकाशन | काठमाडौँ |
| ७. | मनोदूति काव्य मञ्जरी | कविता | २०६२ | श्री यतिराज प्रकाशन | काठमाडौँ |
| ८. | श्रीसहस्रगीति मञ्जरी (श्रीभक्ति गीति महाकाव्य) | कविता | २०६७ | श्रीधराचार्य यतिराज प्रकाशन | काठमाडौँ |

## २.१४ सम्मान

श्रीधराचार्य स्वामीजी धेरै विषयमा पारङ्गत भएकाले र समाजमा सबैलाई सम्मान दिने स्वभावले गर्दा भारतमा रहँदा पनि धेरै आचार्यहरूले सम्मान र आदर गरेको पाइन्छ । 'उनलाई २०२० मा श्रीशुकाचार्य स्वामीज्यूले **व्यास** पदबाट विभुषित गरेको बुझिन्छ । २०३२ मा छ विषयबाट आचार्य पद प्राप्ति पश्चात् **षडाचार्य** पदले विभूषित भएको पाइन्छ । उनलाई नेपाल फर्केपछि पनि विभिन्न स्थानमा आचार्य, सन्त र विद्वत् समाजले सम्मान गरेका छन् । २०५२ मा सन्यास आश्रम ग्रहणको समयमा **श्रीमदुभय वेदान्त प्रवर्तकाचार्य, अनन्त श्रीविभूषित, १००८ श्रीनिवास मुक्तिनारायण त्रिदण्डी रामानुज जीयर स्वामीजी** यो पदले सम्मानित भएको बुझिन्छ' (प्रमुख शिष्य स्वामी कमलनयनाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) ।

## २.१५ जीवन धारणा/जीवन दर्शन

कुनै पनि साहित्यकारका धारणा र मान्यता उसको अध्ययन, रचनात्मक, सामाजिक सङ्घ संस्थाप्रतिको आबद्धता, दृष्ट र भुक्त जीवन जगत्बाट प्राप्त प्रभाव र प्रेरणाबाट निश्चित भएका हुन्छन् । स्वामीजी परिश्रमी, लगनशील, निःस्वार्थी, भगवद्अनुरागी, राष्ट्रवादी व्यक्तिका रूपमा परिचित भएको पाइन्छ । उनले आफ्नो समग्र जीवनमा तडक भडक नदेखाई **सादा जीवन र उच्च विचार** रूप शास्त्राज्ञालाई अंगीकार गरेको देखिन्छ । आफ्नो काम भगवत्कैंकर्य सम्झी स्वयं गर्ने र अरूलाई दुःखकष्ट नदिने स्वामीजीको धारणा पाइयो । उनले धन र शरीरलाई एक प्रतिशत पनि ध्यान नदिएर केवल समाज सेवा, सन्त सेवा, भक्त सेवा र भगवद्सेवा गरेर जीवनयापन गरेको पाइन्छ । स्वामीजीबाट जति पनि कार्य भए ती सबै निःस्वार्थ भावले हरिभक्तिले ओतप्रोत भएरै कार्य भएका छन् । उनी निरन्तर सत्य र

न्यायको पक्षमा रहेका देखिन्छन् । उनको जीवनजगत् र साहित्य सम्बन्धी धारणालाई यसरी प्रस्तुत गरिन्छ ।

### २.१५.१ साहित्य सम्बन्धी धारणा

श्रीधराचार्य स्वामीजीका साहित्यिक कृतिहरूलाई केलाउँदा साहित्यप्रतिको धारणा यस्तो रहेको बुझिन्छ । साहित्य समाजको दर्पण हो । साहित्यकारले साहित्यमा आफ्नो समाजको चित्र उतारेको हुन्छ । साहित्यलाई हितकारक बनाउनका लागि आफ्ना नीति, सिद्धान्त र धारणाहरू बनाएको हुन्छ । यिनै नीति, सिद्धान्त र धारणाबाट उसको जीवनदर्शन प्रकटिएको हुन्छ । स्रष्टाले आफ्नो धारणा र भावनालाई पाठकसामु पुऱ्याउन रचनालाई माध्यम बनाएको हुन्छ । स्वामीजीका साहित्यिक कृतिहरूलाई विश्लेषण र अनुसन्धान गर्दा मानवीय हृदयको निश्छल कलात्मक उद्गार नै साहित्य हो भनेर चिनाउने स्वामीजीका साहित्यिक मान्यता यस प्रकार छन् ।

(क) साहित्य समाजका लागि हो । साहित्यकारले तब मात्र आत्म सन्तुष्टि गर्दछ जब समाजले आफ्नो साहित्य धैर्यताका साथ पढेर, आचरणमा उतार्ने काम गर्दछ ।

(ख) साहित्यमा जीवन दर्शन प्रकटिएको हुन्छ । शैली साधकमात्र हो । साहित्यमा इमान्दारिता हुनुपर्छ । साहित्य भगवत्प्राप्तिको सयौं सोपानमध्ये एउटा सोपान हो । वास्तवमा साहित्यले मानिसलाई दिशाबोध गराउँछ ।

(ग) साहित्य समाजको कल्याणकारक नीतिनिर्देशक सिद्धान्त हो । राम्रो साहित्यको पठनपाठनले असल नागरिकको उत्पादन हुन्छ ।

अतः समाजका लागि सिर्जना गरिने साहित्यमा साहित्यकारको आत्मिक सन्तुष्टिको चाहना लुकेको हुन्छ र साहित्य कल्याणकारी र परोपकारी हुनु पर्दछ भन्ने स्वामीजीको धारणा रहेको छ ।

### २.१५.२ जीवन जगत् सम्बन्धी धारणा र अन्य

यस शीर्षक अन्तर्गत स्वामीजीका जीवन जगत्, धर्मदर्शन, संस्कृति, लोकसाहित्य र मनोविज्ञान सम्बन्धी धारणाहरूलाई संक्षेपमा प्रस्तुत गरिएको छ । आज मान्छेले शोषणयुक्त समाजमा निस्सार र निरर्थक जीवन विताइरहेको छ ।

एकले अर्काको स्वतन्त्रताको हनन् गरी नाटकीय यातना दिएको हुन्छ । वास्तवमा समाजमा रहने सबै प्राणीहरू सुखी रहुन्, सबै निरोगी होऊन्, सबैले राम्रो देखुन्, सनुन्, कसैलाई पनि कष्टको पात्र बन्न नपरोस् । यो धारणा वा भावना समाजमा जबसम्म प्रकट हुँदैन तबसम्म समाज प्रगतिशील पथतर्फ अग्रगामी बन्न सक्दैन भन्ने धारणा उनको रहेको छ । जसले जसको आराधना गरे पनि भक्तिको पराकाष्ठा केवल नारायणमा हुनुपर्छ । जसरी रुखलाई हराभरा गराउन जरामा मलजल गर्नु पर्दछ त्यसरी नै भक्ति केवल नारायणमा गर्नु पर्छ भन्ने धर्म दर्शनमा स्वामीजी पुगेको पाइन्छ । धार्मिक संस्कृति, सदाचार, सात्विक भोजन, सात्विक सहवास, सन्त सेवन, भगवत्पूजन नै हाम्रो अतिप्राचीन संस्कृति हो भन्ने धारणा स्वामीजीमा छ । समाजमा लोकसाहित्य परोपकारी, कल्यणकारी, हितैषी हुनु पर्दछ तब मात्र लोक साहित्यले अग्रस्थान प्राप्त गर्न सक्दछ भन्ने धारणा स्वामीजीमा छ । आजका मानिसको मनलाई अध्ययन गरेर उसका पीडा र समस्याको निदान गर्नु पर्दछ भन्ने मनोविज्ञान सम्बन्धी धारणा स्वामीजीमा रहेको छ । मानिसले धर्मको रक्षा गरेमा धर्मले मानिसको रक्षा गर्दछ भन्ने पूर्ण विश्वास स्वामीजीमा रहेको छ ।

जे होस्, अध्ययनको व्यापकता, परोपकार भावना, सामाजिक मिलनसारता र संसारका प्रत्येक विषय वासनाबाट तीव्र वैराग्यले उनको जीवनलाई प्रभाव पारेको छ । निष्कर्षमा श्री भगवच्चरणमा नवधाभक्ति, भागवतसेवा, समाजसेवा, लोककल्याण, सत्यता, गम्भीरता नै उनको पूर्ण जीवनदृष्टि हो ।

## २.१६ देहावसान (परमपद गमन)

श्रीधराचार्य स्वामीजीले संसारको सबै प्रपञ्चलाई छोडेर वि.सं.२०५६ साल वैशाखमा आध्यात्मिक र साहित्यिक साधना गर्न बाग्लुङ्को ढोडेनीमा अवस्थित श्रीलक्ष्मीनृसिंह गुफामा गर्न गएका हुन् । योगाभ्यास गर्दै जाँदा उनी समाधिसम्म पनि पुग्दथे । त्यागी, परमतपस्वी, योगी, विद्वान्,जीयर स्वामीजीको दर्शन गर्न उनलाई चिनेका न्यायाधीश, डी.एस्.पी., सी.डी.ओ., सन्त तथा भक्तहरूको भीड दिनहुँ हुने गर्दथ्यो । साथमा १५ वर्षीय बालक शिष्य ऋषिराम पौडेल मात्र रहन्थे । उनले स्वामीजीलाई अनुकूल भोजन, स्नान गर्न गण्डकीको पानीको व्यवस्थाको साथमा र भनवान्को सेवा पनि गर्दथे । त्यो एकान्त गुफमा पनि स्वामीजीले दर्शनार्थीहरूको घनफ्वलाई

देखेर उनको जनसम्पर्क रहित हुने तीव्र इच्छा बढ्दै जान्छ । उनले तपस्या र भगवच्चिन्तनमा विघ्न भएपछि जीवनको अन्तमा दर्शनार्थीलाई थोरै समय मात्र दर्शन दिन्थे । उनले आफ्नो मरण नजिक आएको थाहा पाएपछि वि.सं. २०५६ कार्त्तिक १७ गते देखि भोजन गर्न छोडेका हुन् । भोजनले मन स्थिर नरहँदा भगवच्चिन्तन छुट्दछ र मरण राम्रो हुन्न भन्ने उनको धारणा थियो । कार्त्तिक १९ गते विहान १० बजे ऋषि बालकलाई पूर्वतिर देखाउँदै ऊ ! मेरा आचार्य गोपालाचार्य स्वामीजी दिव्य विमान लिएर आउनुभयो । अब म जान्छु । तिमी नडराइकन बस । मेरो खबर सबैलाई पुऱ्याउनू । आचार्यका लागि श्रीतीर्थ लिएर आऊ । यति भन्दै उत्तर सिरान गर्दछन् । ऋषिरामले श्रीतीर्थ ल्याएर अगाडि राखिदिन्छन् । उनले त्यो श्रीतीर्थ विमानमा आएका आचार्यलाई अर्पण गरेर ग्रहण गर्छन् र उनको देहावसान हुन्छ । त्यस समयमा उनको ब्रह्मरन्ध्र (शिरको माथिल्लो भाग/तालुमूल) मा छेद देखिनु र योगीहरूको आत्मा यसै तालुमूल/ब्रह्मरन्ध्रलाई भेदन गरेर निस्कन्छ भन्ने वैदिक मान्यता रहेको छ :-

नाभ्यां स्थितं हृद्यधिरोप्य तस्मादुदानगत्योरसि तं नयेन्मुनिः ।
ततोऽनुसन्धाय धिया मनस्वी स्वतालुमूलं शनकैर्नयेत ॥
तस्माद् भ्रुवोरन्तरमुन्नयेत निरुद्धसप्तायतनोऽनपेक्षः ।
स्थित्वा मुहूर्तार्धमकुण्ठदृष्टिर्निभिद्य मूर्धन् विसृजेत्परं गतः ॥
- (श्रीमद्भागवत महापुराण - २।२।२०-२१ श्लोक)

यसै संयोगका आधारमा स्वामीजी एक सिद्ध योगी हुनुहुन्थ्यो भन्न सकिन्छ । यसलाई वैदिक परम्परामा परमपद भएको भनिन्छ ।

## २.१७ निष्कर्ष

श्रीधराचार्य स्वामीजीको वि.सं. १९९७ साल श्रावण ८ गते रात्री ७ बजेर २२ मिनटमा श्रावण कृष्ण पञ्चमी, पूर्वाभाद्रपदाको दोस्रोचरण, शोभन योग, बालब करण, मकर लग्न, वृष नवांशकमा वाग्लुङ जिल्ला, कुँडुले फेदी निवासी ज्योतिष पं. भूमिश्वर उपाध्याय पौडेल र खगेश्वरी उपाध्याय पौडेलका कनिष्ठ पुत्रको रूपमा जन्म भएको हो । उनको  वैदिक विधि विधान अनुसार न्वारनमा सोमनाथ पौडेल नामकरण भएको हो । उनका बालककालमा हुने संस्कारहरू यथा समयमा भएका हुन् । 'हुने विरुवाको चिल्लो पात' भने झैं सोमनाथको बालककालमा नै आफ्ना

मातापिताको भजन, भगवान्को सेवा, समाज सेवाको प्रभाव परेको हो । ४ वर्षको बालक वनमा गाई चराउन जाँदा जङ्गलमा मिल्ने शालग्राम एकत्रित गरेर पातको टपरी गाँसी गाई दुहेर त्यही दुधमा शालिग्रामलाई नुहाउने र वनका फूलले अर्चना गर्दै कन्दमूल भोग लगाई (चढाई) तीर्थ, (चरणोदक) र फूल प्रसाद वितरण गर्ने गरेको र सबै बालकहरूलाई तल राखी स्वयं माथि ढुङ्गामा बसेर तोते बोलीमा कथा सुनाएको स्वामीजीका दामलीहरू बताउँछन् । उनको आठ वर्षमा विधिपूर्वक व्रतबन्ध (उपनयन) संस्कार सम्पन्न भएको हो भने रातमाटा निवासी पं. जगन्नाथ पौडेल गायत्री मन्त्रका गुरु हुन् । व्रतबन्ध पश्चात् म्याग्दीको रत्नेचौर र वाग्लुङ्को रातामाटामा वेद, अमरकोश, हितोपदेश पढ्दै जाँदा पिता ज्यो.पं. भूमिश्वर पौडेलले पर्वत नाग्लिवाङ्गमा कर्मनिष्ठ वैष्णवाचार्य श्री शालिग्रामाचार्यको नाम सुनी ११ वर्षमा शालिग्रामाचार्य स्वामीजीको सन्निधिमा गुरुकुल नियम अनुसार पढ्न राखेको बुझिन्छ । शालिग्रामाचार्य स्वामीजीले बालकको मेधा, गम्भीरता, सरलता, धीरता आदिबाट छोटो समयमा नै प्रभावित भएर वैष्णवदीक्षा दिएर "श्रीधर" नामाकरण गरेको पाइन्छ । उनले आफ्ना गुरुलाई छोटो समयमा नै प्रसन्न पारेर व्याकरण श्रीमद्भागवत आदि ग्रन्थको अध्ययन गरी १२ वर्षमा श्रीमद्भागवत महापुराणको मार्मिक सारगर्भित ओजस्वी प्रवचनबाट समाजलाई मन्त्रमुग्ध बनाउन सफल हुन्छन् । किशोरावस्थामा नै नाम प्रख्यात भएको देखेर भान्सा निवासी लक्ष्मीपति आचार्यले विधिपूर्वक कन्यादान गर्दछन् । उनको यसरी १२ वर्षमा नै विवाह भए पनि उच्च शिक्षा भने रोकिएन । उनी वि.सं. २०१५ सालमा अयोध्या हुँदै वृन्दावन गएर श्री शुकचार्य स्वामीजीबाट पञ्चसंस्कार पूर्वक श्रीवैष्णव दीक्षा ग्रहण गरी व्याकरण श्रीमद्भागवत, श्रीमद्वाल्मिकीय रामायण, महाभारत जस्ता ग्रन्थहरू अध्ययन गर्दै र व्याकरण विषयबाट परीक्षा प्रणालीलाई पनि अँगाल्दै जाँदा २०२० मा पूर्वमध्यमा उत्तीर्ण गरेको र आफ्ना आचार्य श्री शुकाचार्य स्वामीजीबाट **व्यास** पदले विभूषित भएका हुन् । उनले पुनः अयोध्याबाट उत्तरमध्यमा पश्चात् २०२२ मा २५ वर्षको उमेरमा तत्कालिन अतिविकट मुक्तिनाथ र दामोदर कुण्डको यात्रा र भगवत् प्राप्तिको साधना गरेको पाइन्छ । २०२४ मा पुनः वृन्दावनबाट व्याकरणबाट शास्त्री उत्तीर्ण गरी २०२५ मा धर्मशास्त्राचार्य, २०२६ मा शांकरवेदान्ताचार्य र २०२७ मा साहित्याचार्य गरी २०२९ मा व्याकरणाचार्य र २०३२ मा श्रीरामानुज वेदान्त

आचार्य गरी **इतिहासपुराण, धर्मशास्त्र, शांकरवेदान्त, साहित्य, व्याकरण र रामानुज वेदान्त** ६ ओटा विषयमा आचार्य गरी **षडाचार्य** पदले विभूषित भएको पाइन्छ । उनले २०३२ साल भित्रै न्याय, गूढ वेदान्त विषयहरू दिव्य प्रबन्धहरू कर्मकाण्ड, उपनिषद्हरू, रामानुज साम्प्रदायिक ग्रन्थ क्रमशः श्रीशुकाचार्य स्वामीजी, खोर्सानाका महात्मा, श्रीअण्णङ्गराचार्य स्वामीजी र श्रीगोपालालचार्य स्वामीजीसँग रहस्य ग्रन्थहरूको गूढ अध्ययन गरेका हुन् । उनले औपचारिक अध्ययन पश्चात् नेपाल फर्केर नेपालका तीर्थस्थलहरूलाई वास्तविक पवित्र तीर्थ बनाउने, विशेष गरेर मुक्तिनाथ र दामोदर कुण्डलाई विश्वभर चिनाउने, धर्म प्रचार गर्नको लागि विद्यालयहरू खोलेर धेरै विद्यार्थीहरूलाई धर्म प्रचारमा अग्रसर बनाउने विशाल उद्देश्य लिएर नेपाल भित्रिएको पाइन्छ । उनले समय समयमा भक्तहरूका साथमा भ्रमणको रूपमा दक्षिण भारतका १०८ दिव्यदेशहरू र नेपालका धेरै तीर्थस्थलहरू भ्रमण गरेका हुन् । अयोध्यामा रहँदा नै दुई छोरी र एक छोरा जन्मिएका हुन् । अयोध्यामा रातमा सुतेको बेलामा विषालु सर्पले डस्दा पनि भक्ति र भगवान्को सेवाको प्रभावले विष अमृतमा परिणत भएको हो । उनले लङ्कु आफ्नै निवासमा ५ वर्षसम्म २० औं विद्यार्थीहरूलाई निःशुल्क आवास, भोजन र विद्यादान गरेका हुन् । २०३७ सालमा गैंडाकोटमा नारायणाचार्य र श्रीधराचार्य स्वामीजी मिलेर श्रीमद्रामानुज वेद विद्याश्रम स्थापना गरेको पाइन्छ । उनीबाट यसै गरी वाग्लुङ्ग कुँडुले फेदी र गलेश्वरमा वेद विद्याश्रम सञ्चालन भएको र वर्दियामा विविध यज्ञ सम्पादन पश्चात् भगवति सं.मा.वि. को स्थापना र सञ्चालन कार्य भएका हुन् । उनले फेदी, भद्राचल मल्लाज र गलेश्वरमा मन्दिर स्थापना र पाञ्चरात्रागम पद्धति अनुसार भगवान्को सेवा आराधना तथा भोगरागको व्यवस्था गरेको बुझिन्छ । अनेक स्थानमा अनेक सामाजिक यज्ञहरू सम्पादन गरी समाज सुधारका कार्यहरू उनीबाट प्रशस्त भएका हुन् । उनी सांसारिक विषयबाट विस्तारै वैराग्यको खुड्किलो चढ्दै जाँदा २०४८ मा वानप्रस्थाश्रम प्रवेश गरेका हुन् । उनले विविध विषयका साहित्यहरूलाई अनुदित गर्दागर्दै २०५० मा स्वयंमा पूर्ण वैराग्य र वैराग्य गीति छन्दमा सहस्रगीतिमञ्जरी (भक्तिगीतिमहाकाव्य) रचना गर्न पुग्दछन् । उनले यसै गरी संस्कृत विषयमा पनि २२ ओटा ग्रन्थहरू लेखेका छन् । उनले समय समयमा विद्वत् सम्मेलन गरी वैदिक धर्मको प्रवर्धन र संवर्द्धन गरेको पाइन्छ । मुक्तिनाथ

जाने यात्री, साधु सन्तको सेवाको निमित्त फेदी, गलेश्वर, घारखोला, घाँसा, जोमसोम र मुक्तिनाथमा अन्न दान क्षेत्र सञ्चालन उनैबाट भएको हो । वि.सं. २०५२ जेष्ठ २८ गते पञ्चासेमा श्रीशठकोप यतिराज रामानुज जीयर (श्रीपराङ्कुशाचार्य) स्वामीजीबाट सन्यासाश्रम प्रवेश गरी **श्रीनिवास मुक्तिनारायण रामानुज जीयर स्वामीजी**का नामले परिचित भएको पाइन्छ । उनले चतुर्थ आश्रममा गएपछि नै धेरै साहित्यिक ग्रन्थहरू जन्माएका हुन् । उनी अन्तमा सबै विषय प्रपञ्चबाट निवृत्त भएर सेवकको रूपमा सानो बालक ऋषि बाबुलाई साथमा लिएर २०५६ वैशाखमा श्रीलक्ष्मीनृसिंह गुफा ढोडेनीमा रही तपस्यामा रत हुन पुग्दछन् । उनले विषयी जनसंपर्कबाट निवृत्त भई यो मानव जीवन भगवान्मा नै समर्पण गरी संसारी जीवलाई बाटो देखाउँदै २०५६ कार्तिक १९ गते बिहान १० बजे सुषुम्ना नाडी भेदन गरी परमपद (श्रीवैकुण्ठ पद) प्राप्त गरेका हुन् ।

# अध्याय तीन

# श्रीधराचार्य स्वामीजीको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

व्यक्तिको व्यक्तित्व पुञ्जको निर्माणमा उसको परिवार, समाज, साथीसंगीको सान्निध्य, गुरु आचार्यहरूको सहसान्निध्य, नातागोता र कुलकुटुम्बका आदर्श, धर्म संस्कृति र पवित्र विचार दर्शनले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । एउटै व्यक्ति साहित्य र समाजप्रति समर्पित हुँदा उसका व्यक्तित्वका बहुविध पाटाहरूको निर्माण हुन्छ । अतः कुनै पनि व्यक्तिको सहज तथा स्वाभाविक गुणले उसको वैयक्तिक व्यक्तित्वको निर्माण गर्दछ भने सिर्जनशील एवं सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्वको निर्माण गर्दछ । श्रीधराचार्य स्वामीजी बहुप्रतिभा भएका व्यक्तित्व हुन् । उनले समाजमा साहित्यकारत्व, सुशीलत्व, गम्भीरत्व धर्मप्रचारकत्व तथा आचार्यत्वको राम्रो गुण छोडेर गएका हुन् । उनको विविध परिवेशबाट निर्मित व्यक्तित्वको अध्ययन गरिएको छ ।

## ३.२ भौतिक व्यक्तित्व र स्वभाव

व्यक्तिका नितान्त वैयक्तिक जीवनसँग सम्बन्धित कुराहरू जस्तै : रूप, आकार, प्रकार, रुचि, स्वभाव, आचरण र प्रवृत्तिले उसको निजी व्यक्तित्वको निर्माण गरेको हुन्छ । 'शारीरिक दृष्टिले श्रीधराचार्य स्वामीजी ५ फिट ५ इन्च अग्ला, कृशकाय, मझौला आकृतिका, तेजस्वी आँखा, उच्च मिलेको नाक, सुन्दर लम्बायमान शिखाले युक्त शिर र बाक्लो केशराशि, लामो मुखमण्डल, सुन्दर आसनसहितको सेतो ऊर्ध्वपुण्ड्र र विचमा दीपशिखाको आकार भएको श्रीचूर्णले सुशोभित उच्च र तेजपुञ्जले देदीप्यमान ललाट, गहुँगोरो वर्ण भएका सिद्धपुरुषका रूपमा चिनिन्छन्' (ओमनाथ सापकोटासँगको अन्तर्वार्ता अनुसार) । सदैव हँसिलो अनुहार र चनाखो देखिने स्वामीजीका मत्स्याकारका लाम्चिला आँखा र हातमा त्रिदण्डले सुशोभित, चार सरे मोटो यज्ञोपवित र शरीरमा काषायवस्त्रको तेजले गर्दा स्वामीजीको भौतिक व्यक्तित्व प्रभावशाली र आकर्षक देखिएको पाइन्छ । उनको पहिरन विद्यार्थी अवस्थामा सेतो धोती, चौबन्दी र सेतो च्यादर रहेको हो भने

आचार्यश्रीका वरदहस्तद्वारा श्रीमुखपत्र प्राप्ति पश्चात् सेतो धोती सेतो च्यादर र सेतै स्वीटर रह्यो र त्रिदण्ड सहित सन्यासाश्रम ग्रहण पश्चात् सामान्य गेरुआ कटिवस्त्र, गेरुआच्यादर, उनीको आसन नै रहेको पाइन्छ । साथमा उनले व्रतबन्ध पश्चात् कौपीन (लँगौटी) अखण्ड पहिरिएका हुन् । उनले युवावस्थामा मृगचर्मको जुत्ता पहिरिएका र पछि केवल सामान्य हात्तीछाप चप्पल मात्र लगाउने गरेको पाइन्छ ।

'उनले आजीवन अर्धमुण्डन (दाह्री जुँगा मिलाउने काम) नगरिकन मुण्डनमा दाह्री, जुँगा र कपाल क्रमैले मुण्डन गरेका हुन् । उनले सदैव सात्विक शास्त्रानुकूल आचरण, सात्विक भोजन, सज्जनहरूको संगत गरेको पाइन्छ । उनले आजीवन शास्त्रानुकूल उपदेशबाट हज्जारौं भक्त भागवतहरूको उद्धार गरेको प्रत्यक्ष देखिएको छ' (मुक्तिनाथ पीठाधीश स्वामीजीसँगको अन्तर्वार्ता अनुसार) ।

स्वामीजी भौतिक रूपमा सामान्य, अपत्यारिला देखिए तापनि उच्च विचार र बुद्धितत्त्वका दृष्टिले अत्युच्च भएको पाइन्छ । उनको सरल, निश्छल, मिलनसार, सहयोगी गम्भीर र स्वाभिमानी प्रवृत्ति रहेको पाइन्छ । उनको अत्यन्त अनौठो प्रवृत्ति के पाइन्छ भने शत्रु बन्छु भनेर आउने व्यक्तिलाई परममित्र बनाएर ससम्मान विदाइ गर्ने स्वभाव आजीवन पाइएको देखिन्छ । उनको बोलीमा मिठास, व्यवहारमा नम्रता, सरलता र सौहार्दता पाइन्छ । उनले आफ्ना कारणले अरूलाई दु:ख र कष्ट दिन नचाहने गरेको सुनिन्छ । उनको अध्ययनशील र चिन्तन मननशील तथा साधु सन्त समाजको सहवास प्रवृत्तिले आन्तरिक व्यक्तित्व निर्माणमा सोच विचार गरी बोल्ने व्यक्तित्वको निर्माण गरेको पाइन्छ । बौद्धिकता र अध्ययन क्षेत्र व्यापक भएकाले तत्वत्रय चित् (जीव+म) अचित् (प्रकृति) र ईश्वर (भगवान्) को चिन्तन गरेको पाइन्छ । उनलाई उच्च विचारवान् र राष्ट्रियता र राष्ट्रदेव श्रीमुक्तिनाथका प्रचारक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । यो कुरा स्वामीजीका कृतिहरूबाट पनि स्पष्ट हुन्छ । उनलाई मनपर्ने भोजन भगवान्लाई भोग लगाएपछि प्रसादको रूपमा दालरोटी, पुंगल (खिचडी) दाल, चामल, साग, रोटी, पायस (खीर) र दुध हो ।

'स्वामीजी नित्य प्रतिदिन ब्राह्ममुहूर्तमा उठेर, उत्तराभिमुख भई आधा घण्टा भगवच्चिन्तन, तत्पश्चात् स्नान, सन्ध्यावन्दन, भगवत्सेवा आराधना, नित्य विष्णुसहस्रनाम, सुप्रभात्, श्रीगुणरत्नकोश, श्रीआलवन्दारस्तोत्र आदि पाठ पारायण, रसोई निर्माण, भोगराग, शास्त्रचिन्तन, मध्यान्ह सन्ध्यावन्दन, कालक्षेप (नित्योपदेश)

सांयकालीन सन्ध्यावन्दन, पाठपारायण, आराधना, भोगराग, भगवत्शयन गराई भोजन प्रसाद पश्चात् शास्त्रचिन्तन र शायनकक्षमा गएपछि पनि घण्टौं भगवच्चिन्तन गर्दै शयन गर्नु नै नित्यनियम हो' (शिष्य ऋषिप्रपन्नाचार्यसँगको अन्तर्वार्ता अनुसार) । उनले समय समयमा शिष्य प्रशिष्य र समाजलाई जम्मा गरी दिव्योपदेश प्रदान गरेको पाइन्छ । उनले समय समयमा त्यसताकाका विद्वान्हरूलाई जम्मा पारी वृहद् धर्म सम्मेलन र शास्त्रार्थ गरी परतत्व निर्णय गरी विजयमाला पहिरेको र विजयघोष प्राप्त गरेका हुन् । स्वयंले मान सम्मानको अभिरुचि नराखीकन अरूलाई दिव्य सम्मान प्रदान गरेको पाइन्छ । समयको राम्रो ख्याल गर्ने र अर्काको निन्दा, गिरावट आदि कुकृत्यबाट अत्यन्त टाढा रहेको पाइन्छ । साथीहरूलाई समुचित सल्लाह र प्रेरणा दिने भएकाले उनका मित्रहरूले पनि उनका गुण, स्वभाव, विचार, धारणा र आदर्शलाई आजीवन आचरणमा उतारेको पाइन्छ । स्वामीजीको मिलनसार, सहयोगी, दयालु, गम्भीरता, साहसपूर्ण सामाजिक अग्रगामी स्वभाव आदि गुणहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा चम्किरहेको पाइन्छ । सलक्क मिलेको शरीराकृति, सादा स्वेत र गेरुवा पहिरन शोभायमान त्रिदण्डले स्वामीजीको भौतिक व्यक्तित्वको निर्माण गरेको छ भने परोपकारी, सहयोगी, मितभाषी, स्वाभिमानी, परिश्रमी, धीर, गम्भीर, अध्ययनशील प्रवृत्ति, सदाचार तथा बौद्धिकताले उनको आन्तरिक व्यक्तित्वको निर्माण गरेको छ ।

## ३.३ श्रीधराचार्य स्वामीजीका व्यक्तित्वका विविध रूप

श्रीधराचार्य स्वामीजीको जीवनीका विविध पक्षहरूको अध्ययन गर्दा उनको व्यक्तित्वले पनि मोड र परिवर्तन ल्याउन सहयोग पुऱ्याएको छ । जीवनयात्राका क्रममा उनका विविध व्यक्तित्वहरू शिक्षा, साहित्य, समाजसेवा र एकान्तवासमा संलग्न भएबाट प्रस्तुत भएका छन् । कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, जीवनका चाप प्रतिचाप, आरोह अवरोह, घात प्रतिघात तथा क्रिया प्रतिक्रियाले व्यक्तित्वमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त व्यक्तिका व्यक्तित्व निर्माणमा ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक साँस्कृतिक अभिरुचि, पेशा, शिक्षादीक्षा आदिले पनि उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । श्रीधराचार्य स्वामीजीको व्यक्तित्व निर्माणमा पनि यी विविध घटना र परिवेशले धेरथोर भूमिका खेलेका छन् । उनको समग्र जीवनीलाई केलाउँदा निम्नलिखित

व्यक्तित्व देखा पर्दछन् । (१) सामाजिक व्यक्तित्व, (२) सनातन धर्मप्रचारक व्यक्तित्व, (३) कुशल प्रवचन व्यक्तित्व, (४) साहित्यकार व्यक्तित्व, (५) विशिष्ट आराधक व्यक्तित्व, (६) अभिभावक, (७) तपस्वी व्यक्तित्व, (८) अनुवादक व्यक्तित्व र (९) अन्य ।

### ३.३.१ सामाजिक व्यक्तित्व

समाज र राष्ट्रका विविध कार्यमा आफूलाई सरिक बनाएर आफ्नो व्यक्तित्वको निर्माण गर्नुका साथै आफ्ना आँखा अगाडि गुज्रँदै र खस्कँदै गएको समाजको उत्थानका लागि सामाजिक सङ्घ संस्थामा संलग्न भई त्यहाँका विकासात्मक एवं रचनात्मक कार्यमा लाग्नु सामाजिक प्राणिको दायित्व र स्वकर्तव्य हो । सामाीजक जीवनयापनका क्रममा समाजसँग सम्बद्ध भएर त्यस समाजको लागि हित, कल्याण र समुन्नति हुने काम गर्दै जाँदा कुनै पनि व्यक्तिको सामाजिक व्यक्तित्व बन्दै जान्छ । श्रीधराचार्य स्वामीजीको कुलपरम्परालाई नियाल्दा प्रपितामह श्री मणिकण्ठ उपाध्याय पौडेल नाम चलेका पंडित र समाजसेवी भएको पितामह श्री भगीरथ उपाध्याय पौडेल ज्योतिका प्रखर प्रवक्ता र समाजमा भद्र भलादमीमा अग्रगण्य भएको तथा पिता भूमिश्वर पनि पण्डितहरूमा अग्रगण्य, ज्योतिषमा अञ्चल प्रख्यात र समाज सेवा तथा विकास क्षेत्रमा प्रख्यात भएको कुरा समाजमा फेला पर्दछ । श्रीस्वामीजीमा पनि प्रपितामहदेखिको समाजसेवी व्यक्तित्वको छाप स्पष्ट रूपमा पाइन्छ । 'प्रथम मोडमा नै उनले १२ वर्षको कलिलो उमेरमा ओजस्वी श्रीमद्भागवत सारगर्भित कथा प्रवचनद्वारा समाजमा कौशल नेतृत्वको रथ हाँक्न सफल भएका हुन् । उनले उच्च शिक्षाको अध्ययनार्थ अयोध्या वृन्दावनमा रहँदा पनि समय समयमा कथा प्रवचनद्वारा समाजको सेवा गरेका हुन् । उनले सबै विद्यार्थीहरूलाई एकत्रित गर्दै समाजप्रति, देशप्रति सद्भाव जगाउन उपदेशात्मक अमृतद्वारा सिञ्चित गरेका हुन्' (स्वामी मुकुन्दाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) । उनले कुशल अध्ययन गर्दै **इतिहासपुराण, धर्मशास्त्र, शाङ्करवेदान्त, साहित्य, व्याकरण र रामानुज वेदान्त**बाट आचार्य पूरा गरी **षडाचार्य** पद प्राप्ति पश्चात् नेपाल फर्केर नास्तिकवादले जर्जर बन्दै गएका समाजहरूलाई उपदेशामृतले सिञ्चन गर्दै सनातन धर्मलाई हराभरा बनाएको इतिहास स्पष्ट छ । उनले समाजमा सनातन धर्मको उत्थानको लागि आफ्नै घर लङ्कुमा २० औं विद्यार्थीहरूलाई निःशुल्क अध्यापन गराएका हुन् । उनले यतिले मात्र (घरको अध्ययन र अध्यापनले)

सनातन धर्म प्रचारमा कमीको महसुस गरी गैंडाकोट नवलपरासीमा श्रीमद्रामानुज वेद विद्याश्रमको स्थापना गराई धान्याचल, मुष्टिदान आदिबाट सयौं विद्यार्थीहरूलाई विद्याप्रदानको व्यवस्था मिलाएका हुन् । उनले पहाड, हिमाल र तराइका कुना कुनामा पनि धर्म प्रचार गर्ने विशिष्ट उद्देश्य राखी वाग्लुङ्को कुँडुले फेदी र म्याग्दीको गलेश्वरमा पनि भव्य धान्याचल महायज्ञ सम्पन्न गरी अक्षयकोष खडा गरेर श्रीमुक्तिनाथ वेद विद्याश्रम र शालग्राम गण्डकी वेदविद्याश्रम स्थापना गरेर सयौं विद्यार्थीहरूलाई पढ्नको लागि व्यवस्था गरेका हुन् । उनले समाज सेवामा र धर्म प्रचारमा अझै पनि न्यूनताको अनुभव गर्दै पहाड, तराईमा विभिन्न स्थानमा सामाजिक धनधान्याचल, सप्ताह ज्ञान महायज्ञ सम्पादन गर्दै वचत कोषबाट मन्दिर निर्माण गर्दै पाञ्चरात्रागम पद्धति अनुसार अखण्ड भोगराग सहितको निरन्तर आराधना चलाई सबै समाजलाई समय समयमा कालक्षेप (कथा प्रवचनद्वारा) समाजमा सनातन धर्मको प्रवर्द्धन गरेको पाइन्छ । यसरी विभिन्न सङ्घ संस्थाहरूमा तीव्र रूपमा संलग्नता देखाउनुले उनको सामाजिक अवधारणा र व्यक्तित्व पनि स्पष्ट भएको छ ।

स्वामीजीले न्यायद्वारा कमाएको केही धनको अंश तीर्थयात्रामा लगाएर मनुष्य चोलालाई पवित्र बनाउनु पर्दछ भन्ने पवित्र उद्देश्य अंकमाल गरी समाजका प्रायः व्यक्तिहरूलाई लिएर दक्षिण भारतको तीर्थयात्रा र मुक्तिनाथ दामोदर कुण्डको यात्रा पटक पटक गराएका प्रमाणहरू पूर्व अध्यायमा चर्चा गरिसकिएको छ । '२५ वर्षमा उनले अति विकट हिमालय प्रदेशको अत्युच्च भाग दामोदर कुण्डको कठीन यात्रा गर्दा श्रीदामोदर (कृष्ण) भगवानको दर्शन भएपश्चात् स्वतः अन्तःकरणबाट मुक्तिनाथ र दामोदरकुण्डको तीर्थयात्रा गर्न आउने भक्तहरूलाई पनि खान र बस्नको कठिनाइको अनुभव गर्दै अन्नदान क्षेत्र सञ्चालन गर्नेछु भन्ने दृढ संकल्प त्यसै बेला नै लिएका हुन् । उनको यो संकल्प २१ वर्षपछि २०४३ मा केवल म्याग्दी गलेश्वरबाट अन्नदान क्षेत्र सञ्चालन भई पूरा हुन्छ । करीव ५ वर्ष निजी खर्चबाट सेवा हुँदै गर्दा र समाजले पनि बुझ्दै जाँदा अहिले समाजकै सहयोगले भक्तहरूले अभूतपूर्व सेवा पाउने गरेका छन् । यो सेवा अहिले पनि पोखरादेखि दामोदरकुण्डसम्म निरन्तर चलिरहेको छ । त्यो अन्नको कमी हुने हिमालयमा प्रशस्त अन्न, अनवरत रूपमा तातो पानीको व्यवस्था, कम्बल गुन्द्री आदिको प्रशस्त प्रबन्ध

मिलाउन सक्नु र भक्तहरूको मनोभावना बुझेर सेवामा टेवा पुऱ्याउनु श्रीधराचार्य स्वामीजीको समाजप्रति ठूलो देन हो' (मुक्तिनाथ पीठाधीश स्वामीजीसँगको मौखिक अन्तर्वार्ता अनुसार) । लङ्कुमा रहँदा पनि विभिन्न सङ्घ संस्था, मठमन्दिर आदिमा विभिन्न कार्यक्रम, वैठक आदिको विचार विमर्श गर्दा श्रीधराचार्य स्वामीजीको अनुपस्थितिमा सबै पदाधिकारीहरू घण्टौंसम्म उनको उपस्थितिको प्रतिक्षामा रहने गरेको बुझिन्छ ।

'२०४४ मा नेपालमै पहिलो पटक अष्टोत्तरशत (१०८) श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ वाग्लुङ्गको कुँडुले फेदीमा सम्पादन गरे पश्चात् समाजमा अझ चर्चामा उत्रेको पाइन्छ' (ऐजन) ।

**"परिश्रमीका सय हात"** भने झैं स्वामीजी लक्ष्मीनृसिंह गुफामा एकान्तमा साधनामा रहँदा पनि समाज सभ्य र शिष्ट बनोस् भन्ने उत्कृष्ट सामाजिक अभिलाषाले त्यस भेग वरपर जस्तै ढोडेनी, वाग्लुङ बजार, नाग्लिवाङ, धाइरिङ, मल्लाज, रत्नेचौर आदि ठाउँका भक्तहरूलाई आफ्ना अमृतमय प्रवचनबाट सिञ्चित गरेर समाजलाई अनन्त गुण लगाएको बुझिन्छ ।

यसरी २००९ देखि नै समाज सेवामा समर्पित स्वामीजीको जीवनका सामाजिक एवं सांगठनिक कार्यहरूको अध्ययनबाट के स्पष्ट हुन्छ भने स्वामीजीको सामाजिक व्यक्तित्व यही समाजको विकास तथा सनातन वैदिक धर्मको सम्बर्द्धनमा स्वदेशी तथा विदेशी भूमिबाट उत्तिकै सक्रियता र तदारुकताका साथ लागेको र उनी नेपाली समाजका एक सच्चा, इमान्दार, सदाचारी र कर्मठ सामाजिक व्यक्तित्व भएको पाइन्छ । यिनै सामाजिक सेवाका आधारशीलाहरूले उनलाई सच्चा समाजसेवीका रूपमा परिचित गराएका छन् । अतः ग्रामीण चेतनास्तर जगाउने तथा अभिवृद्धि गराउने र समाजको हित र उन्नति चाहने श्रीधराचार्य स्वामीजीको सामाजिक व्यक्तित्व प्रमुख रूपमा रहेको छ ।

### ३.३.२ सनातन धर्म प्रचारक व्यक्तित्व

श्रीधराचार्य स्वामीजी अध्ययनको प्रारम्भिक चरणदेखि नै अध्यात्म क्षेत्रमा समर्पित भएका हुन् । 'वि.सं. २००९ सालमा वान्द्रेमा श्रीमद्भागवत महापुराणको अवसरबाट नै सनातन वैदिक धर्मको प्रचार प्रसारमा अग्रसर भएको बुझिन्छ ।

अध्ययनकै क्रममा भारतमा रहँदा पनि निःस्वार्थ भावले अध्यात्म क्षेत्रमा धर्म प्रचार गर्दै हिँडेको देख्दा आफ्ना स्वाचार्य स्वनामधन्य श्रीशुकाचार्य स्वामीजीले श्रीधर जी धर्म प्रचारमा सारथी हुन योग्य छन् भनेर श्रीमुखपत्र प्रदान गरी सनातन धर्मको सम्वाहक बनाएका हुन् । उनी अध्ययन पश्चात् नेपालमा फर्केर मुक्तिनाथ, दामोदरकुण्ड लगायत अन्य तीर्थ स्थलहरूको प्रचार प्रसार गर्दै सनातन धर्मको संरक्षण र सम्बर्द्धन गर्ने पवित्र भावना बोकेर नेपालका कुना काप्चामा गई अज्ञानको सागरमा डुबेका व्यक्तिहरूका माझमा गई वास्तविक धर्मको परिचय दिँदै दिग्विजय प्राप्त गरेका हुन् । उनले सरल स्वभाव, आचरणमा परिपक्वता, गम्भीरता, जितक्रोध, जितेन्द्रिय आदि गुणहरूले गर्दा शरीर अस्वस्थ रहँदा पनि धर्म प्रचार नै सर्वोपरि महाधन हो भन्दै मलिनतालाई शरीरको अन्तः करणमा दमन गराई दिव्य तेजद्वारा सबैलाई आकृष्ट गरेका हुन्' (नन्दलाल सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार) । वैदिक ब्राह्मणको चिनारी शिखा, सूत्र र कौपीनबाट हुने हुनाले उपर्युक्त सामग्रीको संरक्षण गर्दै साधारण भेष भूषामा रहेर जीवनको अन्तिम क्षणसम्म पनि सनातन वैदिक श्रीवैष्णव धर्मको प्रचार प्रसार गरी रामानुजाचार्यको आज्ञा प्रवर्द्धन गराएको हुनाले श्रीधराचार्य स्वामीजीमा सनातन धर्म प्रचारक व्यक्तित्व पूर्ण रुपले झल्किन्छ ।

### ३.३.३ कुशल प्रवचन व्यक्तित्व

कुशल प्रवचन व्यक्तित्व श्रीधराचार्य स्वामीजीको प्रमुख तथा प्रभावशाली व्यक्तित्व हो । १२ वर्षको उमेरमा नै आफ्नो कुशल र सारगर्भित प्रवचनद्वारा सबैलाई आश्चर्य चकित बनाएबाट नै कुशल प्रवचन व्यक्तित्व झल्किन्छ । त्यसपछि पनि ६ वर्ष पर्यन्त आफ्ना आचार्य शालिग्रामाचार्य स्वामीजीको सहसान्निध्यमा रहेर स्वामीजीकै आज्ञाद्वारा कार्यक्रम स्थलमा प्रवचन क्षेत्र सम्हाल्दै त्यो क्षेत्रमा प्रखर प्रवक्ता भई **"हिलोमा कमल फक्रे झैं"** आचार्य सन्निधिमा धीर प्रवक्ताका रूपमा पल्लवित भएको पाइन्छ । भारतमा रहँदा पनि निर्लोभ भावनापूर्वक भक्तहरूको इच्छा पूर्ण गर्न विना दक्षिणाका भागवत, वाल्मिकीय रामायण आदिका विषयमा प्रवचन गर्दै भक्तहरूको इच्छा पूर्ण गर्दै लोकप्रिय बनेको पाइन्छ । उनी अध्ययनको क्रममा अवकाशमा रहँदा पनि नेपालमा आएर समय समयमा कथा प्रवचनहरू हुने गरेको पाइन्छ । षडाचार्य पद प्राप्त गरी नेपाल फर्केपछि त प्रवचनका लागि उनलाई भक्तहरूले खोसाखोस गरेको बुझिन्छ । उनको प्रवचनमा धनोपार्जनको

लक्ष्य नभएर धर्म प्रचारको र परमार्थको लक्ष्य रहेको बुझिन्छ । यसरी ठाउँ ठाउँमा गइ परमार्थ भूषण पहिरिएर प्रवचन गर्दा प्रचनको मिठासबाट सहजै आकृष्ट भएर पुनः भागवतको आयोजना गर्दथे । स्वार्थमा देखावटी हुन्छ तर परमार्थमा देखावटीको लेश पनि हुँदैन । स्वामीजीमा देखावटी थिएन र उनी सबैको नेत्रमा घुमिरहेको पाइन्छ । प्रवचनकै क्रममा एउटा घटना घट्न पुग्छ कस्तो त भन्दा एकजना वृद्ध बुबा कथा प्रवचनमा गएर ध्यान दिएर कथा सुन्ने गर्थे, तर आजसम्म कतै मठमन्दिरमा गएर चन्दा राखेका थिएनन् । 'स्वामीजीले वेदविद्याश्रमको आवस्यकताको निर्देशन गर्दै कथा प्रवचन गर्दा प्रवचनद्वारा अत्यन्त पग्लिएर यी श्रीधर पण्डित बाबुको त बोली नै मी....ठो रहेछ भन्दै खल्तीबाट एक हजारको नोट निकालेर चन्दा दिएका हुन्' (स्वामी जगन्नाथाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) । उनको प्रवचनको मीठासले सबै आकृष्ट बनेको बुझिन्छ । यसरी जीवनको अन्तसम्म नै श्रीधराचार्य स्वामीजीमा कुशल प्रवचन व्यक्तित्वले जाज्वल्यमान भएको पाइन्छ ।

### ३.३.४ साहित्यकार व्यक्तित्व

श्रीधराचार्य स्वामीजीको साहित्यतर्फ झुकाउ त वि.सं.२०२५ देखि नै भएको हो । उनले निबन्ध, कविता लेखेका हुन् तर प्रकाशन भने गर्न सकेनन् । २०३४ मा "वैदिक सुधा" नामक पुस्तिकामा स्वामीजीबाट लिखित "हिन्दु धर्ममा प्रपत्तियोग" नामको लेख प्रकाशित भएको हो । जुन लेखमा "मर्न पर्ने जनले गर्न पर्ने कर्तव्य"को विवेचना गरिएको छ । यही नै उनको प्रकाशित पहिलो लेख मानिन्छ । यसै गरी २०३८ मा उपदेश रत्नमाला र रामानुज नुत्तन्दादिको छायांकन श्लोकमय कवितामा भएको हो र ती कविताहरु हेर्दा कुशल कवित्वको झलक दिन्छ । उनी '२०५० मा गलेश्वरमा रहँदा सहस्रगीति मञ्जरीको रचना भएको हो र २०५६ मा गुफावासमा रहँदा विशिष्ट रूपले परिमार्जित भएको हो । यस सहस्रगीति मञ्जरी नामक ग्रन्थमा दश शतक छन् र प्रत्येक शतकमा १०१ भन्दा बढी श्लोक छन् । लक्ष्मीप्रसाद देवकोटाको मुनामदन नामक कृतिबाट प्रभावित भएर सोही नेपाली झ्याउरे छन्दमा नै संरचित छन् । यस ग्रन्थमा तफ्वत्रय, अर्थपञ्चक आदि रहस्यहरूको उद्घाटन गरिएको छ । यो ग्रन्थ भक्तिरसमा चुर्लुम्म डुबेको छ । स्वामीजीले यस विशालकाय ग्रन्थको अपरनाम "भक्तिगीति महाकाव्य" पनि राखेका छन् । श्रीभगवान्का पावन

नामले भरिपूर्ण छ । यो ग्रन्थ प्रायशः श्रीरामचरित्रमा केन्द्रित छ । प्रथमदेखि चतुर्थ शतकसम्म व्यक्तिको कर्तव्य, अकर्तव्य, विवेक, नवधा भक्ति, नवविध सम्बन्ध, भगवानका गुण वैभवहरूको चर्चा परिचर्चा छ । पञ्चम शतकमा भक्तराज प्रह्लादजीको चरित्रलाई अति सरस शैलीमा चित्रण र नृसिंह भगवानको वात्सल्य गुणको सरस व्याख्या गरिएको छ । छैंठौं शतकमा श्रीराम चरित्रलाई विभिन्न दृष्टिकोणले चित्रण गरिएको छ । सातौं शतकमा दण्डकारण्यको सौन्दर्य वर्णन र वनस्पति विज्ञानको गहिरो अध्ययन छ । आठौं शतकमा जीव र ईश्वरको मिलनको वर्णन छ । नवौं र दशौं शतकमा विभिन्न शास्त्रका विभिन्न सिद्धान्त, दृष्टान्तका साथ भगवत्प्राप्तिको लागि अत्यावश्यक सर्वोत्कृष्ट साधन भक्ति प्रपत्ति मार्गको वर्णन गरिएको छ' (शिष्य ऋषिप्रपन्नाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) ।

साथै २०५५ मा "कल्याणकारी साधना गरौं" नामक ९ श्लोकको कविता कर्तव्याकर्तव्यको बोध गराएको मानव जीवनको सारगर्भित नियमको वर्णन छ । त्यही कृति अन्तर्गत ५ श्लोकको प्रार्थनापञ्चकम् कृति छ । यसमा अनन्य भगवद्भक्त बन्ने प्रार्थना गरिएको छ । यसै गरी २०५६ मा उनले "मनोदूतिकाव्यमञ्जरी" नामक उत्कृष्ट ग्रन्थ रचना गरेका छन् । जसमा मनलाई दूत बनाएर वैकुण्ठ प्रेषण गरिएको छ । यसै गरी स्वामीजीबाट संस्कृतमा अनेक भक्ति स्तोत्रहरू रचना भएका छन् । जस्तै श्रीकृष्णागण्डकी स्तुति, मुक्तिनारायण प्रार्थना, श्रीमुक्तिनाथ मंगलाष्टकम्, श्रीमुक्तिनाथ अष्टोत्तरशत नामस्तोत्रम्, श्रीरंगवेङ्कटेश स्तुति आदि १५ स्तोत्रहरूले भरिपूर्ण "श्रीमुक्तिहरिस्तुति मञ्जरी" नामक ग्रन्थ प्रकाशित छ । यसै गरी वराहपुराण र स्कन्दपुराणबाट मुक्तिक्षेत्र माहात्म्य चयन गरी नेपाली र हिन्दीमा व्याख्या गरी श्री "मुक्तिक्षेत्र माहात्म्यम्" पुस्तक प्रकाशित भएको छ ।

यसरी स्वामीजीका जति नेपाली र संस्कृतका पद्य कवितात्मक कृतिहरू छन् ती सबै भक्तिवर्धक र वैराग्यले भरिपूर्ण छन् । मानव जीवनको लक्ष्यको वास्तविक स्वरूप यी कृतिहरूमा पाइन्छ । प्रायः व्यक्तिहरूले कामोत्तेजक र भौतिक विषयलाई नै सर्वोपरि बनाएर महाकाव्य लेख्दछन् भने उनले त्यो विषयभन्दा माथि उठेर ज्ञान, भक्ति, प्रपत्ति र भगवत्प्राप्तिको विषयलाई लिएर महाकाव्य रचना गरेका छन् ।

### ३.३.५ विशिष्ट आराधक व्यक्तित्व

श्रीधराचार्य स्वामीजीको भगवान्को आराधना गर्ने स्वाभाविक स्वभाव भएको कुरा ४-५ वर्षको छँदा घरबाट गाई, भैंसी चराउन जंगल जाँदा पहाडमा पाइने शालग्राम जम्मा पारी पात गाँसेर टपरी बनाई गाई दुहेर शालग्रामलाई स्नान गराइ वनका कन्दमूल, फल आदि भोग लगाई वन्य पुष्पद्वारा अर्चना गर्दै साथी संगीसँग समय बिताएको प्रसङ्गबाट नै प्रमाणित हुन्छ । 'उनले अध्ययनकालमा ब्राह्ममुहूर्तमा ४ बजे उठेर नित्य आधा घण्टा मानसिक आराधना पश्चात् स्नान गरी घण्टौसम्म सेवा, पूजा, अर्चना, पाठ गरी ब्रह्मतेजले भरिपूर्ण हुने गरेका हुन् । औपचारिक अध्ययन पश्चात् पनि आफू जहाँ जाँदा पनि आफ्ना आराध्यदेव शालिग्रामको नित्य विशिष्ट प्रकारले आराधना गर्ने गरेको बुझिन्छ । उनले मन्दिर निर्माण गरी प्राणप्रतिष्ठा पश्चात् मन्दिरमा अर्चकहरू रहँदा रहँदै पनि स्वयंले सेवा आराधना गर्ने गरेको पाइन्छ । अझ यतिमात्र नभएर सन्यासाश्रम ग्रहण पश्चात् पनि समय समयमा भगवानको विशिष्ट प्रकारले आराधना गरेको पाइन्छ । वैकुण्ठ प्रयाणको समयमा शरीर अस्वस्थ रहँदा अर्चकलाई छिटो भगवानको आराधना गर, भगवानका पार्षदहरू लिनलाई आउँदै छन् उनीहरूलाई तीर्थ प्रसाद दिनु पर्छ भन्दै विशेष सेवा अर्चना गर्न आज्ञा गरेका हुन्' (शिष्य रङ्गराज शास्त्रीसँगको मौखिक अन्तर्वार्ता अनुसार) ।

यसरी उनले आफ्नो जीवनको सर्वस्व महाधन नै भगवानको आराधना हो भनेर विशिष्ट आराधना गर्दै त्यही उपदेश दिँदै ब्रह्मतेज प्राप्त गरी त्यही तेजद्वारा विशिष्ट भक्ति महाकाव्य रचना गरेका हुन् ।

### ३.३.६ अभिभावक व्यक्तित्व

श्रीधराचार्य स्वामीजीको विविध व्यक्तित्वका सन्दर्भमा अभिभावक व्यक्तित्व पनि एक हो । स्वामीजी ३ सन्तानका पिता र संरक्षक हन् । एउटा योग्य पिताले आफ्ना सन्तानप्रति देखाउने प्रेम, सद्भाव र स्नेहबाट उनी कहिल्यै पनि टाढा रहेनन् । उनी केवल आफ्ना सन्तानको मात्र नभएर अरू थुप्रै असहाय विद्यार्थीका पनि अभिभावक हुन् । स्वामीजी एक कर्तव्यनिष्ठ अभिभावकको रूपमा चिनिन्छन् । उनले जेठी छोरी सीताको विवाह २०४३ मा जनकपुरका श्रीनिवस अधिकारीसँग गरेका

हुन् भने कान्छी छोरी सुभद्रको विवाह २०४६ मा चितवन निवासी चक्रपाणि ढुङ्गानासँग भएको हो र पुत्र श्यामनारायणको २०४८ मा बालकृष्ण अधिकारीकी छोरी प्रभासँग विवाह गरिदिएर सन्तानप्रतिको स्वकर्तव्यबाट मुक्त भई कुशल अभिभावकको परिचय दिएका छन् । स्वामीजीको अभिभावकत्व केवल परिवारप्रति मात्र नभएर मुक्तिनाथ दर्शन गर्न जाने आउने यात्रीहरूप्रति मठमन्दिरमा रहने भक्त समुदायप्रति, वेदविद्याश्रममा रहने सम्पूर्ण विद्यार्थी समुदायप्रति, समाजमा रहने भक्त समुदायहरूका लागि पनि अभिभावक भएको पाइन्छ । वास्तवमा स्वामीजीलाई एक सच्चा आदर्श र अध्यात्मवादी अभिभावक र संरक्षकका रूपमा चिन्न सकिन्छ । स्वामीजी औपचारिक अध्ययनपछि भारतबाट नेपाल फर्केपछि लङ्कु चितवनमा घर निर्माण गरी परिवारलाई सबै बन्दोवस्त मिलाएर समाजसेवा गर्न समाजमा रहँदा, मन्दिर निर्माण आदि कार्यमा रहँदा, परिवारमा भागवती (श्रीमती) लाई पत्र व्यवहारमा पनि शिष्ट भाषामा कुशल सम्बोधन पश्चात् संसारी फजुल कुराहरू नलेखी केवल पारमार्थिक र आश्रमीय कुराहरू प्रेषण गरेको पाइन्छ । 'उनले ५१ वर्षे उमेरसम्म सन्तानका लागि गर्नु पर्ने कार्य, उनीहरूका शिक्षादीक्षा र संस्कार आदि यथासमयमा गरेकाले गृहस्थाश्रमको दायित्व पूरा गरी ५१ वर्षमा वानप्रस्थाश्रम तर्फ उन्मुख भएका हुन् । उनले २०५२ सालमा ५५ वर्षको उमेरमा पुत्रलाई सर्वस्व जिम्मा लगाई श्रीमती (भागवती) लाई पुत्रकै संरक्षकत्वमा सुम्पेर संसारदेखि पूर्ण वैराग्यले विभूषित भएर चतुर्थाश्रम (सन्यासाश्रम) ग्रहण गरी केवल आश्रमीय अभिभावकको अभिभारा लिएका हुन् । उनले २०५६ मा गुफामा निवास गरेर आश्रमको अभिभावकत्वबाट पनि बिदा लिएका हुन् । गुफामा रहँदा स्वामीजीले अभिभावक स्वीकार नगरे पनि सबै भक्त भागवत शिष्यहरूले स्वामीजीलाई नै एक मात्र अभिभावक स्वीकार्ने गरेको बुझिन्छ' (शिष्य ऋषिप्रपन्नाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) ।

अतः स्वामीजीले एक आदर्श हिन्दू पिता (अभिभावक) ले आफ्ना सन्तान, समाज र शिष्यप्रति गर्नु पर्ने सम्पूर्ण दायित्व र स्वकर्तव्य राम्रोसँग पूरा गरेकाले स्वामीजीलाई एक कुशल संरक्षक र असल अभिभावक व्यक्तित्वका रूपमा चिनिन्छ ।

### ३.३.७ तपस्वी व्यक्तित्व

श्रीधराचार्य स्वामीजीको जीवनमा विविध व्यक्तित्वका माझमा तपस्वी व्यक्तित्व पनि एक हो । 'उनको एकान्तमा रहेर भगवच्चिन्तन गर्ने प्रवृत्ति सानैदेखि नै रहेको हो । अध्ययनको क्रममा पनि ब्राह्ममुहूर्तमा उठेर उत्तराभिमुख भएर घण्टौंसम्म भगवच्चिन्तन हुने गरेको पाइन्छ । उनले २५ वर्षको कलिलो उमेरमा मुक्तिनाथ, दामोदरकुण्ड (तात्कालिन अतिविकट क्षेत्र) को अत्यन्त चिसो हिमालयमा एक हप्तासम्म संयमका साथमा तपस्या गरी श्रीदामोदर भगवानको साक्षात्कार गरेका हुन् । उनी गलेश्वरमा रहँदा पनि जडभरतले तपस्या गरेको भरतगुफामा गई समय समयमा तपस्या गरेको देखिन्छ । तीर्थयात्राको क्रममा पनि एकान्त भूमिमा गई भगवानको साक्षात्कार गरेको बुझिन्छ । यिनी आदर्श चरित्रहरूबाट परिपाक बन्दै गएपछि २०५२ मा सन्यासाश्रम ग्रहण गरी दिनहुँ तपश्चर्यामा प्रवृत्त भएका हुन् । त्यतिले पनि तपस्यामा कमी भएको महसुस गरी २०५६ वैशाखमा लक्ष्मीनृसिंह गुफामा तपस्याका लागि नै पदार्पण गरी जनसम्पर्कलाई कम गर्दै अष्टाङ्गयोगका आठै अङ्गको अनुशीलन गर्दै समाधिसम्म पुग्दै भगवच्चिन्तन गरेको पाइन्छ' (ऐजन) ।

उनको जीवनलाई लिएर समग्रमा भन्नुपर्दा जीवन रुपी धन नै तपस्यामा रत रहेको र त्यही तपस्यामा रहँदा रहँदै सुषुम्ना नाडी (ब्रह्मरन्ध्र) बाट प्राण प्रयाण गरी सदाका लागि वैकुण्ठनाथ भगवान्को सेवामा सरीक भएको बुझिन्छ ।

### ३.३.८ अनुवादक व्यक्तित्व

श्रीधराचार्य स्वामीजीको साहित्यिक क्षेत्रमा अनुवादकत्व गुण विशिष्ट स्थानमा रहेको छ । उनले अध्ययनकालबाट नै अनुवाद प्रारम्भ गरे पनि पुस्तकाकार कृति भने २०३८ मा भएको हो । उनको अनुवादमा विशेषता के छ भने श्लोक जुन छन्दमा छन् त्यही छन्दमा नै भाव स्पष्ट आउने गरी अर्थ पनि पूर्ण रूपमा स्पष्ट छन् । 'वि.सं. २०३८ मा अनुदित श्रीरामानुज नुत्तन्दादि नामक ग्रन्थका लेखक रङ्गामृत कवि हुन्, जसलाई द्राविडमा अमुदानार भनिन्छ । द्राविड र संस्कृतमा भएको ग्रन्थलाई नेपाली समाजमा पुऱ्याउन जुन छन्दमा संस्कृतमा छ त्यही छन्दमा नेपालीमा अनुवाद गरेर प्रकाशनमा ल्याएका हुन्, जसमा १०८ गाथा (श्लोक) छन् र प्रपन्न भक्तहरूको दिनचर्या र चरित्रले भरिपूर्ण छ' (स्वामी घनश्यामाचार्यसँगको

मौखिक अन्तर्वार्ता अनुसार) । यसै गरी २०३८ मा नै उपदेश रत्नमालाको छाँयाँनुवाद भएको हो । गोविन्द दामोदरस्तोत्रको पनि सुन्दर नेपाली छायाँनुवादमा छ, जो भक्तका लागि अतिप्रिय छ । यस्तै श्रीशालग्राम मंगलाशासन पनि छाँयाँनुवादककै कोटिमा रहेको छ र यो परकाल आल्वारद्वारा विरचित ग्रन्थ हो । यो शार्दूलविक्रीडित छन्दमा छ । जहाँ अनेक अवतारको प्रसङ्गको साथमा मनलाई शीघ्रातिशीघ्र श्रीमुक्तिक्षेत्र निवासी शालग्रामको दर्शन गर र मंगलाशासन गान गर भनी प्रार्थना गर्दै मंगलको कामना गरिएको छ । विविध पुराणहरूबाट मुक्ति क्षेत्रका माहात्म्यहरूलाई चयन गरेर पंक्तिबद्ध रुपमा "मुक्तिक्षेत्र माहात्म्यम्" नेपाली र हिन्दी भाषामा टीका गरिएको छ । दामोदर कुण्डदेखि लिएर त्रिवेणी पर्यन्तको क्षेत्रको (तीर्थ) महिमा वर्णन छ । शालग्रामको महिमा वर्णन गरिएको नेपाली धार्मिक साहित्यमा सहयोग पुग्ने ग्रन्थ हो । यसै गरी श्रीस्तोत्ररत्नमणि मालिका अनेक संस्कृत स्तोत्रहरूको नेपालीमा छायाँनुवाद गरिएको छ । यो अप्रकाशित पाण्डुलिपीमा आबद्ध कृति हो । यसै गरी श्रीधराचार्य स्वामीजीबाट अन्य कृतिहरू पनि अनुदित छन् जो प्रकाशोन्मुख अवस्थामा छन् । यसरी नेपाली छायाँनुवादका धनी छन्द, भाव, भावार्थ र स्पष्ट शाब्दिक अर्थ खुल्ने गरी रचना गर्नमा अतिचनाखो गुण भएका स्वामीजीलाई अनुवादक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

### ३.३.९ अन्य

श्रीधराचार्य स्वामीजीको जीवनयात्राका उकाली ओरालीहरूमा देखा परेका प्रमुख व्यक्तित्वको चर्चा अघिल्ला शीर्षकमा गरिसकिएको छ । स्वामीजीका केही गौण महफ्वका व्यक्तित्वहरूलाई हेर्ने प्रयास गरिएको छ । साथीभाइ र शिष्यहरूलाई लेख्न, पढ्न र केही गर्नु पर्छ भन्ने प्रेरणा र हौसला दिने स्वामीजी सामुहिक सहयोग र चिन्तनबाट नै कुनै पनि कुराको कडी पत्ता लगाउन सकिन्छ भन्ने पूर्ण अनुभव र विश्वासमा रहेको बुझिन्छ । 'अध्ययन कार्यमा आफूलाई सदैव संलग्न गराइरहने हुनाले उनमा अध्ययनशील र चिन्तक व्यक्तित्वको पनि विकास भएको छ । उनले माता, पिता र जन्मभूमिको राम्रो सेवा गरेको हुनाले स्वदेश प्रेमको पुञ्ज पनि देख्न पाइन्छ । स्वामीजीमा सेवत्व, गम्भीरत्व, वीरत्व, सहनशीलत्व आदि गुणहरू जीवनयात्राको अन्तिम कालसम्म पनि विद्यमान रहेको पाइएको हो ।' ( दामोदर रेग्मी गुरुसँगको मौखिक अन्तर्वार्ता अनुसार) जीवनभर तडकभडक नदेखाई साधारण

पोशाकको उपभोग गरी सादा जीवन उच्च विचारको पवित्र धारणा राख्ने स्वामीजीमा सरल व्यक्तित्वको पनि झल्को पाइन्छ ।

सङ्क्षेपमा भन्नुपर्दा स्वामीजीलाई एक सफल साहित्यकार, सच्चा समाजसेवी, योग्य अभिभावक, तपस्वी, आराधक, धर्म प्रचारक, कुशल प्रवाचक, धीर, वीर र सहनशील आदि गुणहरूले भरिपूर्ण सपूत व्यक्तित्वका रूपमा समाजमा चिन्न सकिन्छ ।

## ३.४ निष्कर्ष

श्रीधराचार्य स्वामीजी शारीरिक दृष्टिले ५ फिट ५ इन्च अग्ला, कृशकाय, मझौला आकृतिका, तेजस्वी आँखा, उच्च मिलेको नाक, सुन्दर लम्बायमान शिखाले युक्त शिर र बाक्लो केशराशि, लामो मुखमण्डल, सेतो ऊर्ध्वपुण्ड्र (तिलक) र विचमा दीपशिखाको आकार भएको श्रीचूर्णले सुशोभित उच्च र तेजपुञ्जले देदीप्यमान ललाट, गहुँगोरो वर्ण भएका सिद्धपुरुषका रूपमा सदा सर्वदा हँसिलो अनुहार र गेरुआवस्त्रले सुशोभित र हातमा त्रिदण्डले शोभायमान भएका व्यक्तित्व हुन् । उनमा शास्त्रीय अनुकूलको सात्विक भोजन, सज्जनहरूको सङ्गत, सदा परहित पुरुषर्थी स्वभाव रहेको पाइन्छ । अब आन्तरिक व्यक्तित्वमा जाँदा संधै अध्ययनशील स्वभाव, दयालुपना, गम्भीरता, उपदेशात्मक प्रवृत्ति, मननशील, तपस्वी, उच्च विचार, राष्ट्रवादी, सदाचारी, लगनशील स्वभाव, निर्भयी, कुकृत्य र कुविचारबाट संधै टाढा, मितभाषी, धीर, परिश्रमी, स्वभावले आन्तरिक व्यक्तित्वको निर्माण गरेको छ ।

व्यक्तित्वका विविध रूपलाई केलाउँदा नौ भागमा विभाजन गरी अध्ययन गरिएको छ । उनले समाजमा रहेर समाजका प्रति केही गर्नु पर्छ भन्ने भावना बोकेर समाजमा पिछडिएका, भगवानदेखि विमुख भएका प्राणीको नास्तिकतालाई मेटाउँदै आस्तिकतातिर उन्मुख गराउन समय समयमा कथा प्रवचन, भजन, कीर्तन, तीर्थको भ्रमण, शरणागति प्रदान, यज्ञयागादिबाट सहयोग, अन्नदान क्षेत्र सञ्चालन, अध्यापन, मन्दिर र वेदविद्याश्रमको स्थापना आदि कार्य गर्दै समाजलाई धार्मिक क्षेत्रमा अग्रसर बनाई जीवन सुधार गरेका हुन् । उनले धर्म प्रचार गर्न गाउँ गाउँमा गएर नजानेकालाई सिकाउँदै र विदेशी धर्मको नाममा अधर्म गर्ने जो प्रवृत्ति हो त्यसलाई हटाई सनातन वैदिक धर्मको रक्षा गरेका हुन् । उनले विद्यार्थीहरू उत्पादन

गरी स्वदेश र विदेशमा समेत सनातन धर्मको प्रचार प्रसार गरेको पाइन्छ । यसै गरी मीठो बोली नै मानिसको धन हो भन्ने भावना गरी सबैसँग मीठो मसिनो बोल्दै प्रभाव पार्ने शैली स्वामीजीमा रहेको पाइन्छ । कुशल प्रवचन शैलीले गर्दा धेरै भक्तहरू प्रभावित भएका घटनाहरू प्रशस्तै छन् । उनले १२ वर्षबाटै प्रवचन क्षेत्रमा अग्रसर भई विना दक्षिणाको भागवत कथा प्रवचन गरी उदार भावना प्रकट गरेका छन् । कथाको लक्ष्य धनोपार्जन नभएर धर्म प्रचारको लक्ष्य रहेको हो । साहित्यका क्षेत्रमा पनि धेरै ग्रन्थहरू लेखेका छन् । उनी संस्कृत र नेपाली दुवै भाषामा सिद्ध हस्त भएका व्यक्तित्व हुन् । सरल, मीठो भाषामा लेख्दा सबै प्रसन्न भएका छन् । उनमा अनुदित कला पनि अत्यन्त मिठासपूर्ण भएको पाइन्छ । भाव, भावार्थ, शब्दार्थ आउने गरी उही छन्दमा नेपाली भाषामा छाँयाँनुवाद गर्दा सर्वसाधारणहरू पनि प्रसन्न भएका छन् । संस्कृतमा पनि १६ भन्दा बढी कृतिहरू प्रकाशित छन् भने प्रकाशोन्मुख कृतिहरू पनि धेरै छन् । 'सहस्रगीति मञ्जरी (भक्तिगीति महाकाव्य) नामक ग्रन्थ विशालकाय ग्रन्थ हो । जसमा स्वयंले जीवनमा अध्ययन गरेका सबै प्रकारका ज्ञान त्यसमा दुधमा नौनी वा खारिएको घ्यूका समान एकत्रित छन् । जो एकचोटी भक्तिभावपूर्वक पढ्नाले हृदय पघाल्ने ग्रन्थ हो' (स्वामी श्रीकृष्णमाचार्यसँगको मौखिक अन्तर्वार्ता अनुसार) । "कल्याणकारी साधना गरौं" यो कृति पनि मर्मस्पर्शी छ । मनोदूति काव्य मञ्जरी अझै हृदयस्पर्शी छ । स्वामीजीमा कुशल अभिभावकत्व गुण रहेको छ । उनले छोरा छोरीलाई यथा समयमा यथायोग्य संस्कार गराएर भविष्यको बाटो देखाइदिएर स्वयं तटस्थ रहेके छन् । केवल आफ्नाको मात्र अभिभावक नभएर आफूमा आश्रित भक्तहरूको पनि अभिभावक भई अभिभारा बोकेका उनले शिष्यहरूमा गर्नु पर्ने सबै कार्य सम्पन्न गरेका छन् । उनले पूर्ण जीवन तपस्यामय बनाउँदै जाँदा पनि कमिको महसुस गरी सारा संसार प्रपञ्चलाई तिलाञ्जली दिएर जीवनको अन्तमा साधनारत भई काव्य साधना र जनसम्पर्कबाट टाढा रहेर भगवत्प्राप्तिको कठोर साधना गर्दै तपस्या गरेका हुन् । उनले अन्तमा तपस्यारत रहँदा समाधिस्थ हुँदै अनुसन्धान गरेको र जीवात्मालाई परमात्मामा लगेर एकाकार गराउँदै जाँदा २०५६ मा पाञ्चभौतिक शरीर योगपूर्वक त्याग गरी सुषुम्ना नाडीबाट प्राणप्रयाण (प्राण जाने बाटो) गराई पूर्वाचार्यहरूका साथमा भगवत्सन्निधि (वैकुण्ठ) प्राप्त गरी विविध व्यक्तित्वको विश्राम लिएका हुन् ।

# अध्याय चार

# श्रीधराचार्य स्वामीजीको कृतित्वको अध्ययन

## ४.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिले आफ्नो जीवनमा अनुभव गरेका विषयवस्तुलाई सिलसिला मिलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्दछ । त्यही प्रस्तुतीकरणलाई नै साहित्यिक कृति भनिन्छ । श्रीधराचार्य स्वामीजीले जीवनमा अध्ययन, अध्यापन, चिन्तन, मनन आदिबाट द्रवीभूत भएर ज्ञानको परिपाक अवस्थामा नेपाली र संस्कृत भाषामा धेरै कृतिहरूको रचना गरेका छन् । स्वामीजीबाट फुटकर कविताहरू पनि रचना भएका छन् । उनका रचनामा पूर्णतया भगवच्चरणमा अनुराग उत्पन्न गराउने तफ्वहरू पाइन्छन् । सांसारिक विषयवस्तु भन्दा पारमार्थिक अनुभव धेरै भेटिन्छन् । अलङ्कार, विषयवस्तु, प्रतीक बिम्ब आदि पनि उनका रचनामा प्रशस्त भेटिन्छन् । उनले निरन्तर लेखनकार्यलाई पनि समय दिएको पाइन्छ । २०२१ सालदेखि नै उनले साहित्य क्षेत्रमा लेखनकार्यलाई निरन्तरता दिएका छन् । उनले मुक्तक, फुटकर कविताहरू धेरै नै रचना गरेका छन् । उनमा सानैदेखि केही न केही गर्नु पर्छ र लेख्नु पर्छ भन्ने धारणा रहेको देखिन्छ । आफ्नो पारिवारिक वातावरण त्यति साहित्यिक नभए पनि उनले प्राप्त शिक्षा, राष्ट्रिय अन्तर्राष्ट्रिय स्थिति, आचार्य गुरुजनहरूको प्रेरणा, साथीहरूसँगको सहवास र प्रभाव आदिबाट साहित्यतर्फ आकर्षित भई साहित्यका विधामा कलम चलाउँदै साहित्यिक यात्रामा अगाडि बढेका हुन् । उनी प्रारम्भदेखि नै समस्त प्राणि मात्रको कल्याणार्थ मानवताको हिसावले गर्नै पर्ने आचरण, व्यवहार, चिन्तन, मनन आदिलाई सहयोग पुग्ने आध्यात्मिक विषयलाई लिएर साहित्यको फाँटमा अग्रसर भएका हुन् । उनले २०२१ सालदेखि नै साहित्यिक रचना गरे पनि प्रकाशित भने हुन सकेनन् । प्रकाशनको हिसावले २०३४ सालमा जय भारत प्रेस बाँसफाटक वाराणसीबाट प्रकाशित **‘वैदिक सुधा’** नामक पुस्तकमा **“हिन्दू धर्ममा प्रपत्तियोग”** नामक लेख प्रकाशित गरेर नै साहित्यका फाँटमा समाजमा प्रतिष्ठित भएको देखिन्छ । स्वामीजीको लेखनकला केवल नेपाली भाषामा मात्र नभएर संस्कृत र हिन्दी भाषामा पनि दक्षता रहेको देखिन्छ । उनका धेरै

कृतिहरू मध्ये विशाल र उत्कृष्ट ग्रन्थ **'श्रीसहस्रगीति मञ्जरी'** (भक्तिगीति महाकाव्य) हो । अब यो लेखनी उपर्युक्त कृतिको विश्लेषण तर्फ अग्रसर बन्दछ ।

## ४.२ श्री सहस्रगीति मञ्जरीको विश्लेषण

यो सहस्रगीति मञ्जरी (भक्तिगीति महाकाव्य) स्वामीजीले '२०५० सालमा आषाढ गुरुपूर्णिमाको दिन गलेश्वर चक्रशीला (जहाँ मुक्तिहरि र चक्रहरि महादेवको सन्निधि तथा रहुगङ्गा र कृष्णागण्डकीको संगमस्थल) मा गुरुपूर्णिमाको उत्सव सम्पन्न गरी सायङ्कालमा उत्तराभिमुख भएर श्रीभगवानको चिन्तन गर्दै जाँदा **श्रीहरि भन, हे मेरो मन, श्रीलक्ष्मी बल्लभ । श्रीरामकृष्ण, गोविन्द विष्णु, श्रीरङ्गगोपाल ॥** यस्तो असारे लयपूर्ण ध्वनि श्रीमुखबाट निःसृत हुन पुग्दछ । यो श्लोक (कविता) पूरा गर्न स्वतः नै स्फुरण भएर आउँदा कविता पूर्ण बन्दछ । **वेङ्कटनाथ, श्रीमुक्तिनाथ, श्रीनाथ श्रीधर । भनेर दिन, विताउ तिमी, न सम्झ संसार ॥** यो कविता पूर्ण भै बारम्बार आवृत्ति हुँदा र श्रीमुखबाट शब्दहरूको वर्षा हुँदै जाँदा १०० दिनमा यो मञ्जरी श्री भगवच्चरणमा समर्पण भएको हो । यो ग्रन्थ रचनाका समयमा स्वामीजीमा पूर्ण वैराग्य र छन्दमा पनि वैराग्य छन्द हुनाले वैराग्यद्वयको संगमवेणी नै श्री सहस्रगीति मञ्जरी हो । यसमा पाँच, पाँच र छ अक्षरमा विश्राम मानिएको छ । यसो गर्दा राम्रो लोकलय (असारे) को रूप लिन्छ । अनेक भगवन्नाम संग्रहीत **'सहस्रगीतिमाला मञ्जरी'** पनि यसको नाम परेको छ ।' (स्वामीजीले गोविन्दाचार्यलाई सम्प्रेषण गरेको पत्रबाट साभार गरिएको) उपर्युक्त रचनालाई निम्न लिखित शीर्षकहरूमा अध्ययन गर्न सकिन्छ ।

### ४.२.१ विषयवस्तु

प्रस्तुत श्रीसहस्रगीति मञ्जरी कवि श्रीधराचार्य स्वामीजीबाट रचित काव्य हो । उनले रचनाका आदिमा निर्विघ्नतापूर्वक सम्पन्न हुनलाई आचार्य, विद्याका अधिपति हयग्रीव भगवान्, गुरुपरम्परामा दीक्षित आचार्यगण, राधारमण, वैकुण्ठनाथ भगवान्को स्मरण गरेका छन् । उनले मानव जीवनको सर्वस्व धन नै नाम सङ्कीर्तन भएको हुनाले भगवान्को स्मरण गर्नलाई मनलाई हे मन ! तिमी संसारमा घुमेर, भगवान्लाई भुलेर भड्कने काम नगरिकन भजन, कीर्तन, स्मरण गर भनेका छन् । कवि सनातन हिन्दू धर्मका धेरै शाखामध्ये मूल शाखा श्रीवैष्णव धर्ममा दीक्षित

भएका हुनाले मोक्षानन्द प्राप्त गर्नलाई शरणागतिलाई स्वीकार गर्नु उपयुक्त हुन्छ र शरणमा परिएन भने फेरी पनि जन्म र मरणको चक्रमा घुमिरहनु पर्छ भन्दै उनले जीवलाई सचेत गराएका छन् । श्रीमद्भागवत आदि पुराणहरूले र देवताहरूले पनि प्रशंसा गरेको ठाउँ यो भारतवर्ष नेपाल भूमिमा जन्म प्राप्त गर्न पाउनु नै जीवात्माको भाग्योदयको सूचक हो । भारतमा पनि ऋषि महर्षिहरूले सेवन गरेको नेपाल भूमि, त्यसमा पनि कृष्णागण्डकीको तटवर्ती क्षेत्र, त्यससमा पनि मनुष्य, द्विज, ब्राह्मणको पवित्र कुलमा जन्म प्राप्त गरेर पनि हरिको शरणमा परिएन भने, मौकाको फाइदा उठाइएन भने, सत्कर्म गर्ने चेष्टा र विवेक भएन भने केवल पछुतो मात्र शेष रहन्छ । यही सुवर्ण मौका सफल पार्नको लागि श्री भाष्यकार रामानुजाचार्यको विशिष्टाद्वैत सिद्धान्तलाई स्थापना र प्रतिपादन गर्नका लागि तत्त्वत्रय र अर्थपञ्चक् आदि ज्ञानलाई विस्तृत रूपमा वर्णन गरेका छन् । उनले चित् जीवात्मा, अचित प्रकृति र ईश्वरको विस्तृत वर्णन गरेका छन् । चित् भनेको जीवात्मा हो, अविनाशी हो, अजर अमर छ, ईश्वरको पराधीन छ र ज्ञानवान् पनि छ । अचित् भनेको प्रकृति हो, यो परिवर्तनशील छ, अनित्य छ र यो पनि ईश्वरकै अधीनमा छ । ईश्वर सर्वतन्त्र स्वतन्त्र, समर्थ, अनन्त कल्याणादि गुणले विशिष्ट अविकारी, अपरिवर्तित, एक भएर पनि धेरै हुने गुण भएको, भक्तवत्सल, हरिको ज्ञान हुनु नै तत्त्वत्रयको तत्त्व जान्नु हो । यी ३ तत्त्व जानेमा मात्र स्वरूपको ज्ञान हुन्छ ।

अर्थपञ्चकमा स्वस्वरूप, परस्वरूप, उपाय स्वरूप, विरोधी स्वरूप र प्राप्ति स्वरूप पर्दछन् । यी ५ तत्त्वलाई जान्नु नै अर्थपञ्चकको ज्ञान हुनु हो । यिनै तत्त्वहरूको विस्तृत वर्णन गर्नको लागि र स्पष्ट पार्नको लागि कविले छन्दोबद्ध रूपमा कलम चलाएका छन् ।

जीवात्मा हरिको शेष हो, कर्मले अल्पज्ञ र दुःखी बनेको छ । सद्गुरुद्वारा स्वरूपको ज्ञान हुँदै जान्छ र आचार, कर्म र सद्धर्ममा निष्ठा बन्दछ । जीवात्माले संस्कृति, मर्यादालाई अङ्गाल्दै, घमण्डादिले मदान्ध नभै परमात्माको शेष सम्झेर स्वकर्तव्य र परमात्माको कृपाको स्मरण गर्दै सद्गुरुद्वारा शरणागति (वैष्णव) भएर यो शरीरले भोग्नै पर्ने प्रारब्ध कर्मको विनियोग गर्दै, भजन गर्दै जानु नै जीवात्माको कर्तव्य हो । जीवले छोड्नै नहुने नाम संकीर्तनको महिमा कविद्वारा विशेष धेरै उठाएका छन् । उनले परस्वरूप नारायणको वर्णन विभिन्न दृष्टिकोणबाट वर्णन

गरेका छन् । उपायस्वरूपमा जीवात्माले परमात्मालाई प्राप्त गर्न अङ्गाल्नै पर्ने उपायहरूको चर्चा गरेका छन् । हरिविना जीवको केही पनि उपाय छैन । कविले हरि नै उपाय र हरि नै उपेयको स्थापना गरेका छन् । विरोधी स्वरूपमा परमात्मालाई प्राप्त गर्न नदिने, विरोधको रूपमा रहने स्वरूपको वर्णन छ । देह नै आत्मा हो यो भाव आउनु, स्वतन्त्रताको अनुभूति हुनु, भगवज्जनसँग विरोधको भावना आउनु, मर्यादा तोड्नु, भजनादिमा आलस्य पैदा हुनु, कुनै पनि कृत्यमा गर्वको अनुभूति हुनु यस्ता विरोधी कर्म नै विरोधी स्वरूप हुन् र यिनको ज्ञान भएर यिनीदेखि टाढा रहनु नै विरोधी स्वरूपको ज्ञान हो । यही आशयलाई विस्तृत वर्णन कविले गरेका छन् । प्राप्ति स्वरूप भनेको जीवात्माले अन्तमा प्राप्त गर्ने वस्तुको वर्णन छ । त्यो हो मोक्षानन्द । मोक्षानन्द प्राप्त गर्नलाई जीवले गर्न नहुने कार्य जस्तै विषयानन्दको विस्तारै त्याग, तृष्णाको त्याग, अभद्र खाद्य र पेय वस्तुको त्याग, नग्नाङ्ग दर्शनको त्याग, कुभाव र हिंसा त्याग, निर्दयताको त्याग आदिको वर्णन गर्दै सज्जनसंगत, शालग्राम सेवा, नवधा भक्ति, नैवेद्य भोजन, तीर्थयात्रा, निष्काम भावले श्रीनाम भजनकीर्तन, नवविध सम्बन्धको स्मरण, आचार्य सेवा, शरणागति स्वीकार, आर्तप्रपन्न, चरणामृत पान, शास्त्रको अध्ययन, सदा नैच्यानुसन्धान गर्दै जानु नै मोक्षानन्दको अधिकारी हुनु हो ।

कवि भन्छन् शरणागति भनेको एउटी पुत्रीलाई पिताले जसरी योग्य पुरुषका साथमा विवाह गरिदिएर छोरीको मूल भार ज्वाइँमा सुम्पिदिन्छन् र ढुक्क भएर बस्छन्, त्यसै गरी हामीले पनि आत्मारूपी छोरीलाई भगवानरूपी वरको हातमा सुम्पिएर सदाका लागि सुम्पनु नै शरणागति स्वीकार गर्नु हो । शरणागत भएको जीवात्मालाई रक्षा गर्न भगवानलाई जति कर लाग्दछ, त्यति शरणागत नभएकालाई कर हुँदैन भन्ने आशय कवि रहेको छ । जसरी पखेटा नउम्रेका चराका बचेरा बाबु र आमाको प्रतीक्षामा रहन्छन्, जसरी भर्खरको लैनो बाच्छो आमाविना जसरी तड्पिन्छ, जसरी विदेश गएको पतिको अनुपस्थितिमा पतिव्रता नारीले पतिसंयोगको आशामा तड्पिन्छन् त्यसै गरी यो जीवात्मा परमात्मादेखि टाढा भएर संसारमा चक्कर खाइरहँदा प्रभुको याद र सम्झनामा तड्पिन सक्नु नै जीवको मुख्य स्वरूप हो र त्यसै गरी नतड्पेसम्म प्रभुलाई प्राप्त गर्न र प्रभुबाट कृपा पाउन गाह्रो छ ।

यही शरणागति नै सर्वोपरि उपाय र श्रीनारायण नै जीवात्माका सेव्य दर्शाउनको लागि कविद्वारा प्रह्लाद, विभीषण, द्रौपदी, गजराज, अहल्या, ध्रुव आदि भक्तको चरित्रद्वारा पुष्टि गरेका छन् । प्रह्लाद परमज्ञानी र वैष्णव बालक हुन् । उनलाई भोजन बन्द, अग्निमा जलाउनु, हात्तिबाट कुचाई, भिरबाट खसाइ, टुनामुना, सर्पको डसाइ, सिन्धुमा डुबाई, नागपाशको बधाइ आदि दुःखमा पनि नतड्पेर पूर्ण भगवानकै भरोसा र शरणागति हुनाले उनी सफल हुन्छन् र अखण्ड राज्यका साथमा हरिलाई प्राप्त गर्दछन् । त्यसै गरी हामी जीवात्मा पनि प्रह्लाद नै हौं र जस्तै दुःखमा पनि हरिलाई वरण गरेपछि हिरण्यकशिपु जस्ता विरोधीहरू दूर भएर जान्छन् । यहि शिक्षा प्राप्त गर्दै आचरणमा उतार्ने प्रयास गर्नु नै प्रह्लादको चरित्र र भक्तिको औचित्य हुन आउँछ । विभीषणको शरणागतिको उठान रामचरित्रबाट गर्दै आफ्नो दाजु रावणबाट लात खाएर यो रावणको हातबाट मर्नु भन्दा रामकै हातबाट मर्नु वेश भन्दै दुष्ट रावणलाई त्याग गरी रामको शरणमा जान्छन् र शरणागतिका प्रभावले उनले अखण्ड लङ्काको राज्य प्राप्त गर्दछन् । कवि भन्छन् हामी सबै विभीषण नै हौं । संसारको विषयवासनाबाट बारम्बार लात खाँदा पनि होस् आएको छैन । विषयवासनालाई हृदयदेखि नै त्यागेर हरिको शरणमा परेमा सांसारिक विषयभन्दा धेरै परको अखण्ड परमपद नै प्राप्त हुन्छ । कवि श्रीधराचार्यको मुख्य आशय यही नै रहेको छ । द्रौपदीले भारी सभामा जसरी शरणागत स्वीकार गर्न पुग्छिन् त्यतिबेला सबैका साम्नेमा हरि साडी बनेर रक्षा गर्दछन् र सँधैका लागि रक्षित हुन्छिन् । त्यसरी नै यो जीवात्मा पनि द्रौपदी हो र भारी सभा भनेको संसारको सम्बन्धमा बाँधिएर रहँदा र विषय वासनामा चुर्लुम्म डुब्दा पनि हामीलाई वास्ता छैन । द्रौपदीका समान शरणागत स्वीकार गर्ने हो भने हामी सबैको सदाका लागि रक्षा हुन्छ र परमपदमा पुग्न पाइन्छ । हामी पनि द्रौपदीका समान रक्षित हुनु पर्दछ भन्ने आशय कविको रहेको छ ।

गजराज हात्ती पशुयोनिमा भएर त प्रभुको स्मरण गर्दा शरणागत हुँदा मरणासन्न अवस्थामा मोक्ष प्राप्त गर्न पुग्दछ भने हामी त मनुष्य हौं मनुष्यले अवश्य पनि जति नै दुःख परे पनि पूर्ण शरणागत भएर हरि स्मरण गरेमा उद्धार अवश्य पनि हुन्छ र दुर्गतिमा पर्न पर्दैन । गजराज परमभक्त भएको प्रसङ्गले मनुष्य अझ त्यो गजराज भन्दा पनि उत्कृष्ट पद प्राप्त गर्ने मूल विचार लिएर अघि बढेमा अवश्य पनि उद्धार र रक्षा हुन्छ ।

अहल्या पतिको आज्ञा शिरोधार्य गर्दै भजन गर्दै ढुङ्गो बनेर रहेकी हुन्छिन् र पनि श्रीरामले भक्तिलाई सर्वोपरि मान्दै आफ्नो चरण स्पर्श गराउँदा साथ दिव्य सुन्दरी बनेर पति सेवामा संलग्न हुन्छिन् । शरणागति र भक्तिको पराकाष्ठाले पाषाणबाट पनि दिव्य बन्ने अवसर प्राप्त हुन्छ । त्यसैले हामी पाषाण नै त बनेका छैनौं । अवश्य पनि शरणागति हुनै पर्ने सन्देश स्वामीजीको आशयबाट स्पष्ट हुन्छ । ध्रुव सानै उमेरमा आफ्नो अटल स्वभावमा रहेर गुरु र माताको आज्ञाको स्वीकार गर्दै दुःख कष्ट सहेरै भए पनि शरणमा परेर दिव्य दर्शनको इच्छा राख्दा दर्शन, स्पर्शन, राज्यपद, परमपद सबै प्राप्त गरेका हुन् । हामी पनि ध्रुव भन्दा कमी छैनौं । ध्रुवपद पाउने अधिकार हाम्रो पनि छ । यही दृढ निश्चयी बनेर भक्तिमा चुर्लुम्म डुबेर माता पिता र गुरुको आज्ञा पालन गर्दै शरणागत भएमा ध्रुव पद हामीलाई पनि अवश्य मिल्दछ । यी प्रह्लाद, विभीषण, द्रौपदी, गजराज, अहल्या, ध्रुव, अम्बरीष आदि भक्तको पराकाष्ठा, शरणागतिको दृढनिश्चयता, सर्वस्व समर्पण आदि प्रसङ्गको उठानले विशिष्टाद्वैत सिद्धान्तको मतपूर्वक, भाष्यकार रामानुजाचार्यको विशिष्ट मतलाई कविले असारे (झ्याउरे) छन्दमा स्पष्ट पारेका छन् ।

चिदचिद् वर्ग विशिष्ट ब्रह्म छन् तिनी अद्वैत
विशिष्टाद्वैत यसको नाम वेदान्त वर्णित ।
शरीर आत्मा-भावले भयो जीवेश एकता
सामान्य अरू श्रुतिते द्वैत वताए स्पष्टता ॥

(सहस्रगीतिमञ्जरी, १०-७९ पृ. १७०) ।

यसरी यो विनाशशील शरीरले आर्जेको वस्तु भजन, सत्कर्म बाहेक अरू सबै संसारिक विषयहरू क्षणिक र नाशवान छन् । त्यसैले ती विषय माथि विजयको झण्डा फहराउँदै शरणागति स्वीकार गर्नु नै मोक्षानन्दको सर्वोपरि उपाय हो । यिनै विषयवस्तु कवि श्रीधराचार्य स्वामीजीका कृतिमा रहेका छन् । उनले शरणागतिलाई नै विशेष जोड दिएका छन् । यसबाट रामानुजाचार्यको मत विशिष्टाद्वैत सिद्धान्तको प्रतिपादन भएको अनुभव कविले गरेका छन् ।

तफ्व, हित र पुरुषार्थको साथमा पञ्चम शतक प्रारम्भ हुन्छ । जीवात्मा पुण्याधिक्यताले गर्दा स्वर्गको रमण पश्चात् पुण्य क्षीणपछि पतन भएर पुनः अनेक जन्मचक्रमा पृथ्वीमा जन्म लिन्छ भने भक्तिको पराकाष्ठाले गर्दा कालको पहुँच

नभएको त्रिपादविभूतिमा पुग्दछ जो सदा एकरूपतामा रहन्छ । भक्तले विनीत भावमा हरि सेवा, तन्मयपूर्वक चिन्तन, उन्मुक्त भई कीर्तन र सर्वस्व हरि नै हुन् भनेर सम्झी शरण पर्नु पर्दछ । श्रीहरिकृपाले नै मानव चोला प्राप्त भएको छ । आसक्तिलाई छोडेर सुख र दुःख हरि इच्छा सम्झी कर्तव्यपूर्वक कर्म गर्दा प्रपञ्च छुट्दछ । वैष्णवले जीवन यात्राको भार हरिलाई नै सुम्पिएर निर्भयका साथ रहनु पर्छ । श्रीगोदावल्लभ नै भक्तका श्रीधन्, विश्वपिता र सर्वस्व शरण्य हुन् । श्रीहरिको कृपाभाजन यो शरीर हो र तृष्णारहित भएर प्रारब्ध भोग्दै श्रीहरिको शरण पर्दै भव बन्धन तोडाउनु पर्दछ । श्रीकृष्ण कुन रूपमा कहिले दर्शन दिन आउने हुन् ? भिक्षुक, पागल, अवधुत, रोगी, विप्र, काग, कुकुर आदिमा प्रविष्ट भएर अवश्य आउने छन् । चराचर जगत्मा यत्रतत्र तिम्रो दर्शन गर्ने इच्छा छ । तर प्रारब्ध रूपी पर्दाले रोकेको छ । विषयरुपी विषलाई मेटाई प्रेमपूर्वक श्री चरणसेवी बनाऊ जसमा कृपा हुन्छ तिनीहरू तृष्णा र दुर्गुण शून्य भएर वैराग्यको शिखरमा पुगी प्रभुमा ध्यान ! मग्न भएर भवचक्रको दुःखबाट पार हुन्छन् । श्रीहरिका श्रीनामले नै जीवनराशिका पाप विनाश गर्दछन् । हरिप्रीति बढाई भवबन्धन कटाई पुण्यपाप हटाई स्वच्छ र मुक्त बनाउँदछन् । हे पीताम्बर ! हे विश्वनाथ ! तिम्रो चरणमा बारबार प्रणाम छ । हे वराहनारायण ! यो पापी जीवात्मा माथि करुणाको दृष्टिपात गर्दै प्रसन्न बन । हे आपत्सख ! त्रितापहारी ! व्यापक ! तुच्छ निन्दित योनि वा काल पाशले बद्ध, प्रारब्धवश जुन कुनै रूपमा रहन परोस् तापनि तिम्रो चिन्तन र सेवा नटुटोस् । वैष्णव सेवा दर्शन, स्पर्श, श्रीगुण श्रवण नछुटोस् । हे ऋषिकेश ! इन्द्रियहरूले हरिरुपी विषय नै मधुर मानुन्, हरिभजन नै स्वकर्म ठानुन् र श्रीगुण चिन्तन गर्न लम्पट बनुन् । जो भक्त खुशी भएर प्रेमपूर्वक श्रीहरिको शरण वरण गर्दछन् तिनीहरूले अनेक यज्ञको फल प्राप्त गर्दछन् र श्रीहरिकृपाले ती भक्तहरू कहिल्यै पनि फर्कन्नन् र श्रीहरि तुल्य भएर रहन्छन् ।

निष्कर्षमा चार श्लोकहरू ग्रन्थको उपसंहारको रूपमा रहेका छन् । लक्ष्मीनारायणको सेवा र स्मरणमा विना विधानका मन्त्र र तन्त्रहरू श्रद्धाहीन हुँदा उपचारको नाममा अपचार हुन्छ र कल्मषहरू बढ्दछन् तर त्यसो नगरी हे माधव ! केवल भावग्राही भएर उपचार नै सम्झी दया गर । संकीर्ण कलियुगमा पाषण्ड संकीर्ण धर्महरू उत्पन्न हुन्छन्, कामादि प्रबल शत्रुबाट इन्द्रियहरू पीडित छन् तर

पनि हे नाथ यो दासलाई अनाथ सम्झेर शरणमा लेऊ । ब्रह्मादि देवता, शेष, मुनिन्द्र, अमर सूरिहरूबाट अर्चित, स्तुत्य, वन्दित प्रभुलाई यो अज्ञानी, सुमन्द भाग्य, प्रारब्धपीडित, साधन शून्य, केवल श्रीपादपद्ममा आश्रित दासबाट के नै व्याख्या हुन सक्छ र ? तैपनि अज्ञानपूर्ण, अस्पष्ट, टुटेफुटेका शब्दमा श्रीहरिमा भावपूर्वक प्रार्थना व्यक्त भएका छन् । उपचार भनी योग्य वा अयोग्य सबै अपचार भएको छ । तापनि श्रीहरि र श्रीगुरुकृपा प्राप्त गरी जे जस्तो गाइएको छ हे नाथ ! सबै स्वीकार गर ।

कविले यसरी एकहजार एक्काइस श्लोकात्मक पुष्पहरूले भगवानका गुण, चरित्र, स्वभाव र भक्तहरूका चरित्रहरूको गान गर्दै उनै हरिका गुणहरूको प्रकाश पार्ने काम गरेका छन् । प्रायशः श्लोकहरू मुक्तकमा रहेका छन् । मुमुक्षु जनका लागि यो अति उपयोगी ग्रन्थ हो । कविले सम्पूर्ण शास्त्रको सारतम वस्तु यहाँ दर्शाएका छन् ।

### ४.२.२ शिल्पशैली

शिल्प र शैली २ शब्द मिलेर शिल्पशैली बन्दछ । जति शब्दहरू सरल, सरस, सुगम्य हुन्छन् काव्य वा साहित्य पनि त्यति नै रोचक मनोरञ्जक, आनन्ददायक, मीठो बन्दछ । श्रीधराचार्य स्वामीजीले आफ्नो सहस्रगीति मञ्जरी (भक्तिगीति महाकाव्य) मा कस्ता अलङ्कारहरू, प्रतीक, बिम्ब, शब्द चयन, लोकोक्ति यी सबै विषयहरूलाई विभिन्न कोणबाट केलाउने (मन्थन) गर्ने प्रयास गरिएको छ ।

#### ४.२.२.१ अलङ्कार

अलम् पूर्ण 'कृ' धातुमा कारण या भाव अर्थमा अ (घञ्) प्रत्यय गरेर अलङ्कार शब्द निर्माण हुन्छ । अलम्को एउटा अर्थ भूषण हो भने अर्को अर्थ पर्याप्त हो । अलङ्कृयते अनेन इति अलङ्कारः यस अर्थमा प्रशस्त सीप पुऱ्याएर या सारै राम्रो बनाएर भनिएको कथन भन्ने बुझिन्छ । श्रीधराचार्य स्वामीजीले यो सहस्रगीति मञ्जरीमा प्रयोग गरेका अलङ्कारहरूको यहाँ चर्चा गरिएको छ ।

**उपमा/रूपक अलङ्कार**

पीयूष सरि प्रभुको रस मिठास पाएँथेँ
विषय रस विषय झैँ मानी प्रभुमैं धाएँथें ।
रस नै तिमी 'रसो वै सः' त्यो चिनेंथें स्वरूप

मान्दैन छाड्न श्रीहरिपद मानस भ्रमर ॥
(सहस्रगीतिमञ्जरी, २-३१ पृ. २५) ।

कविले हरिको चरणमा प्राप्त हुने अमृत रसलाई बताएका छन् । हरिपद त स्वर्गको अमृतसँग तुलना हुन सक्दैन तर पनि त्यो भन्दा उत्तम केही पनि नमिल्ने हुनाले अमृत समान भनिएको हो । कविले विषय रसलाई विष झैं को उपमा दिएका छन् । विषयलाई विष भन्दा पनि अझ निकृष्ट मानिन्छ । अनि मनलाई भ्रमरको उपमा दिएका छन् । यसै गरी 'कमल रस पाएको अति कण्टकी पुष्पमा' हरिचरणलाई कमल पुष्पको उपमा र विषयरसलाई काँडा तथा रसरहित फूलको उपमा दिइएको छ । तृतीय शतकको आठौं श्लोकमा तृष्णालाई जल, कामलाई हुरी, मोहलाई तरङ्ग, पत्नीलाई भुमरी, बान्धवलाई ग्राह आदिको उपमा दिएका छन् । यस्तै छैठौं शतकको १९ औं श्लोकमा दशरथले रामलाई छोडेर अरू सबै माग्न आग्रह गर्दा विश्वामित्र ऋषिको कोपको वर्णन गर्दछन् ।

राजाका कुरा सुनेर ऋषि रिसले युगान्त
थर्थर ओठ काँपेको देह कालाग्नि तुल्य छ ।
आज नै मानौं अयोध्या पुरी भस्मसात् गर्दछन्
भने झैं क्रोध विवश भई ती मुनि बोल्दछन् ॥
(सहस्रगीतिमञ्जरी, ६-१९ पृ. ९१)

कविले ऋषिको रिसलाई प्रलयाग्निको उपमा दिएका छन् । यस्ता उपमा अलङ्कारमा प्रसँगहरू अनेकौं छन् । यसै गरी दृष्टान्त अलङ्कारका उदाहरणहरू यस प्रकार छन् ।

देवार्ह पुरोडाषको आशी जसरी कुकुर
प्रभुको परिजनको आशा लायक छैन म ॥
(सहस्रगीतिमञ्जरी, ४-३ पृ. ५४) ।

देवताको लागि योग्य पुरोडाष् (हवनीय पदार्थ) जसरी कुकुरले आशा त गरको हुन्छ तर पाउँदैन त्यसै गरी अनन्त पापका कारण  तिम्रा परिजन वा भक्तको गणनामा यो जीव योग्य छैन । उनका कवितामा संस्कृत शब्दहरू पनि मिसिएको हुनाले झट्ट हेर्दा नबुझिने खालका छन् ।

जो अन्य देव उपास्य मान्छन् ती मति-विहीन
खन्दछन् कुवा तिर्सना मेट्न गङ्गाको तटमा ॥
(सहस्रगीतिमञ्जरी, ४-५२ पृ. ६२) ।

कविले जसरी मतिविहीन भएर सामुन्नेमा भएको गङ्गाको पानी पिउन छोडेर त्यही गङ्गाको किनारमा कुवा खनेर पानी पिउने प्रयास गर्दछन् । त्यसै गरी विश्वपालक वासुदेवको पूजन छोडी मतिविहीन भएर अन्य देवलाई उपास्य मान्ने जनहरू अत्यन्त दुःख पाउँदछन् भनी दृष्टान्त दिएका छन् ।

पखेटा हीन बिचरा चल्ला आशाले चाराको
तड्पिन्छन् हेर्दै आउने बाटो आमा र बाबुको ।
विदेशी पति प्रतीक्षा गरी युवती कामिनी
गाईका बाच्छा ती आमा भेट्न तड्पिन्छन् जसरी ॥
(सहस्रगीतिमञ्जरी, ४-७६ पृ. ६६)

त्यसरी मेरो चञ्चल मन सम्झेर श्रीहरि
श्रीपाद स्पर्श दर्शन निम्ति आत्तियोस् वेसरी ॥
(सहस्रगीतिमञ्जरी, ४-७७ पृ.६६)

उनले यहाँ चराका वचेरा, युवती, पत्नी, गाईका बाच्छा जसरी आफ्ना ईष्ट विना आत्तिन्छन् त्यसरी नै प्रभुका चरण स्पर्श र दर्शनका निम्ति यो जीवन आत्तिन सकोस् भनी दृष्टान्त प्रकट गरेका छन् । यस्ता दृष्टान्त अलङ्कारहरू प्रशस्त भेटिन्छन् ।

सादृश्य धर्ममूलक अलङ्कारको उदाहरण दिइएको छ । जस्तै :
वियोग अग्नि दन्केर आयो रामको शरीर
इन्द्रिय मन जलायो कोही छैन नि सहारा ॥
(सहस्रगीतिमञ्जरी, ८-५ पृ. १२२)

यहाँ वियोगलाई अग्नि समान दाहकत्व गुण बताइएको छ । जसरी अग्निमा दाहक गुण छ त्यसैगरी वियोगमा पनि दाहकत्व गुण हुने भएकोले सादृश्य धर्ममूलक अलङ्कार स्पष्ट भएको छ ।

यसै गरी रूपक अलङ्कारको उदाहरण राखिएको छ ।
सारीका आत्मा भएर हरि वस्त्रको रूपमा

वात्सल्य गर्भ औदार्य गुण गर्नुभो प्रकट ॥

(सहस्रगीतिमञ्जरी, ९-७० पृ. १५१)

यसरी हरिको आत्मालाई सारीमा रूपारोपित गरेकाले रूपक अलङ्कार स्पष्टिएको छ । यसै गरी विरोधाभाष अलङ्कारको उदाहरण यस प्रकार छ ।

आकाश खस्न धरती डुब्न हिमाल टुक्रिन
समुद्र सुक्न पश्चिमबाट श्रीसूर्य झुल्किन ।
सम्भव होला कहिल्यै बरु विफल हुँदैन
प्रपन्न जन अवश्य तार्छु श्रीकृष्ण वचन ॥

(सहस्रगीतिमञ्जरी, १०-५१ पृ. १६५)

आकाश खस्नु, धरती डुब्नु, हिमाल टुक्रिनु, समुद्र सुक्नु, पश्चिमबाट सूर्य उदाउनु असम्भव देखिन्छ, त्यसैले यहाँ विरोधाभाष अलङ्कार छ । प्रस्तुत कृतिमा कविले अन्योन्य, अध्यवसायमूलक प्रस्तुत प्रशंसाभावोदय, न्यायमूलक आदि अलङ्कारको राम्रो प्रयोग गरेका छन् । यसै गरी शब्दालङ्कारमा अनुप्रासको भूमिका कमै देखिन्छ भने कहीं रोचक रूप प्रयोग पनि भएका छन् । भगवन्नामको प्रकरणमा सुन्दर ढङ्गले शब्दालङ्कारले रोचकता छाएको छ भने वनस्पति प्रकरणमा पनि उस्तै शब्दालङ्कारको मार्मिकता छ । ऋषिप्रकरण, भगवान्‌को श्रीविग्रहको वर्णन प्रकरणमा पनि शब्दालङ्कारले उच्च स्थान पाएको छ । अर्थालङ्कारमा समासोक्ति, अतिशयोक्ति, सन्देह, संसृष्टि आदि अलङ्कारको राम्रो प्रयोग पाइन्छ ।

### ४.२.२.२ **बिम्ब र प्रतीक**

बिम्बविधान र प्रतीक योजनाका दृष्टिले पनि यस कृतिलाई हेर्न सकिन्छ । मोटामोटी रूपमा हेर्दा यस कृतिमा नारायणका अनेक अवतारका बिम्बहरू देख्न सकिन्छ भने देवी, देवता, रावण, सीता, राम, मारीच, प्रह्लाद, हिरण्यकशिपु, द्रौपदी, ध्रुव, अहल्या, गजेन्द्र, रामानुज आदि पौराणिक तथा ऐतिहासिक बिम्ब प्रयोगमा छन् । समुद्र, हिमाल, नदीनाला, डाँडाकाँडा, तारा, सूर्य, चन्द्र, आकाश, धरती, त्रिपादविभूति आदि प्राकृतिक तथा अप्राकृतिक बिम्ब र चार्वाक, अद्वैत, वैराग्य, मुक्ति, भक्ति, परमपद, क्षीराब्धि, गोलोक आदि धार्मिक बिम्बहरू प्रयोगमा आएका छन् । बिम्बका दृष्टिले कृति अत्यन्त उत्कृष्ट बन्न पुगेको छ भने प्रतीकहरूले पनि स्थान ओगटेका छन् । हरिका चरणहरू अमृतको प्रतीकका रूपमा जीवात्मा अन्नको

प्रतीक तृष्णा जलको प्रतीक, मोह तरङ्गको प्रतीक, पत्नी भुमरीको प्रतीक, वान्धव ग्राहको प्रतीक, जीव डुङ्गाको प्रतीक, अच्युत नामलाई कामधेनु, कल्पवृक्ष र निधिको प्रतीक मानिएको छ । विषय भोग विषवृक्षको प्रतीक, प्रारब्ध कर्म पर्दाको प्रतीक, हरिण्यकशिपुले प्रह्लादलाई काँडाको प्रतीक मानेको छ । रिस कालाग्निको प्रतीक, शिव धनुष शिवकै प्रतीक, सीतालाई प्रकृति शक्तिको प्रतीक, रामलाई विष्णुको प्रतीक, अहिंसा, इन्द्रिय निग्रह, दया, दान, तपस्या, ध्यान सत्य आदिलाई फूलको प्रतीक मानिएको छ । त्रिशिरालाई जिउँदो लास, राम अग्नि, ज्वालाको प्रतीक, शूर्पणखाले रावणको सन्निधिमा आएर रावणलाई पनि जिउँदो लासको संज्ञा दिएको हुनाले रावण पनि लासको प्रतीक हो । स्तनस्थित दुध अमृतको प्रतीक हो । घ्यू र दाउराले युक्त अग्निलाई विषय भोगको प्रतीक मानिएको छ । कृषिलाई एक प्रकारको सृष्टिको प्रतीक मानिएको छ । यसरी प्रस्तुत कृतिमा प्रतीकको आंकलन गर्दा प्रत्येक प्रसङ्गमा प्रतीकको योजना युक्तिसंगत ढङ्गले राखिएका छन् ।

### ४.२.२.३ शब्दचयन

श्रीधराचार्य स्वामीजीबाट रचित प्रस्तुत कृतिमा शब्दचयनका दृष्टिकोणबाट हेर्दा प्रायशः तत्सम शब्दहरूको नै आधिक्यता पाइन्छ । इतिहास र पुराणहरूका शब्दहरू प्रायःजसो प्रयोग गरिएका छन् । उनले कतै कतै 'रसो वै सः' तैत्तिरियोपनिषत्को ब्रह्मानन्दवल्लीबाट टपक्क टिपेर प्रसङ्गलाई मार्मिक र रोचक बनाएका छन् भने कतै 'अहमन्नम्, अहमन्नाद' 'हावु हावु' भृगुवल्लीबाट उद्धृत गरेका छन् । उनले पूर्वाचार्यहरूका वाणी, भगवानका वाणी आदिलाई भाव नबिग्रने गरी अनुदित प्रसङ्गहरू पनि यदाकदा समावेश गरेका छन् । कतै हिन्दीबाट आगन्तुकका रूपमा पनि आएका छन् । जस्तै कैद, गाँथ, सरिक आदि शब्दहरू समावेश छन् भने कतै छन्द मिलाउन संस्कृतकै अपभ्रंश अवतारको ठाउँमा औतार, मार्नोस्, गर्नोस् आदि शब्दहरू प्रयोग भएका छन् । प्रायः सबै समासयुक्त शब्दहरू चयन भएका छन् । शब्दहरू सरल र सरस तथा गम्भीर पनि छन् । भगवानका लागि कहीं वक्सियोस् आदि शब्दहरू प्रयोगमा छन् भने कतै मध्यम आदरार्थी शब्दहरू छन् । सम्बोधन वाचक शब्दहरू प्रशस्त भेटिन्छन् । वनस्पतिलाई पनि श्रीशब्द प्रयोग गरिएको छ । जस्तै श्रीतेजपात, श्रीकोविदार, श्रीनरिवल, श्रीशतीशाल,

श्रीकरवीर आदि । समोऽहम्, हावुहावु, कोऽसीति, अहमन्नम्, अहमन्नादमहमन्नाद आदि उपनिषद्का सूत्रात्मक शब्दहरू प्रसङ्ग अनुरूप प्रयोग भएका छन् ।

### ४.२.२.४ रस

श्रीधराचार्य स्वामीजीले यो सहस्रगीति मञ्जरीमा धरै रसको प्रयोग गरेका छन् । जीवात्मा र परमात्माको विछोड, श्रीहरिको श्रीगुण वर्णन, हरिसंयोगको पराकाष्ठा, श्रीरामादि चरित्र र प्रह्लादादि भक्तका चरित्र र चरित्रले दर्शाउन खोजेका तफ्वहरू नै रसका मुहान हुन् । करुण रसको उदाहरण यस प्रकार छ ।

दर्शन दिनोस् हे नाथ ! कि त लिनुहोस् स्वसाथ
प्रकृतिबन्ध छुटाइदिनोस् असह्य यो बाधा ।
निन्दित माया मोह र गर्व यी सब हटाऊ
दर्शन जन्य पीयूष स्वाद सरस पिलाऊ ॥

(सहस्रगीतिमञ्जरी, २-१६ पृ. २२)

जीवात्माले करुण भाव प्रकट गर्दै हरिको दर्शनाभिलाषी हुँदै असह्य बाधा छुटाउन, मायाबाट हटाउन र पीयूषरस पिलाउन प्रार्थना गरेको छ । यसै गरी वीररसको उदाहरण यस प्रकार छ ।

अपार शक्ति भएको सेना त्रिशिरा खरको
रामका साथ घटिका तीन अद्‌भुत युद्ध भो ।
रामले दिव्य शक्तिले सबै ती दैत्य सिद्ध्याए
विक्रम गिरि कूटमा दिव्य श्रीसूर्य उदाए ॥

(सहस्रगीतिमञ्जरी, ७-५६ पृ. ११४)

जम्मा एक घण्टा १२ मिनटमा श्रीरामले अपार शक्ति भएका खर त्रिशिराका सेनालाई दिव्य शक्तिले समाप्त पार्दछन् यसरी यहाँ कविले वीर रसको राम्रो प्रयोग गरेका छन् । अब अद्‌भूत रसको उदाहरण दिइएको छ ।

त्रिशिरा सेना समेत सारा रामाग्नि ज्वालाले
जलायो कोही फर्केन स्वर्ग पठाए रामले ।
त्यो शूर्पणखा आत्तिई छिट्टै श्रीलङ्का पुगेर
भन्दछे मूर्ख रावण तिम्रो जीवन धिक्कार ॥

(सहस्रगीतिमञ्जरी, ७-६२ पृ. ११५)

त्रिशिराका सारा सेनाहरू रामरूपी अग्नि ज्वालाले सबै जल्दछन् र स्वर्गमा पुग्दछन् यो दशालाई देखेर शूर्पणखा आत्तिँदै श्रीलङ्का पुगेर रावणलाई धिक्कार्दै भन्दछे । यहाँ रामका वाणरूपी अग्निज्वालाले गरेको काम अद्‌भूत छ र अद्‌भूत रस झल्किएको छ । यसै गरी शृङ्गार रसको उदाहरण यस प्रकार छ ।

चन्द्रका साथ निर्लज्ज इन्द्र कामाग्नि पीडित
अहल्या धन सतीत्व पन मायाले विनाश ॥

(सहस्रगीतिमञ्जरी, ९-७४ पृ. १५२)

यहाँ चन्द्रमा र इन्द्रले कामपीडित भएर सती अहल्याको सतीत्व हरण गरेका छन् । यहाँ शृङ्गार रसको अनुभूति मिल्दछ । यस्तै शान्त रसको प्रसङ्ग यस प्रकार छ :

जुन एक पल्ट हे स्वामी ! तिम्रो सुन्दर स्वरूप
झलक्क झल्क्यो मनमा मायाँ जितेर भौतिक ।
आनन्दरूपी पीयूष प्यूँछन् त्यो रस मधुर
ती अरू रस चाहन्नन् कैल्यै श्रीहरि छाडेर ॥

(सहस्रगीतिमञ्जरी, २-२९ पृ. २४)

कविले यो प्रकरणमा शान्त रसको बाहुल्यता दिलाएका छन् । सर्वस्व रस, सम्पत्ति, आनन्द, अमृत भगवानकै सान्निध्यमा प्राप्त हुने हुनाले शान्त रसले स्थान पाएको छ । जीवात्माले परमात्माको विछोडमा अनेक रस प्रकट गर्दै भगवानलाई प्राप्त गर्ने अभिलाषा दर्शाउँदै संवाद, विवाद, घुर्की आदि देखाइएको छ । सामान्य संसारको विषयभोग प्राप्त गर्न त कति त्याग, नाटक, प्रयास गर्नु पर्दछ भने साक्षात् परमात्मा प्राप्तिको लागि त अनेक अभिनय, इच्छा, प्रयास, दीनता, विवाद, संवाद, मनोवाद, उदाहरण, आतुरता देखाउनु स्वाभाविक हो । कविले यिनै विषयलाई दर्शाउँदै भगवानमा आर्त पुकार दर्शाएका छन् ।

यसरी श्रीधराचार्य स्वामीजीले आब्रह्माण्डका आराध्यदेव र सम्पूर्ण जीवात्माका सर्वस्वरूप भगवानका अनेक गुणको प्रकाश पार्नका लागि अनेक भक्त र भगवानका चरित्रलाई समावेश गर्दै सबै जीवात्माका प्रतिनिधि स्वयं बनेर वार्तालाप, आलाप, विलाप, संवाद, मनोवाद गर्दै ग्रन्थलाई अग्रगामी बनाएका छन् । उनले शरणागति मार्गको विस्तृत वर्णन गरेका छन् । जीवात्मा र

परमात्माको बीचमा नौ प्रकारको सम्बन्धको सारांश निकालेका छन् । उनले मानव मात्रले गर्नै पर्ने कर्तव्यको बोध गराएका छन् । नवधा भक्तिको राम्रो चर्चा गरेका छन् । भगवान्का अमोघ प्रतिज्ञाको प्रतिपादन यस ग्रन्थमा गरेका छन् र अन्तमा भगवान् एक कृषक बनेर सृष्टिरूपी खेती गर्दा जीवात्माले मोक्ष प्राप्त पाउँदा अपूर्व फल प्राप्तिको महसुस गरी भगवान्ले गरेको खेतीमा जीवात्माले भगवान्लाई प्राप्त गर्दा फल पाक्यो भन्दै भगवान् अति प्रसन्न मुद्रामा रहेको कुरा दर्शाएका छन् ।

## ४.३ मनोदूति काव्य मञ्जरीको विश्लेषण

कविले यो मनोदूति काव्य मञ्जरी २०५६/५/२१ मा श्रीलक्ष्मी नृसिंह गुफा ढोडेनीमा निवासका क्रममा रचना गरेका हुन् । यो ग्रन्थमा १६९ श्लोक छन् । जसमा १५९ श्लोक अनुष्टुप् छन्दमा रचित छन् भने अन्य १० श्लोक वसन्त तिलका, स्थिर, उपेन्द्रवज्रा आदि छन्दमा संरचित छन् । प्रस्तुत काव्यमा प्रसङ्गवश श्रीमद्‌भागवत, गीता, रामायण, महाभारत, धर्मशास्त्र, अनेक पुराण आदिका सङ्गति मिलेका तथ्यहरू उपस्थित छन् । उनले मनलाई नै आत्माले दूत बनाएर परमपद (वैकुण्ठ) मा नारायण, वैकुण्ठनाथ समक्ष प्रेषण गरेका छन् ।

### ४.३.१ विषयवस्तु

स्वामीजीले वैकुण्ठनाथ, लक्ष्मीनारायण, शठकोप, यतिराज, शेष, विश्वक्सेन आदि देवाधिदेव र आचार्यहरूको मंगलाशासन पूर्वक नमन गर्दै ग्रन्थारम्भ गरेका छन् । उनले जीवात्मा र परमात्माको नौ प्रकारको सम्बन्ध दर्शाएका छन् । नौ प्रकारको सम्बन्धले जीव सर्वदा परतन्त्र र जीवेशमा स्वतन्त्र, सर्वशक्तिमानको प्राचुर्यता झल्किएको छ । नौ सम्बन्धका बलले ईश्वरले जीवलाई कहिल्यै पनि त्याग्ने अवस्था देखिँदैन । आत्मा स्त्री भएको हुनाले स्वतन्त्र पनि छैन । जसरी नारी बालक, युवा र वृद्धा कुनै अवस्थामा पनि स्वतन्त्र हुन्नन् । त्यसै गरी आत्मा पनि सबै अवस्थामा परतन्त्र हुन्छ । यसरी मानव शरीरलाई रथि र भित्र भएको आत्मालाई सारथिको संज्ञा दिएर सम्बन्धको दृढता स्पष्ट भएको छ । त्यसै गरी ईश्वर सारथी हो र यो जीव रथिको स्थानमा रहेको छ । त्यही जीव नै नायिका बनेर मनलाई दूतको स्थान दिएर नारायणरूपी नायकको सन्निधिमा खबर लिएर

पठाइएको छ । पठाउने क्रममा आत्मारुपी नायिका र मनरूपी दूतिको संवाद रूपमा रचना गरेका छन् । यहाँका सामान्य दूतले त केवल खबर मात्र लगेर जान्छन् तर यहाँ त्यस्तो देखिन्न । उनले नायकको सुन्दरता, त्यो दिव्य स्थान, तत्स्थानमा भएका सेवक, कुञ्ज निकुञ्ज, दिव्य मंगल विग्रह, दिव्य भवन आदिको वर्णन गर्दै दूतिलाई स्पष्ट रूपले चिनाएका छन्, जसले गर्दा दूति निरर्थक भइ फर्केर आउन नपरोस् । उनले जीवात्मालाई पत्नी र ईश्वरलाई पतिको संज्ञा दिई स्पष्ट रुपमा दर्शाएका छन् । जीव अवश्य पनि ईश्वरको पत्नी हो । संसारको पति पत्नीको सम्बन्ध त केवल आत्माको सत्ता रहँदासम्म मात्र रहन्छ । आत्माले शरीर छोडेर गएपछि त्यो सम्बन्ध रहन्न । तर भगवान र आत्माको सम्बन्ध त्यस्तो होइन । कवि भन्छन् अनन्त कालदेखि आत्मारूपी पत्नी संसारमा हराएको छ । त्यसले शरणागति गरेर ईश्वर नै मेरा पति हुन् भनी ज्ञान भएपछि मात्र उसलाई थाहा हुन्छ । अनि आत्तिएर प्रारब्ध नसकिएसम्म रहनै पर्ने शरीर छिटो भन्दा छिटो छोडेर प्रभुरूपी पतिको सन्निधिमा जान पाउँ भन्दै मनलाई दूत बनाएर वैकुण्ठ पठाएका छन् । भगवानले परीक्षा लिनलाई दूतिसँग होइन मैले जान्दिन, मलाई थाहा छैन भन्दा शरणागति हुँदा आचार्यले भगवानलाई नै पति रूपमा वरण गरेको स्पष्ट वर्णन गरिएको छ । उनले अझ सम्बन्ध स्पष्ट पार्न रामावतार र कृष्णावतारमा भगवानले गरेका प्रतिज्ञाहरूको उठान गराएर सम्बन्धलाई अझ मजबुत बनाइएको छ । जसरी कछुवाले फुल पारेर अन्यत्र जान्छ । त्यही परदेशमा रहँदा आफ्ना फूलको याद गर्दछ । त्यही यादले गर्दा फुलबाट विकसित भएर बच्चा पैदा हुन्छन् । त्यसै गरी हे नारायण तिमीले संसारी जीवलाई यो मेरो हो भनेर सम्झे मात्र पुग्दछ । संसारमा सद्ग्रन्थहरू नै पत्रिकाका रूपमा रहेका छन् । ज्ञान, शक्ति, बल, ऐश्वर्य, वीर्य, तेज सबै प्रभुमा पुर्ण रुपमा रहेका छन् । नारायण बाहेक अरु सबैमा केही न केही गुणको कमी छ । नायिका पनि एक मात्र लक्ष्मी नै हुन् । त्यस्ता नित्यमा पनि नित्य नायक र नायिकालाई छोडेर अरू नायक खोज्नु नै परममूर्खताको लक्षण हो । कमल पुष्पको रसमा आनन्दित भएको भमँरो त्यो आनन्दलाई छोडेर जसरी काँडाको झ्याङ्गमा जान सक्दैन त्यसरी नै श्रीनारायणको चरणकमलको अमृतानन्दमा रमेका प्राणी छाला, हाड, मांस आदिले बनेको त्याज्य वस्तुमा रम्न सक्दैनन् । यसरी मनरूपी दूति वैकुण्ठमा गएर नायक नारायणसँग संवाद गरी जीवात्मा र परमात्माको सम्बन्ध

अत्यन्त दृढ बनेको छ, जहाँसम्म कि नायक नारायणले दूतिलाई फेल गराउन अनेक जटिल प्रश्न गर्दा पनि दूति चलाख भएर अनेक सम्बन्ध दर्शाएर नायकलाई नै निरुत्तर बनाएकी छिन् । मनलाई दूत बनाएर वैकुण्ठ प्रेषण गरी तिमी पनि त्यही वैकुण्ठमा नै मेरो प्रतीक्षा गर्दै प्रभुको श्री मुखाम्भोज पान गरी अति निर्मल बनेर बस । क्षण क्षणमा भट्केर यत्र तत्र पुग्ने मनलाई जीवले दूत बनाएर हरि चरणमा लगाएपछि त निश्चिन्त रूपले हरि भजन गरेर दिन बिताउने आशाका साथमा यो ग्रन्थ उपसंहार गरेका छन् ।

### ४.३.२ छन्द

स्वामीजीद्वारा रचित यो मनोदूति काव्य मञ्जरी ग्रन्थमा १६९ श्लोक छन् । यिनमा १५९ श्लोक अनुष्टुप् छन्दमा छन् । ८२ औं श्लोक उपेन्द्रवज्रा छन्दमा संरचित छ । १३९ देखि १४३ सम्म ५ श्लोक स्थिर छन्दमा छन् । १५१ औं श्लोक वसन्त तिलका छन्दमा छ र संस्कृत शब्दावलीमा छ । १५३ र १५४ पनि वसन्त तिलकामा नै रचिएको छ र संस्कृत शब्दावलीमा नै रहको छ भने १५५ औं श्लोक वंशस्थ छन्दमा छ । कविले १०९ र १५९ औं श्लोक प्रसङ्गवश गीताबाट र १२६ औं श्लोक वाल्मिकीय रामायणबाट संस्कृतमा नै उद्धरण गरेका छन् ।

### ४.३.३ अलङ्कार

यस काव्यमा उपमा र दृष्टान्त अलङ्कार प्रशस्त छन् ।

अस्वतन्त्र सदा जीव छैन स्त्रीमा स्वतन्त्रता ।
नारी समान यो जीव सँधै भार्या सधर्मी छ ॥

(मनोदूतिकाव्यमञ्जरी श्लो. १९ पृ. ७)

जसरी स्त्रीमा स्वतन्त्रता छैन त्यसै गरी जीवमा पनि स्वतन्त्रता छैन । नारीका समान जसरी पत्नी पतिका परतन्त्र रहन्छिन् त्यसै गरी भगवानरूपी पतिको परतन्त्र भएर आत्मारूपी पत्नी रहन्छिन् । यहाँ उपमा र दृष्टान्त दुवै अलङ्कार झल्किएको छ । यो अनुष्टुप् छन्दमा रचिएको छ ।

सुधा सरी श्री प्रभुका सुपाउमा
रमी सकेको मन जान्छ के कहाँ ।
सुधा सरी पद्म विलीन षट्पद

रमाउला कण्टक वृक्षमा किन ॥

(मनोदूतिकाव्यमञ्जरी श्लो. १५५ पृ. ३०)

यहाँ पनि दृष्टान्त र उपमा अलङ्कार प्रयोग भएको छ । यस्तै सादृश्य धर्ममूलक, शब्दालङ्कार, अर्थालङ्कार, अन्योन्य, अध्यवसायमूलक, अप्रस्तुत प्रशंसा, भावोदय आदि अलङ्कार प्रयोग भएका छन् । यहाँ न्यायमूलक अलङ्कारको पनि प्रयोग भएको छ । अलङ्कारहरूले नै अलङ्कृत भएको यो काव्य रसास्वादनमा उच्च स्थानमा पुगेको छ । यहाँ वंशस्थ रहेको छ ।

भगवद् अनुरागी सज्जन वृन्दका लागि यो ग्रन्थ अमूल्य रत्न नै बन्न पुगेको छ । त्रिपाद विभूति वैकुण्ठको वर्णनमा अलङ्कारले उच्च स्थान प्राप्त गरेको छ ।

### ४.३.४ बिम्ब र प्रतीक

बिम्बले काव्यलाई माझेर अति उज्ज्वल बनाउने काम गर्दछ । यहाँ स्मृति, कल्पना, दृश्य, अतिसंस्लिष्ट आदि बिम्बको राम्रो प्रयोग भएको छ । जस्तै :-

ऐना झैं चम्किला गाला लामा ती कान मत्स्य झैं ।
तिलपुष्प सरी नाक अनङ्ग धनु भ्रूलता ॥

(मनोदूतिकाव्यमञ्जरी श्लो. ८० पृ. १७)

यहाँ ऐना, मत्स्य, तिलपुष्प, अनङ्ग आदि बिम्बका रूपमा आएका छन् ।

रसको कूप झैं मानौं चिउँडो अति सुन्दर ॥

(मनोदूतिकाव्यमञ्जरी श्लो. ७८ पृ.१७)

यहाँ 'कूप' बिम्बको रूपमा आएको छ । यो मनोदूति काव्य मञ्जरी वीरताको प्रतीकको रूपमा देखिन्छ । परतन्त्र भएको आत्माले एउटा चेतन मनलाई सर्वसमर्थ नारायणको परमपद वैकुण्ठ, जहाँ भगवद् कृपा विना योगीहरू पनि जान असमर्थ छन् । त्यस्तो वैकुण्ठमा पठाउन हिम्मत गरेर पठाएको पाइन्छ । वैकुण्ठ पुगेर सर्वसमर्थ भगवानसँग वार्ता गरेर नायिकाको यथार्थ दशालाई प्रकट गरेको प्रसङ्गबाट नायिका र दूति दुवै वीरताका प्रतीक हुन् भन्ने ग्रन्थले नै स्पष्ट गरेको छ ।

### ४.३.५ रस

रस त्यो हो जसको सामनेमा स्वर्गको अमृत पनि फिका पर्दछ । त्यो रस नारायणको चरणकमलको मकरन्दरस हो । उनै नारायणमा सबै रसहरू समाहित छन् । श्रीकृष्णमा दशै रस भएको कुरा श्रीमद्भागवतमा प्रसङ्ग आउँछ । यस काव्यमा शान्त, अद्भुत, शृङ्गार आदि रसको प्रयोग गरिएको छ । वीररसले राम्रो स्थान पाएको छ । दूतिलाई नायिकाले त्यो परमपदमा जान आग्रह गरे पछि शूर बनेर भगवत्सन्निधिमा पुग्नु भनेको वीररसको परिपाक अवस्था हो ।

प्रभु दर्शनमा आर्त जीव यो नायिका बनी ।
स्वामीमा भावना पोख्न मनो दूति पठाउँछिन् ॥
(मनोदूतिकाव्यमञ्जरी श्लो. २४ पृ. ७)

यहाँ स्वामीमा आफ्नो मनोभावना पोख्न दूति पठाउनु भनेको वीर रसको प्रतीक हो ।

सारा रत्नमयी रम्या दिव्य-शिल्पी-कलायुता ।
हस्त्यस्व रथ सम्पूर्णा अति आनन्द दायिनी ॥
(मनोदूतिकाव्यमञ्जरी श्लो. ४५ पृ. ११)

यहाँ अद्भुत रसको प्रयोग भएको छ ।

श्रीअङ्ग स्पर्शले हर्ष रोमाञ्च-स्मित श्रीमुखी ।
पाणिमा लालिमा युक्त पद्मपुष्पादि धारिणी ॥
(मनोदूतिकाव्यमञ्जरी श्लो. ८६ पृ. १८)

यहाँ पद्मावतीको शृङ्गारको वर्णनको साथमा शृङ्गार रसको प्रयोग भएको छ । त्यस्तै वीर रसको उदाहरण :

जसका तर्जनी-त्रस्त ब्रह्मा रुद्रादि देवता ।
आ-आफ्ना कार्यमा ज्यादै प्रेमले अति तत्पर ॥
(मनोदूतिकाव्यमञ्जरी श्लो. ९२ पृ. १९)

यहाँ विश्वक्सेनको वीरताको वर्णनबाट वीररस प्रकट भएको छ । यहाँ वीभत्स रस पनि मिसिएको पाइन्छ ।

प्रभुका दृष्टिले पूता प्रभु दर्शनले तिमी ।
हुनेछ्यौ प्रभु छाडेर यता फर्कन दुर्बल ॥

(मनोदूतिकाव्यमञ्जरी श्लो. १६५ पृ.३२)

यहाँ करुण रसको झल्को आउँछ । कविले यसरी मनोदूति काव्य मञ्जरीमा धेरै रस प्रयोग गरेका छन् र ती रसहरू भगवद् परक नै छन् ।

### ४.३.६ भाव

श्रीधराचार्य स्वामीजीबाट रचित यो मनोदूति काव्य मञ्जरीको मूल भाव संसारमा भट्किरहेका जीवात्माले प्राप्त गर्ने एकमात्र नारायण हुन् र तिनै नारायणको सन्निधि प्राप्त गरी अनन्त कालसम्म दिव्यानन्द वा मोक्षानन्दमा डुबुल्की मार्न पाउनु नै हो । जीव र जीवेशको मिलन हुनु नै यो ग्रन्थको सर्वोपरि भाव हो ।

### ४.३.७ शब्द चयन

स्वामीजीको शब्दचयनको शैली हृदयस्पर्शी भएको कुरा स्वयं ग्रन्थले नै भन्दछ । थोरै शब्दमा धेरै कुरा अटाउन सक्नु नै मुख्य शब्द चयनको वैशिष्ट्य हो । बीच बीचमा संस्कृतका शब्दले पनि अझ सुन्दरतामा सुगन्ध फैलाएको छ । जस्तै :

सहस्रगीति वेदान्त श्री शठारि चरित्रको ।
भावमा भावना राखी मनो-दूति प्रसङ्ग छ ॥

(मनोदूतिकाव्यमञ्जरी श्लो. १० पृ. ५)

शोधनायक संस्कृत भाषाका मर्मज्ञ भएको हुनाले प्रसङ्गवश संस्कृत शब्दहरूको प्रयोग गरेका छन् र त्यसै कारणले मीठास छाएको छ ।

## ४.४ कल्याणकारी साधना गरौं कविताको अध्ययन

यो कविता कविले वि.सं. २०५५ जेठ २७ मा प्रकाशित गरेका हुन् । यस कवितामा नौ श्लोक छन् र शार्दूलविक्रीडित छन्दमा रचिएको छ । धेरै शास्त्रहरूको साररूप उद्धृत गरिएको छ । मानिसले जीवनमा सुमधुर तरिकाले जीउनको लागि अँगाल्नै पर्ने विधि यस कवितामा सशक्त रूपमा पाइन्छ ।

### ४.४.१ भाव विधान

सबैले शास्त्रको अभ्यास गरी शास्त्रोक्त काम करले नभै कैंकर्म भावले गरौं । आशा रहित भएर शास्त्रविधिले लक्ष्मीनारायणको सेवा गर्न, सांसारिक सुख दुःखदायी हुन्छ त्यसैले वैराग्य लिँदै पापको प्रायश्चित गर्न र आत्मा के हो र कसको हो ? यही प्रश्नको उत्तर प्राप्त गर्न घरको जञ्जाललाई विस्तारै तोड्दै श्रीहरिको भजन गर्न, सज्जनको संगत गर्न, लक्ष्मीशमा भक्ति गर्न, जीव र ईश्वरको सम्बन्ध जान्न, शास्त्रोक्त साधनको उपयोग गर्नुपर्दछ । जसरी आफ्ना लागि कसैले अहित सोचिंदैन त्यसै गरी अरूको पनि अहित नसोची हितचिन्तक बन्न र बिझ्ने वचन कहिल्यै पनि नबोल्न कविले सबैलाई आग्रह गरेका छन् । श्रीनारायणको ध्यानले संसार सागर तरेर श्रीदिव्यधाम वैकुण्ठमा पुगेर नित्य हरिको कैंकर्य सेवामा प्रवृत्त हुन साथै अनन्त ब्रह्मानन्दको दिव्य अनुभव गर्दै अनन्त सूरिहरूका साथमा रहँदै नित्य भोग गर्न सबैलाई आग्रह गरेका छन् ।

यसरी मानवमात्रको वास्तविक जीवनचर्यालाई लिएर श्रीधराचार्य स्वामीजीले यो कविता रचना गरेका हुन् । कविताले भनेका कुरालाई कुनै पनि मानिसले आफ्नो जीवनमा आचरणमा उतार्न सकेमा कल्याण अवश्य हुन्छ ।

### ४.४.२ शिल्पशैली

हरिबाट प्राप्त हुने ब्रह्मानन्द सबैले मिलीजुली उपभोग गरौं भन्ने भाव प्रकट भएको छ । शब्दालङ्कारका दृष्टिले शब्दहरू अन्त्यानुप्रास प्रायः मिलेका छन् । शब्दहरू सरल भइकन सरस पनि छन् । शान्त रसको बाहुल्यता छ र कतै वीर, अद्भुत रसको पनि झल्को देखिन्छ । सरल भाषा प्रयोग गरिएको छ । अभिधार्थक शब्दहरू प्रयोग भएका छन् । रहस्य विषयक प्रसङ्गहरू पनि समावेश छन् । सबै सुखी रहुन्, सबैले आनन्द प्राप्त गरुन्, सबै रोग रहित बनेर जीवन जीउन्, आचरण सुधारुन् यस भावमा यो कविता रचना गरिएको हो । कविले सबैलाई शिष्ट, सभ्य, निष्पाप बनाउने प्रयत्न गरेका छन् ।

यसरी मानव जीवनको सफलतालाई उच्च शिखरमा पुऱ्याउन स्वामीजीबाट 'कल्याणकारी साधना गरौं' नामक कविता रचना भएको छ त्यति व्यवहारमा उतार्न सक्ने हो भने मानव कल्याण र भगवत्प्राप्ति निश्चित छ ।

कविले वैराग्य मार्ग बढाउने र कुकृत्यबाट निवृत्त भई श्रीहरिको शरणागति मार्गलाई पुष्टि गरेका छन् । सबैले सुखमय जीवन जीउन सकुन् र हरिचिन्तन गर्न सक्ने शक्ति प्राप्त गरुन् र हरिबाट प्राप्त हुने अनन्त ब्रह्मानन्द प्राप्त गर्न सकुन् वा सकौं यही आशाका साथमा कवितालाई उपसंहार गरेका छन् ।

## ४.५ साहित्यिक धार्मिक अनूदित कृतिहरू

पूर्वाचार्यहरूले रचना गरेका द्राविड र संस्कृत भाषामा रहेका साहित्यिक धार्मिक कृतिहरू साधारण जनमानसमा पुऱ्याउने इच्छाले ती कृतिहरूलाई स्वामीजीले द्राविड र संस्कृतको भाव कत्ति पनि नविग्रने गरी उही छन्दमा अनुदित गरेका छन् । यी सबै ग्रन्थहरू भगवानको चरणमा भक्ति बढाउनेवाला छन् । अनुदित कृतिहरू धेरै छन् ती मध्ये चार ग्रन्थहरू पुस्तकाकारमा प्रकाशित छन् र अरू प्रकाशोन्मुख अवस्थामा छन् । यी ग्रन्थहरूको संक्षिप्त परिचय दिने जमर्को गरिएको छ ।

(१) श्रीउपदेश रत्नमाला

(२) श्रीगोविन्द दामोदर स्तोत्र

(३) श्रीरामानुज नुत्तन्दादि

(४) श्रीमुक्तिक्षेत्र माहात्म्यम्

### ४.५.१ अनुवाद कौशल

स्वामीजीको अनुवाद कुशलता विचित्र शैलीको छ । छन्द उही छ र शब्दचयन पनि संस्कृतको ठ्याक्कै नेपालीमा रचित छन् । नेपालीमा छन्द मिलाउनको लागि अकारान्त शब्दहरू कति ठाउँमा हलन्त बनाएर छन्द मिलाएको पाइन्छ । सरल संस्कृत शब्दहरू संस्कृतमै राखिएका छन्, यस कारणले गर्दा नेपालीमा पनि मिठास भरिएको छ । कतै म पात्रलाई उभ्याएको छ भने कतै अनेक भक्तलाई अगाडि सारेर अनुवाद गरिएको छ । उनमा भएको अनुवाद कौशलतालाई हेर्दा नेपाली धार्मिक समाजका लागि महान उपकार गरी गुन लगाएको देखिन्छ ।

### ४.५.२ उपदेश रत्नमालाको परिचय

उपदेश रत्नमाला श्रीमद्वरवर मुनिद्वारा रचित द्राविड प्रबन्धलाई अभिरामवराचार्यले संस्कृतमा छायाँ गरेका हुन् र त्यही संस्कृतमा भएको ग्रन्थलाई

उनले वि.सं. २०३८ मा नेपालीमा अनुवाद गरेर सर्वसाधारण जनमानस समक्ष प्रस्तुत गरेका हुन् । उक्त ग्रन्थ वसन्ततिलका छन्दमा रचित छ । अभिरामवर, शैलनाथ, शठकोप आदिको मंगलको प्रार्थना गर्दै द्वादश आल्वारहरूको अवतार नक्षत्र र मासको वर्णन गर्दै मनलाई गोदाको चरित्रमा रमाउन प्रार्थना गरिएको छ । यदि पूर्वाचार्यहरूले कृपा गरेर सहस्रगीतिको व्याख्या नगरेको भए आज यो ग्रन्थ कसरी मिल्ने थियो ? भन्दै ग्रन्थ र आचार्यको प्रशंसा गरिएको छ । सहस्रगीतिका व्याख्याकार अरू आचार्यहरूको पनि प्रशंसा पाइन्छ । श्रीवचन भूषणको र उक्त ग्रन्थ जान्नेलाई सौभाग्यशाली मानिएको छ । भवसागर तर्ने उपाय पनि बताइएको छ । श्रीवचन भूषणको महिमा र आचार्य निष्ठामा रहने आज्ञा गरिएको छ । आचार्य निष्ठामा रहने जीवलाई छिट्टै नै वैकुण्ठ मिल्ने हुन्छ । आचार्यले शिष्य र शिष्यले आचार्यको रक्षा गर्नु पर्दछ । मनलाई नास्तिकको संसर्ग छोडी सुआस्तिको सँग गरी आस्तिक बन्न प्रेरणा गरिएको छ । सुगन्ध फूलको संसर्गले केश जसरी सुगन्धि हुन्छ । त्यसै गरी सज्जनको संगतले सदा गुणवान बन्दछ । त्यसो हुनाले हे मन ! सँधै सत्संग गर । दुर्गन्धी वस्तुको सहवासले राम्रो वस्तु पनि दुर्गन्ध भए झैं सज्जन पनि दुष्टको संगतले दुष्ट नै बन्न पुग्दछ । जसले आचार्य उपदेश ग्रहण गर्दैनन् तिनीहरू मूढ प्रवृत्तिका हुन् । हे मन् ! पूर्वजमा निष्ठा राखी श्रीसूक्तिका अधीनमा रही सदाचार्यको सङ्गत र सेवा गर । अज्ञान हटी खुश् हुनेछौ । उपदेश रत्नमा निश्चिन्त भएमा लौकिक सुख सहित मुक्ति प्राप्त गर्दछन् अर्थात् अमानव करस्पर्श भएर जान्छन् । कविले यिनै शब्दावलीका साथमा वरवरमुनिद्वारा द्राविडमा सुग्रन्थित् अभिरामवरबाट संस्कृतमा ग्रथित यो उपदेशरत्न आज म आचार्य श्रीधरले उसकै छायाँस्वरूप नेपाली वाङ्मय यतीश श्रीरामानुजाचार्यमा चढाउने प्रयास गरिएको प्रसङ्गसँगै यो ग्रन्थ उपसंहार गरेका छन् ।

यसरी स्वामीजीले पूर्वाचार्यहरूको ग्रन्थलाई सुन्दर भावपूर्ण शब्दावलीमा आचार्यमा निष्ठा र सज्जनको संगत तथा कुजनको त्याग गरी भगवत् प्राप्तिमा रमाउने सङ्केत गरेका छन् ।

### ४.५.३ श्रीगोविन्द दामोदर स्तोत्रको परिचय

आचार्य विल्वमङ्गलदेवद्वारा संस्कृत भाषामा विरिचित श्रीगोविन्ददामोदरस्तोत्र श्रीधराचार्य स्वामीजीले नेपाली भाषामा छायाँनुवाद गरेका हुन् । अनुवाद वि.सं. २०४०

तिर भए पनि प्रकाशन भने २०६० मा भएको हो । उपेन्द्रवज्रा छन्दमा विरचित ६७ श्लोकमा आबद्ध छ । अन्तिम हरफमा गोविन्द दामोदर माधवेति यही कीर्तन धुनमा छ । द्रौपदीको आर्त पुकारबाट ग्रन्थ आरम्भ भएको छ । कौरवको भारी सभामा दुःशासनबाट केश र वस्त्र खिंचिएकी याज्ञसेनी द्रौपदीले आपद पर्दा गोविन्द दामोदर माधव भन्दछिन् । गोपीनीहरूले दही विक्री गर्न भुलेर गोविन्द दामोदर माधव भन्दछन् । ढीकी र जाँतामा रहँदा, शुकपक्षीलाई रटाउँदै शिशुलाई सुताउँदा, गोपिनीहरूले गोविन्द दामोदर माधव भन्दछन् । यसै गरी यशोदाले कृष्ण देख्दा, ख्वाउँदा, चुठाउँदा, हिँडाउँदा, स्तन पान गराउँदा, यही नाम भन्छिन् । विप्रवृन्दले आफ्नो नित्य कर्म सकेर, यही नाम भन्छन् भने तपस्वी, सेवक, पाठकहरू, अनुष्ठानका अन्तमा यही नाम भन्छन् । ग्वालबालहरू यही नाम भन्छन् । कृष्ण वियोगमा राधा, वेदान्तवेत्ता, कौशल्या, सीता, गजेन्द्र आदि भक्तले यही नाम भन्छन् । जिब्रोलाई भिक्षा माग्दै अन्तकालमा यही नाम जप्न भनी सम्बोधन गरिएको छ । सुखान्तको सार वस्तु र दुःखान्तको सहायक यही नाम हो । उनले अमृततुल्य नाम उच्चारण गर्नको लागि बारम्बार जिब्रोलाई प्रार्थना गरेका छन् ।

यसरी भगवन्नाम नै सर्वस्व तारक, कारक सबै भएको कुरा स्पष्ट पारिएको छ । विना लयको कीर्तनभन्दा लयबद्ध नाम सङ्कीर्तनमा अधिक आनन्द प्राप्त हुने हुनाले पूर्वाचार्यहरूले गेय छन्दमा रचना गरेको उनको ठहर छ ।

### ४.५.४ श्रीरामानुज नुत्तन्दादिको परिचय

यो ग्रन्थ रङ्गामृत (द्राविडमा अमुदानार) नामक आचार्यले द्राविड भाषामा रचना गरेका हुन् । पछि कुनै आचार्यले यही ग्रन्थ संस्कृतमा छायाँनुवाद गर्दछन् र साधारण जनमानसमा पुऱ्याउन स्वामीजीले नेपाली भाषामा छायाँनुवाद गरेका हुन् । यसमा १०८ गाथा वा श्लोक छन् । यो छन्दमा संरचित छ । यो वि.सं. २०३८ मा प्रकाशन भएको हो । यसमा श्रीरामानुजाचार्यका दिनचर्या, प्रपन्नजनले गर्नु पर्ने आचरण, भगवच्चरणमा भक्ति, आचार्य निष्ठा, मन्त्र र भगवन्निष्ठा आदिको चर्चा कविले गरेका छन् ।

### ४.५.५ श्रीमुक्तिक्षेत्र माहात्यको परिचय

स्वामीजीले स्कन्दपुराण, वाराहपुराण, पद्मपुराण र श्रीमद्भागवत महापुराणको गहन अध्ययन गरी तत्तत् पुराणमा भएको मुक्ति (शालग्राम) क्षेत्रको

महिमालाई एकत्रित गरी जनसमुदाय समक्ष पुऱ्याउन अथक प्रयास गरी २०५३ मा नेपाली र हिन्दी व्याख्या गरी संस्कृत-नेपाली-हिन्दी भाषामा प्रकाशित गरेका हुन् । उनले मुक्ति क्षेत्रमा तीर्थयात्रा गर्न भारतबाट पनि धेरै तीर्थालुहरू आउने हुनाले उनीहरूलाई पनि ज्ञान होस् र मुक्तिक्षेत्र के रहेछ ? भनेर जान्न सकुन्, यही ध्येय राखी हिन्दी समेत गरी तीनवटै भाषामा प्रकाशित गरेका हुन् । अहिले अङ्ग्रेजी समेत गरी ४ भाषामा प्रकाशित छ र नवौं संस्करण समेत भइसकेको छ ।

उनले स्कन्द पुराण अन्तर्गत शालग्रामको उत्पत्ति, लक्षण आदिको बारेमा बताएका छन् । मुक्ति क्षेत्रको विस्तृत वर्णन गरेका छन् । वराह पुराण अन्तर्गत सोमेश्वर मुक्तिक्षेत्र, त्रिवेणी, शालिग्राम क्षेत्र, दामोदर कुण्डादि तीर्थ, रुरुक्षेत्र आदिको वर्णन गरेका छन् । स्कन्द पुराण हिमवत्खण्ड अन्तर्गत गण्डकीको उत्पत्ति गण्डकी तीर्थको माहात्म्य, विष्णुपरत्वपूर्वक शालग्राम क्षेत्रको महिमासार तथा श्रीमद्भागवत महापुराण अन्तर्गत पुलहाश्रम-गलेश्वरको महिमा वर्णन यसै गरी पद्मपुराण पातालखण्ड अन्तर्गत शालग्राम क्षेत्रको विस्तृत माहात्म्य वर्णन गरेका छन् ।

यसरी उनले संस्कृत भाषाका अनभिज्ञ साधारण जनता र समाजले पनि मुक्तिनाथ क्षेत्र, शालग्राम क्षेत्र, गण्डकी माहात्म्य आदि धेरै कुराहरू हृदयङ्गम गर्न सकून् र भारतका जनमानसमा पनि प्रचार प्रसार बढ्न सकोस् यही आकाङ्क्षा गरी एकै स्थानमा संस्कृत-नेपाली-हिन्दीमा भाषामा प्रकाशन गरेर नेपाली र हिन्दी समाजलाई प्रशस्त गुन लगाएका छन् ।

### ४.५.६ श्रीशालग्राम मंगलाशासन

तिरुमङ्गै दिव्यदेश निवासी श्रीपरकाल आल्वारद्वारा विरचित श्रीशालग्राम मंगलाशासनको स्वामीजीले नेपाली वाङ्गमयमा रूपान्तर गरेका हुन् । यो २०५५ मा प्रकाशन भएको हो । यसमा जम्मा १० पासुर वा भाग छन् र शार्दूलविक्रीडित छन्दमा रूपान्तरित छ र जम्मा २१ श्लोकमा आबद्ध छ । ५ श्लोकमा कवि वन्दना छ र अवतारिकामा परकाल तीर्थयात्रा गर्दै बद्रीनाथ पुगेर अनेक मन्त्रद्वारा स्तुति गरेपछि मुक्ति क्षेत्रको याद आउँछ र त्यहींबाट दिव्य स्तुति गरेको बुझिन्छ । श्रीराम नै शालग्राम बनेर राज भएका छन् । ब्रह्मादि देवहरूले जहाँ शालिग्रामको सेवा र स्तुति गर्दछन् । त्यहाँ गएर हे मन ! छिटो दर्शन गर । जहाँ जलमा अग्नि छन् त्यहाँ गएर हे मन ! दर्शन गर ।

प्रह्लाद, बलि आदि भक्तका परम पूज्य नारायण नै शालग्राम हुन् । सौलभ्य गुणले भरिपूर्ण शालग्रामको हे मन ! छिट्टै दर्शन गर । यसरी मनलाई भगवानमा अर्पण हुन निवेदन गर्दै दशम पासुरमा फलश्रुति बताएर कवितालाई कविले विश्राम दिएका छन् ।

## ४.६ संस्कृत साहित्यका कृतिहरू

स्वामीजीले नेपाली र हिन्दीमा मात्र नभएर संस्कृतमा पनि अनेक कृतिहरू रचना गरेका छन् । रचनामा भगवानका स्तुतिपरक कृतिहरू, जीवनीपरक कृतिहरू, संस्कृत भजन, प्रार्थनापरक कृतिहरू रहेका छन् । कृतिहरू सबै छन्दोबद्ध गरिएका छन् । दुईदेखि चार हरफसम्मका शास्त्रीय छन्दका श्लोकहरू छन् । कृतिहरू धेरै छन् तर प्रकाशित कृति श्रीमुक्तिहरि स्तुति मञ्जरी नामक स्तुति सङ्ग्रहको यहाँ अध्ययन गरिएको छ ।

### ४.६.१ श्रीमुक्तिहरि स्तुति मञ्जरी स्तुति सङ्ग्रहको अध्ययन

'श्रीमुक्तिहरि स्तुति मञ्जरी' २०५५ भित्र रचना भए पनि २०६२ मा प्रकाशन भएको हो । यसको प्रकाशन काठमाडौँबाट भएको हो । यसमा आफ्ना आराध्यदेव मुक्तिहरि, मुक्तिनाथ, गण्डकी स्तुति, आफ्ना आचार्यहरूको गुणगायन प्रपत्ति, जीवनी आदि अभिव्यक्ति पाइन्छन् । यसमा २१ वटा पद्यात्मक शीर्षकमा श्लोक (कविता) हरू सङ्कलित छन् । ती हुन् 'श्रीमुक्तिहरिस्तोत्रम्', 'श्रीमुक्तिनारायण प्रार्थना', 'श्रीकृष्णागण्डकी स्तुति', 'श्रीमुक्तिनाथ मङ्गलाष्टकम्', 'श्रीप्रार्थना पञ्चकम्', 'श्रीमुक्तिनाथाष्टोत्तरशतनाम स्तोत्रम्', 'श्रीमुक्तिनाथाष्टोत्तर शतनामावली', 'श्रीरङ्गवेङ्कटेश मुक्तिनारायण प्रार्थना', 'श्रीमुक्तिहरि नामसंकीर्तनम्', 'श्रीकमलनयन सूरिप्रपत्ति', 'श्रीशुकसूरिप्रपत्ति', 'श्रीशठकोपसूरिप्रपत्ति', 'श्रीशठकोपयतिराजाष्टोत्तरशत नामस्तोत्रम्', 'श्रीशालग्रामाचार्य प्रपत्ति', 'श्रीशालग्रामाचार्याणां जीवनी छ अध्यायमा र श्रीराधाकृष्ण ब्रह्मोत्सव अनुज्ञा प्रार्थना आदि छन् । मुक्तिहरिनामसंकीर्तनम् ३ हरफको श्लोकमा आबद्ध छ भने अरू २ र ४ हरफका छन् ।

श्रीमुक्तिहरिस्तोत्रमा करुणाले भरित, शरणागतको आधिहरण, राधासहित कमलादयित (पति) मुक्तिहरिको भजन गर । दशावतार, सुलभ र सुखद गुणले युक्त, शठकोप यतीन्द्र शिवादिले पूजित, सयौं दिव्य देशनिवासी रङ्गपति वदरी पति,

यमुनादयित, शालग्राम स्वरूप मुक्तिहरिको सदा सर्वदा भजन गर । यसरी मुक्तिहरिको गुणगान गर्दै त्यस्ता गुणराशिको भजन र सेवा गर्न सबैसँग करबद्ध प्रार्थना गरिएको छ । यो स्तोत्र तोटक छन्दमा छ र यसमा नौ श्लोक छन् । गेय छन्दमा भएको हुनाले यसलाई सुन्दा पनि कर्णरम्य लाग्दछ ।

श्रीमुक्तिनारायण प्रार्थनामा छ श्लोक छन् र ती श्लोक शिखरिणी र तीन शार्दूलविक्रीडित छन्दमा संरचित छन् । यहाँ नेपालीका हिसाबले प्रथम पुरुष र संस्कृत नियमले उत्तम पुरुषको प्रयोग भएको छ । यहाँ मुक्तिनाथ भगवानको वैदिक विधिले कहिले सेवा अर्चना गर्न पाइने छ ? पापरहित भएर कहिले रमेशको दर्शन मिल्ने छ ? मुक्तिनाथले दिव्य शिलामा अनन्त चक्र स्वरूप भएर भक्तलाई आफ्नो वात्सल्य प्रकट गरिरहेका छन् । त्यस्ता मुक्तिनाथको कहिले सेवा मिल्ला ? जहाँ पुण्य जलमा अग्निको दर्शन हुन्छ । त्यस्तो मुक्ति भूमिको स्मरण गर्दै हे भगवान ! ब्रह्मरुद्रादिको लोक र कुनै सिद्धपदको आवश्यकता छैन, अङ्गना सहितको स्वर्ग सुख चाहिँदैन, यही गण्डकी नदीको तटमा कीराको जन्म मिलोस् तर तिम्रो याद कत्ति पनि नटुटोस् । यिनै प्रार्थनाको साथमा यो स्तोत्रले विश्राम लिएको छ ।

श्रीकृष्णा गण्डकी स्तुतिमा ४२ श्लोक छन् । इन्द्रवंशा, उपेन्द्रवज्रा वसन्त तिलका, अनुष्टुप, मालिनी, इन्द्रवज्रा आदि छन्दमा अलङ्कृत छन् । अत्यन्त निर्मला श्रीकृष्णा गण्डकीको दिव्य स्तुति, दुःखनाशक गुण, नलकूवरादिद्वारा इष्टित गण्डकी, हिरण्यगर्भाको कृपाको वर्षाबाट अभिषिञ्चित हुने इच्छा, हिमवतीको सेवाको प्रार्थना, परमार्थ दायिनी कृष्णाको नमस्कार, सबै देवपितृ मनुष्यलाई तृप्त गराउने कृष्णाको नमन, स्मरण, प्राणप्रयाणका समयमा पनि चिन्तनको अभिलाषा, शिवशक्तिरूपा ज्वालाको मंगलको स्मरण, वैकुण्ठ भूमिको प्रणाम, पाञ्चरात्र विधिवत सेवाको अवसर मुक्तिनाथमा कहिले मिल्नेछ र सेवक भएर समय विताउन कहिले पाइनेछ यो आकाङ्क्षा पनि देखिएको छ । श्यामानना, श्यामवस्त्रा, श्यामासना, कमल र कलशधारिणी, चतुर्भुजा कृष्णाको ध्यान गरिएको छ । गण्डकीको चिन्तन, नमन, पापहारणी नारायणीको नमन, विषयतृष्णादेखि रहित भएर कहिले कैंकर्य निष्ठामा रहिने छ ? हे कृष्णा तिमिले सबैलाई पवित्र गर । जब तिम्रो गर्भमा नारायण गए त्यति बेला नै तिम्रो नाम नारायणी भएको हो र जब तिमीले कृष्ण देह धारण गऱ्यौ त्यति बेला नै तिमी काली वा कृष्णा नामले प्रख्यात भएकी हौ । तिम्रो जल

स्वर्गामृत भन्दा पनि मधुर छ । प्रत्येक पलमा हरि तिम्रो गर्भगत हुनाले तिम्रो महिमा यत्ति नै छ भनेर ज्ञानी जनहरूले नाप्न पनि सक्दैनन् । त्यसैले तिमी सर्वश्रेष्ठ नदी हौ । यिनै प्रार्थनाका साथमा यो स्तुति सम्पन्न भएको छ ।

श्रीमुक्तिनाथ मङ्गलाष्टकम्‌मा ८ श्लोक छन् र सबै अनुष्टुप् छन्दमा रचित छन् । लक्ष्मीसहित नारायण प्रपन्नका लागि पारिजात हुन्, नानावतार रूप, तपः स्वाध्यायशाली, वृन्दावन्दित, ब्रह्मरुद्रादिद्वारा सेव्य, शिलासलिलरुप, गण्डर्षी वरदाता, सन्मुक्तिदानशील, मुक्तिक्षेत्र निवासी, गण्डकी तट निवासी, रुद्रादि सेव्यपाद श्रीमुक्तिनाथ भगवान्‌को नित्य, श्रीनित्य मंगल होस् यही मंगलको अभिलाषापूर्वक सम्पन्न भएको छ ।

प्रार्थना पञ्चकम्‌मा ५ श्लोक छन् र स्थिर छन्दमा संरचित छ । जसको वैभव नित्यसूरीहरूले गान गर्दछन्, ध्यानपूर्वक स्मरण गर्दछन्, त्यस्ता विश्वमंगल रमापतिको शरणमा गइन्छ । जसको आज्ञामा रहेर वेदशासनलाई नतमस्तक भएर वहन गर्दछन् । त्यस्ता हरिको नित्यमंगल होस् । भविच्छिद र दुःखच्छिद तथा सुखप्रद नारायणको भजन कहिले गर्न पाइएला ? लोकसङ्ग्रहबाट विहीन र श्रीशपदमा सदा सेवक, रमेश भक्त सेवक जसरी हुन पाइन्छ त्यसै गरी कृपा गर । सुरर्षिदेव सेवित, सनातन पुरातन, श्रुति र स्मृति सम्मत युग युगमा सुरक्षित, नारायणबाट प्रवर्तित, श्रुतिज्ञशिष्ट जन सेवित, अनादि धर्मले सदा सर्वदा विश्वमंगल गरोस् यसरी विश्वमंगलको प्रार्थना गर्दै उपसंहार गरिएको छ ।

श्री मुक्तिनाथ अष्टोत्तरनामस्तोत्रमा १८ श्लोक छन् र सबै अनुष्टुप् छन्दमा रचित छन् । अनन्त, केशव, मुक्तिनारायण, हरि, श्रीश, वृन्दापूज्य, कृष्ण, जगत्कर्ता, गतिद, गतिकारक, हिरण्यगर्भ, चक्रस्वामी, स्रष्टा, वेदप्रिय, शास्त्रवक्ता, पाञ्चरात्रप्रचारक, पद्मनाथ, शैलप्रिय, शैलनाथ, शैलेशप्रियकारक, यज्ञभुक्, यज्ञकारक, यज्ञनाथ आदि १०८ नामको स्मरण गरिएको छ र अन्तमा जसले यो नित्य पाठ गर्दछ त्यसले परमपद प्राप्त गर्ने फल प्राप्त गर्दछ ।

श्रीमुक्तिनाथाष्टोत्तरशत नामावलीमा अनन्तादि नामलाई चतुर्थ्यन्त जस्तै अनन्ताय नमः यसरी १०९ सम्म बताइएको छ ।

श्रीरङ्गवेङ्कटेशमुक्तिनारायण प्रार्थनामा ५ श्लोक छन् र शिखरिणी छन्दमा आबद्ध छन् । यो वाग्लुङ्गको कुँडुले फेदीमा प्रतिष्ठित रङ्गवेङ्कटेश भगवानको प्रार्थना हो । यो उक्त मन्दिरमा विहानको आरतीमा नित्य पाठ हुने गर्दछ । नित्य मुक्तादिले सेव्य वेंकटगिरीलाई छोडेर धवलागिरीको काख, कृष्णाको तीरमा अष्टोत्तरशत सप्ताह महायज्ञमा आफ्ना भक्तको याचना पूर्ण गर्न यतीन्द्र, शठकोप, गोदारंग तथा श्रीभूसहित वेङ्कटेश भगवान यहाँ आयौ र तिम्रो चरणको सेवा गर्ने अवसर प्राप्त भएको छ । आचार्य सहित रङ्गपति यस शालग्राम पर्वतमा स्थित भएर हाम्रो सेवा स्वीकार गर । श्रीरङ्गम् जस्तो प्रिय स्थान स्वप्रियजनले युक्त र राजोपचार सेवा प्राप्त गर्दागर्दै पनि दयाले परवश भएर गोदादिसहित यो शालग्राम पर्वतमा आयौ र दर्शन दिइरहेका छौ । सँधै यहीँ राज हुने ती दुई चरणको शरणमा जान्छौं यही प्रार्थनाको साथ यो स्तुति सम्पन्न भएको छ ।

श्रीमुक्तिहरिनाम संकीर्तनम् २७ श्लोक र ३ हरफे श्लोकमा आबद्ध छ । यसमा केवल नामसंकीर्तन मात्र पाउन सकिन्छ । अलग अलग अवतारमा लिएका नामको साथमा गोविन्द नाम जोडिएको छ । जस्तै :

हरिनारायण गोविन्द जयनारायण गोविन्द
हरिनारायण जयनारायण श्रीनारायण गोविन्द
जय गोविन्द ! गोविन्द ! जय गोविन्द  दीनदयाल् ॥
(श्रीमुक्तिहरिस्तुतिमञ्जरी श्लो. १ पृ. १३)

पहिलो हरफमा एक नाम अनि गोविन्द फेरी अर्को नाम र गोविन्द छ भने दोस्रो हरफमा पहिलेका दुई नाम र फेरी एक नाम थपेर तीन नाम र गोविन्द छ । तेस्रो हरफमा जय पश्चात् दुई गोविन्द र फेरी जय गोविन्द गरी अन्तमा दीनदयाल् नाम लिइएको छ । यसरी एक श्लोक पूरा हुन्छ । यसै गरी भक्तजनप्रिय, मत्स्यकलेवर, धर्मपराश्रय, धृतगिरीमूर्ते, नरहरिविग्रह वामनमूर्ते, दशरथनन्दन, शिरहलायुध वृष्णिकुलेश्वर, दुःष्कृतनाशन, कमलावल्लभ, वसुदेवात्मज, चक्रगदाधर, नीरदलोचन, नन्दकुमारक, कलिमलनाशन, निश्चलनिष्कल, सीतावल्लभ, लक्ष्मीवल्लभ, रामरघूत्तम, उग्रपराक्रम, श्रीवत्साङ्कित, केशवमाधव, अतसीमेचक, हर

मे दुरितं गोविन्द आदि अनेकौं नामका साथमा गीति छन्दमा संस्कृतमा नामसंकीर्तन गरिएको छ । यो आनन्ददायक र कर्णप्रिय पनि छ ।

श्रीकमलनयनसूरेः प्रपत्तिमा १२ श्लोक छन् र ती वसन्ततिलका छन्दमा छन् । जसमा अष्टाङ्गयोग निपुण श्रीकमलनयनाचार्य स्वामीजी (दुग्धाहारी) को सामान्य चरित्र जस्तै सदा धर्मोपदेशमा तत्पर, रामानुजको पताका फहराउने, वेदान्तशास्त्रमा निपुण, वाल्यावस्थादेखि नै परमात्मामा निरत, गण्डकी तट सेवित, वैराग्य भक्तिले भरित, आसेतु पर्यन्त कीर्तिमान, सकल वैष्णवसमाजमा भाग्यपुञ्ज, चीरजीवी, ममतारहित पद्मनेत्र गुरुराजको शरणमा जान्छौं र तिनै चरणकमलको भजन गर्दछौं यिनै शब्दावलीका साथमा स्तोत्र पूर्ण भएको छ ।

श्रीशुकाचार्यप्रपत्ति १६ श्लोकमा रचित छ र उपेन्द्रवज्रा छन्दमा सम्बद्ध छ र अन्तिम श्लोक अनुष्टुप्मा छ । सदा कृष्णार्पित मानस, अनेकशास्त्रमा रत, पुराणमा व्यास समान निष्णात र भागवतमा साक्षात् शुकरूप, वृन्दावननिवासी, घरमै रहेर पनि बन्धन मुक्त, बलभद्रशिष्य, अनेक छात्रबाट वेष्टित, भागवतासक्तचित्ती यशस्वी र कीर्तिमान, जसका शिष्यरत्नहरूले प्रत्येक प्रान्तमा उनको यशको ध्वजा फैलाएका छन् त्यस्ता शुकस्वरूप, समस्ततीर्थसेवी, स्पष्टवक्ता, परोपकारी, श्रीसुदर्शनसूरी, शुकाचार्यको शरणमा जान्छौं र तिनै चरणकमलको स्मरण, नमन गर्दछौं । यिनै शब्दपुष्पका साथमा प्रपत्ति पूर्ण भएको छ ।

श्रीमच्छठारियतिराज स्वामिनां प्रपत्ति १४ श्लोकमा रचित छ र वसन्ततिलका छन्दमा सम्बद्ध छ । श्रीशुकशिष्य र गोपालसूरिका कृपाले विद्वतामा परिपूर्ण, भूतपट्टणका सन्यासशिष्य, हयग्रीवसेवक, द्राविड र संस्कृत वेदान्तवेत्ता, सहस्रधारासेवी, कृष्णातट निवासी, वैकुण्ठनाथमुक्तिपतिसेवक, अष्टाक्षरसेवी, दिव्यदेशसेवी, गोदादिका सुक्ति कथन र मननमा रती, वैदुष्यपूर्ण, परमार्थनिष्ठावान् ऊर्ध्वपुण्ड्र, त्रिदण्ड र काशायवस्त्रले सुशोभित श्रीशठकोप यतिराज गुरुको शरणमा जान्छौं र तिनै चरणकमलको स्मरण गर्दछौं ।

श्रीमच्छठारियतिराज स्वामिनां मङ्गलाष्टकम्मा अनुष्टुप् छन्दका ८ श्लोक छन् र शठकोप यतिराज स्वामीजीको मंगलगान गरिएको छ । गुरुवर, कल्याणगुणसिन्धु, वेदान्तज्ञाननिपुण, वीतराग, त्रिदण्डधारी, अर्थपञ्चकनिष्ठ, प्रशान्त, गण्डकी तीरवासी, व्याख्याननिपुण, बोधक, दयादाक्षिण्यका प्रतिमूर्ति, संसार

मलनाशक, भव्यरूप, दुःख नाशक, जगदगुरु श्री शठकोप यतिराज जीयर स्वामीजीको नित्य श्रीनित्य मङ्गल होस् यसरी मङ्गलगान गरिएको छ ।

श्रीमच्छठारियतिराज स्वामिनां अष्टोत्तरशत नामावलीमा अनुष्टुप् छन्दका २४ श्लोक छन् । जसमा त्रिदण्डधारी, संयमी, वेदान्तद्वयबोधक, तफ्वत्रय विशारद, प्रपन्न परिपालक, विष्णुधर्मप्रवर्तक, परवादिभयंकर, सिद्ध, सदाचाररत, क्षेमी, विशिष्टाद्वैतव्याख्याता, जितेन्द्रिय, करुणावरुणालय, गुणाकर, शिष्टाचाररत, योगी, सुधी, मुक्तिनाथप्रिय, साधुवृन्दशिरोमणि, हयग्रीवदयापात्र, मानद, विरक्त, यतिराज, आचार्यनिष्ठ, औदार्य, पञ्चव्रतपरायण, जगदुद्धारकारक आदि १०८ नामद्वारा प्रतिष्ठित गरिएको छ ।

श्रीशालग्रामाचार्य प्रपत्तिमा शिखरिणी, शालिनी, वसन्ततिलका र अनुष्टुप् छन्दमा आबद्ध १६ वटा श्लोकहरू छन् । विरक्तशिरोमणि, विद्याभ्यास र मन्त्रजपमा आसक्त, अध्यापनानुरक्त, गाउँ गाउँमा गएर बुद्धिदाता, शान्त, पथभ्रष्टका लागि मार्गदाता, विष्णुभक्तिमा तत्पर, हिंसाको प्रभावलाई हटाउने वाला, शालग्राम र बद्री विशालमा दत्तचित्त, मन्दलाई सूर्य झैं ज्ञानदाता, वैष्णवसमाजका सूर्यवत्, योग्य शिष्य प्राप्तकर्ता, कौशिकगोत्रीय, रघुनाथशिष्य, वात्सल्यका सागर, उदारजलधी, सम्पत्तिलाई तृष्णसमान मान्नेवाला, भवरोगवैद्य त्यस्ता शालग्राम स्वामीजीको सदा सर्वदा भजन, सेवा गर्दछौं र शरणमा जान्छौं । यो प्रपत्ति यिनै शब्दावलीमा पूर्ण भएको छ ।

श्रीशालग्रामाचार्याणां संक्षिप्तजीवनवृत्तम्मा ६ अध्याय छन् । यहाँ अध्यायलाई अवतार भनिएको छ । सबै अनुष्टुप् छन्दमा संबद्ध छन् । प्रत्येक अवतारमा २५ श्लोक छन् । १९६७ सालको भाद्र महिनामा नेपालको नाग्लिवाङ्गमा कौशिक गोत्रमा काशिनाथ र सरस्वतीका गर्भबाट शालग्राम नामबाट धर्म रक्षाका निमित्त श्रीकृष्णले नै अवतार लिएको बुझिन्छ । चुडाकरण र व्रतबन्ध संस्कार पश्चात् वेद, ज्योतिष, व्याकरण पढ्नको लागि पिताले खुरकोटमा पठाउँछन् । अल्पकालमा नै राम्रो विद्या पढेर आएपछि विधिपूर्वक सुकन्याका साथमा विवाह हुन्छ । त्यसपछि जनकपुरमा गएर मट्यानीमा केही समय पढेपछि गुरु आदिलाई प्रसन्न बनाएर दिङ्ला गाउँमा भ्रमण गर्न गएका हुन् । त्यहाँ गएर विद्यार्थीको आग्रहमा साहित्य पढाए पछि पुनः घर फर्केर गहीरा नामक गाउँमा पढाएपछि वदरीवनमा गएका हुन् । उनले हरिको दर्शन पाउने उपाय गुरुलाई सोधेर महापथमा आरोहण गरेको बुझिन्छ । सर्वत्र

हरिदर्शन गर्दै गहन वनमा एकाकी विचरण गर्दै जाँदा ४ दिन वित्छन् त्यसै समयमा जटाधारी मुनिको दर्शन हुन्छ । वार्तालाप हुँदै जाँदा हरिदर्शन गर्ने उपाय बताउनु पर्‍यो भन्दा मुनि भन्दछन् । अगाडि बाटो छैन, फर्केर वदरीतर्फ जाउ । खिन्न भएर तरुण तपस्वी गुफामा बस्दछन्, रातमा दर्शन मिल्छ र फर्कने नै आदेश हुन्छ मुनि अन्तर्ध्यान हुन्छन् । मुनिका रूपमा आएका साक्षात् वदरीनाथ नै हुन् । तल ओर्लेर पुनः वृन्दावन पुगी कन्यौयालाल शास्त्रीसँग भागवत पढी रघुनाथको शरणमा परी प्रपत्ति मार्गमा लाग्न पुग्दछन् । पञ्च संस्कार सम्पन्न भएर सबै दिव्यदेशको भ्रमण गर्दै पुनः जोशीमठमा पुगेर रङ्गाचार्यका सन्निधिमा रहेर वेदान्तको गहन अध्ययन गर्दै एकपटकमा आठलाख गर्दै चौविस पटक गायत्रीको पुरश्चरण पूरा गरी मुक्तिनाथ दर्शनको लागि नेपाल फर्कन्छन् । माथि गएपछि फर्कने अवसर मिल्ला नमिल्ला ? एक पटक मातापिताको दर्शन गरेर जानुपर्छ भन्दै १२ वर्षपछि घरमा जान्छन् सबै आश्चर्य चकित हुन्छन् । दर्शन गर्नेको भीड लाग्दछ । सबै प्रसन्न भए । दैवयोगले त्यहीं नै रहन बाध्य बनाउँछ । वेद, वेदान्त, व्याकरण, भागवत पढ्ने छात्रहरू धेरै मिल्दछन्, स्वाध्याय र भजन सेवामा समय वित्दछ । शान्त स्वभाव छ । घर घरमा भागवतको प्रवचन गर्दा हजारौं श्रोताहरू हुन्छन् । हिंस्रक गाउँ सप्रिन्छ र अहिंसक बन्दछ । गाउँ गाउँमा भागवत प्रवचनको लहर चल्दछ । स्वामीजीबाट घरमा भागवत गराउनु पर्दा २-३ वर्ष पहिले नै समय लिनु पर्ने व्यवस्था भएको बुझिन्छ । धेरै छात्रहरूले पढ्ने गरेको बुझिन्छ । यहाँ पढ्नको लागि शोधनायक श्रीधराचार्य स्वामीजी पनि एघार वर्षमा गएको पाइन्छ । उनले हरिनामको प्रचार गर्ने स्वभाव बसालेका हुन् । जहाँ वर्षमा हजारौं खसी, भेडा, बाखा काटिन्छन् त्यहाँ शालग्राम स्वामीजीले भागवतको आयोजना गराउँदा सबै प्रसन्न भएका हुन् । यसरी शास्त्र चिन्तन, धर्म प्रचार, श्रीभाष्यादि वेदान्त अध्यापन आदि कार्य गर्दै शेष जीवन बिताएका हुन् । उनले अन्तमा हरिचिन्तनरूपी शस्त्र लिएर व्याधिसँग युद्ध गर्दै जाँदा २०२९ सालमा हरिकोपद वैकुण्ठ प्राप्त गरेका हुन् । यसरी सौशिल्यादि गुणले भरिपूर्ण शालग्रामको शरणमा पर्दछौं । यिनै शब्दावलीका साथमा जीवनी ६ अवतारमा पूर्ण भएको छ ।

यसै गरी गलेश्वरमा प्रतिष्ठित श्रीमुक्तिहरि राधाकृष्णको आविर्भावपद्य, कुँडुले फेदीमा प्रतिष्ठित श्रीरङ्गवेङ्कटेशमुक्तिनारायण भगवानको आविर्भावपद्य र भद्राचल

मल्लाजमा प्रतिष्ठित श्री वेङ्कटेश भगवानको आविर्भावपद्य पनि स्वामीजीबाट नै रचना भएको हो ।

साथै श्रीमुक्तिहरि राधाकृष्ण भगवानको ब्रह्मोत्सवमा हुने अनुज्ञाप्रार्थना ८ श्लोकमा संरचित छ । हे देवदेवेश ! गोदाराधासहित, चक्रराज र शठकोप यतीन्द्रका साथमा मुक्तिनाथ भगवान यहाँ विराजमान भएका छौ । यस महोत्सवलाई सम्पन्न गर्न अनुज्ञा देउ । निर्विघ्न कार्यको लागि गणेश्वरलाई आदेश गर । हाम्रो दौरात्म्यलाई नहेरेर आफैले कृपा गर र आफ्नो दाक्षिण्य प्रदर्शन गर । यहाँ आएका र रहने भक्तका सत्कार्यको स्वीकार गरी राष्ट्र कल्याणका लागि यथोचित कार्य गर । श्रीमहादेवका सन्निधिमा यसरी प्रार्थना गर्ने गरिएको छ । हे देवदेवमहादेव तिम्रा सन्निधिमा यो श्रियः पतिको महोत्सव प्रारम्भ भएको छ । विधिपूर्वक कार्य सम्पन्न गर्न अनुज्ञा देउ र यो अकिञ्चनको मनोरथ पूरा गर्न कृपादृष्टिले सम्पादन गर यही प्रार्थनाको साथमा यो ब्रह्मोत्सव प्रार्थना पूरा भएको छ ।

यसरी स्वामीजीले संस्कृतमा कृतिहरूको रचना गरेर संस्कृत साहित्यलाई पनि ठूलो योगदान पुऱ्याएको पाइन्छ । यो रचनाले नेपाली समाजलाई र नेपाली साहित्यलाई पनि हौसला दिइएको छ । साझा सम्पत्ति श्रीहरि, श्रीकृष्णागण्डकी, हरिनाम सङ्कीर्तन आदिका स्तुति, प्रार्थना आदि गरेर मानव जीवनले गर्नु पर्ने कर्तव्य र मानव उज्जीवनको मुख्य प्रयोजनका विषयलाई लिएर रचना गरिएका साहित्यहरू नेपाली समाजले स्वीकार गर्न सक्ने हो भने धेरैको कल्याण हुन्छ ।

## ४.७ अन्य

स्वामीजीका साहित्यिक, अनुदित, धार्मिक लेखहरू धेरै छन् तर प्रकाशनमा भने आउन सकेका छैनन् । यो लेख पूर्ण धर्मसँग सम्बन्धित छ । यसलाई धार्मिक लेख भनिन्छ । प्रकाशनका हिसाबले यो पहिलो हो । यसको परिचय यस प्रकार छ ।

### ४.७.१ हिन्दू धर्ममा प्रपत्ति योगको परिचय

हिन्दू शब्दले हिन्दू धर्मावलम्बीहरूलाई हिंसा, अशान्ति, अन्याय र अनाचारबाट धेरै नै पर रहन शिक्षा प्रदान गर्दछ । यस शास्त्रमा विधान गरिएका कर्म, ज्ञान, प्रपत्ति आदि धर्म यस हिन्दू धर्मरूपी महापुरुषका अङ्ग हुन् भनिएको छ । हात, गोडा, नाक आदिले युक्त भएको शरीर देवदत्त भने भैंं कर्म ज्ञानादि साधन र

वैष्णव आदि धर्मको समष्टिलाई हिन्दू धर्म भनिन्छ । वर्तमान अल्प साधनामय जगत्‌को समस्या हेर्दा कर्म ज्ञान प्रपत्ति मध्ये प्रपत्ति अर्थात् भगवत् शरणागति नै सम्राट् हिन्दू धर्मको प्रधान अङ्ग र ज्यादै लोकोपकारक साधन मानिएको छ । शरणागति पनि धेरै प्रकारका हुनाले भेद छ । अधिकारी भेद, साधनभेदले गर्दा फलमा पनि भेद भएको पाइन्छ । जस्तै पाण्डवलाई राज्य प्राप्ति, द्रौपदीको वस्त्रवृद्धि, कालियनागको प्राणरक्षा, गजेन्द्रको कैंकर्य प्राप्ति, विभीषणको राम प्राप्ति इत्यादि । मन्थन गर्दा सात्विक, कायिक र मानसिक संवलिता प्रपत्ति नै मुख्य मानिएको छ । यी प्रपत्ति पनि विना आचार्य समाश्रयण सिद्धि दिन सक्तिनन् । गुरु परम्पराका हिसाबले भगवान नारायणबाट लक्ष्मी, लक्ष्मीबाट विश्वक्सेन, त्यसबाट देवता ऋषिहरूमा र कलियुगमा शठकोप, रामानुज, वरवरमुनि हुँदै वर्तमान आचार्य गुरुतक यो परम्परा चल्दै आएको छ र भविष्यमा पनि चल्ने विश्वास छ । यसमा जीवात्माले सर्वविध भार परमात्मा नारायणमा समर्पण गरी भगवत्मुखोल्लासार्थ कैँकर्य र सर्व कर्म गर्न आवश्यक हुन्छ । प्रपत्तिद्वारा प्रपन्न बन्नको लागि तप्त शुद्ध चक्राङ्कन, ऊर्ध्वपुण्ड्रतिलक, भगवत सम्बन्धी दासान्त नाम, मन्त्र र याग (यज्ञ) यी पाँच संस्कार चाहिन्छन् । शङ्ख चक्राङ्कनका विषयमा वेद, पुराण स्मृति आदिमा करोडौं प्रमाणहरू पाइन्छन् । पञ्चसंस्कार सबै आश्रमका लागि विधान छ ।

चक्रादि धारण किन गर्ने ? यो प्रश्नको उत्तरमा पूर्वाचार्यहरूले बताएका धेरै कारणमध्ये नौवटा कारण यहाँ उल्लेखित छन् । पुण्ड्र संस्कारको विषयमा शास्त्र वचनद्वारा श्रौत-स्मार्त कर्मसिद्धिको लागि ऊर्ध्वपुण्ड्र धारण गर्नु अत्यावश्यक छ । नाम संस्कारमा भगवद्‌दासान्न नाम नै वास्तविक मुक्तिको साधन र पाप विमोचक मानिएको छ । मन्त्र संस्कारमा अष्टाक्षर मन्त्र नै समस्त वेदको सारभूत हो र भुक्ति मुक्ति प्रदान गर्ने वाला छ । यागमा यज्ञ गरेर नै यी चार संस्कारलाई सुसंस्कृत गरिन्छ । यसरी चेतनको उद्धारको मार्ग नै शरणागति हो । शरणागति वरण गरेर सबै ऋषिहरू, द्रौपदी-पाण्डव, प्रह्लाद, ध्रुव, हनुमान, विभीषण उद्धवप्रभृति करोडौं भक्तहरूले भगवच्चरणारविन्द प्राप्त गरेका हुन् । कुनै पंक्षीले बनाएको जालरूपी ग्रन्थी अरू कसैले फुकाउन सकिँदैन भने सर्वेश्वरले बनाएको संसारजाल प्रभुका शरणमा परे विना अरू कसैले छुटाउन सक्दैनन् र छुटाउन उनै प्रभुका शरणमा जानै पर्छ ।

परमवैदिक हिन्दू धर्ममा प्रपत्तिको वर्णन शास्त्रहरूमा धेरै ठाउँमा पाइन्छ । अत: वैष्णव मतावलम्बी आचार्यहरूले प्रपत्तिमार्ग नै सबै जनता, जनार्दन र नरेशको उद्धार गर्ने सजिलो उपाय र वर्तमान युगको लागि सारै उपयोगी ठानेर प्रचार प्रसार र सम्बर्द्धन गरेको बुझिन्छ । यस प्रकार हिन्दू धर्मको प्रधान अङ्ग भएको प्रपत्ति योगले करोडौं हिन्दू धर्मावलम्बी भक्तहरूलाई ऐहलौकिक ऐश्वर्य र पारलौकिक भगवच्चरण सन्निधिको दिव्य सेवा प्रदान गरिरहेको छ । (वैदिक सुधा, वि.सं. २०३४ श्रीपञ्चमी, पृ.३-५)

यसरी स्वामीजीबाट यो लेख लेखिएको हो । यस्ता साहित्येतर धार्मिक लेखहरू अहिले पनि पाण्डुलिपीमा प्रशस्त छन् र प्रकाशोन्मुख अवस्थामा छन् ।

### ४.७.२ अप्रकाशित कृतिहरूको सूचि

#### (१) जितेन्ते स्तोत्र अनुदित

यो पाञ्चरात्र आगमको स्तोत्र हो । यसमा ६ अध्याय छन् र अनुष्टुप् छन्दमा छन् । हे ऋषिकेश ! म तिम्रो शरणमा आएको छु । तिमीलाई प्राप्त गरेपछि मलाई अपूर्व लाभ मिलेको छ । मैले तिम्रो उपचार भनेर अपचारगरेको छु त्यसकारण मलाई क्षमा देऊ । हे भगवन् ! म विषयरूपी समुद्रमा डुबेको छु, पतित छु, वैकुण्ठको अधिकारी नहुँदा नहुँदै पनि सायुज्य मुक्तिको इच्छा गरेको छु । हे जगन्नाथ ! अनन्त अपराधले युक्त भएको मलाई सहजै क्षमा गरी मोक्ष प्रदान गर । यदि संसारमा फेरि जन्म लिन परेमा जन्मजन्मान्तरसम्म मेरो मन, वचन र कर्मले तिम्रो आराधना र सेवा गरून् । हे नाथ ! तिमीले मलाई दासान्त दास चरमदास सम्झनु ल ! मबाट नवधा भक्तिको वृद्धि होस् यही नै नित्य प्रार्थना छ । यस्तै ६ अध्यायमा रहेको स्तोत्रलाई श्रीधराचार्य स्वामीजीले यसको श्लोकबद्ध रूपमा नेपालीमा रूपान्तरित गरेका छन् ।

#### (२) नित्यानुष्ठान चन्द्रिका एवं अर्चि गति वर्णन

यसमा प्रपन्नले गर्नु पर्ने नित्य नियमका बारेमा वर्णन गरिएको छ र आर्चिरादि गतिको वर्णन छ । प्रपन्नले ब्राह्म मुहूर्तमा जागा भएपछि रात्रीमा शयन सम्मका यावत् कर्महरूको वर्णन यसमा गरेका छन् । स्वामीजीले जीवात्मा भगवत् सन्निधिमा पुग्ने बाटो अर्थात् अग्निलोकको मार्ग हुँदै विरजा पार हुने र वैकुण्ठ प्राप्त

गर्ने बाटो (श्रीमद्भगवद्गीतामा बताएको शुक्ल मार्ग)को वर्णन र भगवान्का अनन्त गुणहरूको वर्णन यसमा गरेका छन् । उनले यो लेख गद्यमा लेखेका छन् ।

### (३) अरिष्ट निरूपण

श्रीधराचार्य स्वामीजी आफूले दुःख भ्रेलेर भएपनि अरुलाई सुख मिलोस् भन्ने प्रवृत्ति भएका व्यक्ति हुन् । यो लेखको अध्ययन गर्दा सबै सुखी रहून्, सबै निरोगी बनून्, सबैले माङ्गलिक वस्तुको दर्शन गरून् र कोही पनि दुःखको भागी बन्न नपरोस् यही भावनाले उनको मनोभावना ओतप्रोत भएको छ । उनले यसमा कतैबाट अरिष्ट वा अनिष्ट हुने संकेत देखिएमा रोधक वा निवारण गर्ने उपायहरू बताएका छन् ।

### (४) प्रदिशादीनां प्रमाणम्

यसमा श्रीधराचार्य स्वामीजीले दिशा विदिशाहरूको प्रमाण सम्बन्धी जानकारी दिएका छन् ।

### (५) पुष्पाध्याय

यसमा श्रीधराचार्य स्वामीजीले अहिंसा, सत्य, त्यागादि भावपुष्पहरूको निरूपण गरेका छन् ।

### (६) मुक्तिनाथ प्रपत्ति

श्रीधराचार्य स्वामीजीले यो प्रपत्ति संस्कृतमा रचना गरेका छन् । मुस्ताङ्गको हिमशिखरमा तपस्यारत श्रीमुक्तिनाथ, र मुस्ताङ्गको हिमशिखरबाट सुमधुर स्वरसँगै कलकल बगिरहेकी म्याग्दी, पर्वत, बाग्लुङ्गका सिमानाहरूलाई पवित्र पारेकी गण्डकी भित्र निवास गरेका शालग्राम भगवान्को सौलभ्य, सौशील्य, वात्सल्य आदि गुणहरूको वर्णन र तिनै मुक्तिनाथ नै हाम्रा उपाय हुन् । हामी उनकै शरणमा जान्छौं । यो भाव प्रकट गरेका छन् ।

### (७) कमलापति स्तोत्रम्

श्रीधराचार्य स्वामीजीले यो संस्कृत र नेपालीमा मिश्रित रूपमा रचना गरेका छन् । यसमा कमलापति नारायणको सौशील्यादि गुणहरूको वर्णन गरेका छन् । जसले जसको भक्ति गरेपनि अन्तमा भक्तिको गन्तव्य स्थान भनेको नारायणरूपी समुद्र नै हो ।

### (८) विद्वत्सभाका पन्ध्र प्रश्नको उत्तर

यो प्रश्नोत्तर रूपमा छ । पराभक्ति कसको गर्ने ? परतत्त्व को हो ? के गर्नाले जीवात्मा बन्धनमा पर्दैन इत्यादि प्रश्न छन् भने पराभक्ति नारायणको नै गर्ने, परतत्त्व नारायण नै हो र संसारको व्यवहार चलाउँदै भगवान्मा उत्कृष्ट नवधाभक्ति गर्दै परनिन्दाबाट निवृत्त भएमा जीवात्मा बन्धनमा पर्दैन । यस्ता प्रश्नको उत्तर कविले दिएका छन् ।

### (९) गोदा सप्तशती

श्रीधराचार्य स्वामीजीले पूर्वाचार्यका सूक्तिहरूको (दिव्य प्रबन्धमा) जस्तै तिरूप्पावै, श्रीगोदा सूक्त, श्रीसूक्त आदिको गहन अध्ययन गरेर नेपाली समाजमा पु-याउने उद्देस्यले नेपालीमा पद्यावलीका रूपमा रचना गरेका छन् । उनले उपर्युक्त प्रबन्धहरूलाई आधार बनाएर सरल र मिठास शैलीमा रचना गरेका छन् । यसमा सात सय श्लोकहरू छन् र अनुष्टुप्, वसन्ततिलका, इन्द्रवज्रा, उपेन्द्रवज्रा, शिखरिणी आदि छन्दमा श्लोकरूपी पुष्पहरूलाई गाँसेर गोदाम्बाको श्रीचरणमा अर्पण गरेका छन् । यसमा गोदाम्बाका चरित्रहरूको विस्तृत वर्णन गरेका छन् । अत्यन्त रोचक स्तोत्र भएको हुनाले भक्तहरू पुस्तकाकार रूपमा प्राप्त गर्न इच्छा गरेका छन् ।

### (१०) रहस्यत्रय सार

स्वामीजीले यसमा मूल, द्वय र चरम मन्त्रको भावार्थ नेपाली पद्यावलीमा रचना गरेका छन् । यो कुरेश स्वामीजीका सुपुत्र श्रीपराशर भट्टरद्वारा रचना गरिएको अष्टश्लोकी नामक स्तोत्र हो । यही स्तोत्रको व्याख्या उनले गरेका छन् । उनको रचना यस प्रकार छ । (प्रणव्मा तिन अक्षर अ उ म रहँदा ॐ हुन गयो........ )

**(११) श्रीअर्थपञ्चक सार**

स्वामीजीले यसमा अर्थपञ्चक् अर्थात् स्वस्वरुप, परस्वरुप, पुरुषार्थस्वरुप, उपायस्वरुप र विरोधीस्वरुपको विस्तृत वर्णन गरेका छन् । यी सबैका पाँच-पाँच भेद छन् । यो प्रत्येक जीवात्माले जान्नैपर्ने विषय हो । र पद्यमा नै संरचित छ ।

**(१२) श्रीसत्य महिमा**

स्वामीजीले यसमा सत्यको जित र महिमाको वर्णन गरेका छन् । सत्य कहिल्यै पनि डिग्दैन यो उक्तिलाई उनले राम्रोसँग यो लेखमा देखाएका छन् । यो उनको निबन्धात्मक लेख हो ।

**(१३) शालग्रामाचार्य स्वामीनां अष्टोत्तरशत नामावली**

श्रीधराचार्य स्वामीजीले यसमा आफ्ना आचार्य शालिग्रामाचार्य गुरुको १०८ नाम रचना गरेका छन् । जस्तै- (ॐ शालग्रामाचार्याय नमः, ॐसुधिने नमः, ॐतपस्विने नमः)

**(१४) गलेश्वर शिव अष्टोत्तरशत नामावली**

उनले यसमा गलेश्वर चक्रशिलानिवासी गलेश्वरनाथ शिवजीका १०८ नाम रचना गरेका छन् ।

**(१५) श्रीमुक्तिनाथ पञ्चकम्**

यसमा ५ श्लोकमा मुक्तिनाथ भगवानको सौशील्य, वात्सल्य र सौलभ्य गुणको वर्णन गरेका छन् ।

**(१६) श्रीगुणरत्नकोश**

कवि श्रीधराचार्य स्वामीजीले श्रीपराशर भट्टरद्वारा रचित स्तोत्रलाई नेपालीमा अनुदित गरेका छन् । यसमा श्रीलक्ष्मीजीको गुण र वैभवको राम्रो व्यख्या गरेका छन् । श्री भनेकी लक्ष्मी हुन् ,ती लक्ष्मीका गुणहरू रत्नका समान छन् र ती रत्नहरूको कोश भनेको भण्डार अर्थात् रत्नरूपी गुणहरूले युक्त भएकी लक्ष्मी हुन् र तीनै लक्ष्मीका रत्नरूपी गुणहरूको भण्डार नै श्रीगुणरत्नकोश हो । हे लक्ष्मी ! इन्द्रादि देवताहरू पनि तिम्रो कृपारूपी कटाक्षको लेसले गर्दा मात्र वास्तविक देवता बनेका हुन् । त्यस्ती श्रीरङ्गराजकी महिषी लक्ष्मीको नै आश्रय लिन्छौं ।

### (१७) श्रीआलबन्दार स्तोत्र

कविले यामुनाचार्यद्वारा रचित श्रीआलवन्दारस्तोत्रलाई नेपालीमा अनुवाद गरेका छन् । मूल मन्त्रमा ८, द्वयमन्त्रमा २५ र चरम मन्त्रमा ३२ अक्षर यिनलाई मिलाउँदा ६५ हुन्छ र यसमा मुख्य श्लोक पनि ६५ नै छन् । यो स्तोत्र यीनै तीन मन्त्रको व्याख्या स्वरुप रचना भएको हो । मेरा सर्वस्व नै तिमी हौ । म तिमीलाई प्राप्त गर्न लायक त छैन तैपनि मेरो गुरूपरम्परालाई हेरेर यो अधम जीवलाई स्वीकार गर । यीनै शब्दहरूलाई स्वामीजीले श्लोकबद्ध रूपमा गाँसेका छन् ।

### (१८) वरदवल्लभा स्तोत्र

श्रीधराचार्य स्वामीजीले यामुनाचार्यद्वारा रचित उपर्युक्त स्तोत्रको छन्दोबद्ध रुपमा अनुवाद गरेका छन् । यो स्तोत्रमा लक्ष्मीको गुणको वर्णन छ । हे लक्ष्मी ! तिम्रा पति एकमात्र नारायण हुन् र तिमी सबैकी आमा हौ । तिम्रा असिमित गुणहरू छन्, ती गुणहरू नारायणले पनि यत्ति नै छन् भनेर नाप्न सक्दैनन् । कवि लक्ष्मीका यिनै गुणहरूबाट आकृष्ट भएर मनलाई आनन्दित तुल्याउन अनुवाद गरेका हुन् ।

### (१९) श्रीगोदास्तुति

कविले वेदान्ताचार्यद्वारा रचित संस्कृत पद्यावलीको नेपालीमा अनुवाद गरेका छन् र यसमा गोदाम्बाका अनेक गुणहरूको वर्णन गरिएको छ । नारायणकी पत्नि भूदेवी नै विष्णुचित्त आल्वारको तुलसी वाटिकामा गोदादेवीका रूपमा अवतार भएकी हुन् । उनले आफ्ना बाबाले भगवान्का लागि बनाएको फूलको माला पहिले स्वयंले लगाउँथिन् अनि त्यही माला नै भगवान् वटपत्रशायीले पहिरन्थे । पछि उनले अर्चा विग्रह भगवान् रङ्गनाथसँग विवाह गरिन् र सबैका साम्नेमा उनै रङ्गनाथको चरणमा सशरीर समाहित भइन् । यीनै गोदादेवीको स्तुतिगान उनले गरेका छन् ।

### (२०) नेपाल आमाको पुकार

कविले 'नेपाल आमाको पुकार' कविता रचना गरेका छन् । यो नेपालीमा पद्यात्मक रूपमा छ । यसमा नेपाल आमाको रूपमा उभिएकी छन् र प्रजाहरू सन्तानका रूपमा छन् । जसरी आमाले सन्तानहरू सप्रिएको देख्दा आनन्दित हुन्छिन् र विग्रिएको देख्दा चित्कार गर्दै सबैसँग सन्तान सपार्न पुकार गर्छिन् त्यसैगरी

नेपाली प्रजाहरू बाटो छोडेर निन्दनीय बाटोमा लागेर अत्यन्त विग्रिएको देखेर पृथ्वीले भगवान्सँग सन्तान सपारिदिन पुकार गरेकी छन् ।

**(२१) जीवेश्वर संवाद**

कविले 'जीवेश्वर संवाद' नेपाली पद्यमा रचना गरेका छन् । हो । यसमा जीवात्मा र परमात्माको परस्पर संवाद छ । अनन्त कालदेखि विछोड भएको जीवले अकस्मात् भगवान्लाई प्राप्त गर्दा उसले भगवान्लाई चिन्दैन र स्वयं स्वतन्त्र रूपमा स्थापित हुन खोज्दछ । भगवान्ले तिमी मेरा हौ भनेर अनेक प्रमाणहरू दिँदा पनि उसले अनन्त कालका विषय वासनाले गर्दा भगवानलाई भुलेर स्वतन्त्र नै बन्न खोज्दछ । कविले यिनै भावलाई मीठो भाषामा पद्यात्मक रूपमा रचना गरेका छन् ।

**(२२) अरू केही मुक्तक**

कविले विविध विषयलाई उठान गरेर मुक्तकका रूपमा संस्कृतमा श्लोकहरू रचना गरेका छन् ।

**(२३) भजगोविन्दम् जीवनसार**

स्वामी शंकराचार्यद्वारा रचित "भज गोविन्दं भज गोविन्दं भज गोविन्दं मूढमते" (शंकराचार्यद्वारा रचित भज गोविन्दम् जीवनसारबाट साभार गरिएको) यो स्तोत्रबाट प्रभावित भएर कविले नेपाली पद्यमा अनुवाद गरेका छन् । हे मन्दमति भएका मनुष्यहरू हो ! जीवनको सर्वस्व सार भनेकै गोविन्द हरिको भजन हो । अन्तमा साराका सारा धन दौलत छोडेर कर्मका भरमा अघि बढ्नु पर्दछ । कुकर्मले नरक दिलाउँछ भने गोविन्दको भजन र सेवाले मोक्ष वा वैकुण्ठ दिलाउँछ । त्यसकारण मनुष्य जन्मको सफलता भनेकै मोक्षप्राप्ति हो । यही भावलाई उनले फोकस दिएका छन् ।

**(२४) नन्दाको कथा**

कवि यहाँ कथाकारको रूपमा देखा परेर कथा लेखेका छन् । नन्दा नामकी वृद्धाको प्रसँग ल्याएर उनले मानव जीवन विषय भोगका लागि मात्र नभएर भगवत्प्राप्तिका लागि भएको कुरा स्पष्ट पारेका छन् ।

### (२५) सनातन धर्मको पुकार

कविले यसमा सनातन धर्मको रक्षाको लागि विविध रूपले भगवान्सँग प्रार्थना गरेका छन् । यो कलियुगमा वेदविहीन अधर्मले पाषण्डी धर्मको ध्वजा फहराउँदै हिंडेको अवस्थामा हे गोविन्द ! तिम्रै अनुग्रहले मात्र सनातन धर्मको रक्षा हुन्छ भन्दै उनले सनातन धर्मरक्षाका निम्ति गोविन्दसँग पुकार गरेका छन् ।

यसरी श्रीधराचार्य स्वामीजीले २५ वटा मार्मिक साहित्यिक र धार्मिक लेखहरू लेखेका छन् । यी सबै लेखहरू प्रकाशनमा आउन बाँकी नै छन् । यी लेखहरू प्रकाशनमा आउन सके नेपाली साहित्य र धार्मिक साहित्यको स्थान अझ बढ्ने अनुभव हामीले गरेका छौं ।

## ४.८ नेपाली साहित्यमा श्रीधराचार्य स्वामीजीको योगदान

श्रीधराचार्य स्वामीजीले सानै उमेरदेखि नै आफ्ना आचार्यहरूबाट प्रभावित भएर २०२१ देखि नै लेखनकला अघि बढाए पनि २०३४ मा 'वैदिक सुधा' नामक पुस्तकमा 'हिन्दू धर्ममा प्रपत्तियोग' नामक लेख प्रकाशित गरेपछि मात्र औपचारिक यात्रा प्रारम्भ गरेका हुन् । २०३८ मा 'उपदेशरत्नमाला र रामानुज नुत्तन्दादि' पूर्वाचार्यका संस्कृत र द्राविडमा भएका कृतिहरू नेपालीमा अनुदित रूपमा प्रकाशित गर्दछन् । उनको लेखन कार्य अनवरत रूपमा चल्दै गए पनि प्रकाशनमा भने आउन सकेनन् । मौलिक र अनुदित संस्कृत र नेपाली गरी ४० का हाराहारिमा कृतिहरू रचना भए तर उनका जीवनकालमा भने मौलिक 'कल्याणकारी साधना गरौं' र 'प्रार्थना पञ्चकम्', 'श्रीकृष्णागण्डकीस्तुति' संस्कृत, 'श्रीमुक्तिनारायण प्रार्थना' संस्कृत, 'मुक्तिनाथ मङ्गलाष्टकम्', 'श्रीमुक्तिनाथाष्टोत्तरशत नामावली स्तोत्र' संस्कृत यति ६ ओटा प्रकाशित भएका हुन् । अरू सबै पाण्डुलिपिमा रहेका छन् । पछि शिष्यहरूले 'श्रीसहस्रगीति मञ्जरी', 'मनोदूति काव्य मञ्जरी' आदि मौलिक कृतिहरू प्रकाशित गराएका हुन् । यी ग्रन्थले नेपाली साहित्य र संस्कृत साहित्यलाई राम्रो योगदान दिएका छन् । भक्तिसँग जोडिएको हुनाले समाजलाई अझ राम्रो आकृष्ट गराउने कृतिहरू छन् । रचना भएका कृतिहरू प्रकाशनमा आउनसके साहित्यलाई अझ अग्रपंक्तिमा पुऱ्याउन सकिने थियो । भावी साहित्यकारका लागि स्वामीजीका रचना ग्रन्थहरू मार्गदर्शकका रूपमा रहन्छन् । धार्मिक, साहित्यिक क्षेत्रमा समाजमा स्वामीजीको ठूलो योगदान रहेको छ ।

## ४.९ निष्कर्ष

श्रीधराचार्य स्वामीजीका लेखहरू सबै भगवच्चरणमा अनुराग वृद्धि गर्ने वाला छन् । उनको नेपालीमा मात्र नभएर संस्कृत वाङ्गमयमा पनि राम्रो कलम चलेको देखिन्छ । उनको सहस्रगीति मञ्जरी विशाल र उत्कृष्ट ग्रन्थ हो । यो ग्रन्थ १०० दिनमा पूर्ण भएको हो । मनलाई मीठो सम्बोधन गर्दै ग्रन्थ प्रारम्भ हुन्छ । तफ्वत्रय आदिको राम्रो मन्थन भएको पाइन्छ । अर्थपञ्चकको राम्रो वर्णन छ । नाम संकीर्तन उत्कृष्ट प्रकारको छ । परमात्मा र जीवात्माको स्वरूप वर्णन गरिएको छ । मातृत्वभाव अघि सारिएको छ । नवविध सम्बन्ध, प्रपत्तिको वर्णन, ब्रह्मानन्दको स्मरण, सौशील्यादि गुणको वर्णन, भगवानको प्रतिज्ञा, तफ्वहित पुरुषार्थको वर्णन, नारायण नै सदा सत्य, श्रीराम चरित्र, प्रह्लाद, ध्रुव, शवरी आदि भक्तको चरित्र वर्णन, अखण्ड भक्तिको वर्णन, अनेक शिल्पशैली, अनेक रसको साथमा सहस्रगीति मञ्जरीको विश्लेषण गरिएको छ । मनोदूति काव्य मञ्जरीमा मनलाई नै दूत बनाएर वैकुण्ठ प्रेषण गरिएको छ । भगवानका कल्याण गुणको विशिष्ट वर्णन प्रत्येक छवि र अङ्ग आभूषणको वर्णन, मनरूपी दूति र परमात्माको संवाद तथा अनेक शिल्पशैली पनि राखिएको छ । यसै गरी 'कल्याणकारी साधना गरौं' को विश्लेषण गरिएको छ । मानिसले जीवनमा सुमधुर तरिकाले जिउनको लागि अँगाल्नै पर्ने विषयहरू प्रतिपादन गरिएका छन् । उपदेश रत्नमाला, अनुवाद कौशल, गोविन्द दामोदरस्तोत्र, रामानुज नुत्तन्दादि, मुक्तिक्षेत्र माहात्म्य, शालग्राम मंगलाशासन आदिको संक्षेपमा विश्लेषण गरिएको छ । ६ अध्यायमा शालग्रामाचार्य स्वामीजीको जीवनीको विश्लेषण गरिएको छ । हिन्दू धर्ममा प्रपत्ति योगको विश्लेषण गरी २५ ओटा अप्रकाशित कृतिहरूको सूची तयार पारिएको छ र अन्तमा नेपाली साहित्यमा स्वामीजीको योगदानको चर्चा गर्दै निष्कर्षमा पुगिएको हो । स्वामीजीका कृतिहरू नेपाली साहित्यिक समाजका लागि अथाह छन् । ग्रहण गर्ने पात्रको कमीको महसुस हुन्छ । साहित्य र धर्मको क्षेत्रलाई समेटेर रचना अघि बढाएको पाइन्छ । संसारबाट तीव्र वैराग्यका कारणले नै कृतिहरू उत्कृष्ट बनेका छन् ।

# अध्याय पाँच

## उपसंहार

श्रीधराचार्य स्वामीजीका जीवनका विविध मोड र घुम्तीहरू, औपचारिक शिक्षा, सुयोग्य आचार्यत्व गुणहरू व्यक्तित्वका विविध पाटाहरू र कृतित्वका बारेमा अघिल्ला चार परिच्छेदमा वा अध्यायमा विस्तृत चर्चा गरिसकिएको छ । उपर्युक्त अध्ययनबाट के निष्कर्ष निस्कन्छ भने वि.सं. १९९७ श्रावण ८ गते सन् (२३-७-१९४०) मंगलबार रात्री ७/२३ मिनटमा श्रावण कृष्ण पञ्चमी, पूर्वाभाद्र पदा नक्षत्रको दोश्रो चरण शोभन योग, बालव करण, मकर लग्न, वृष नवाशमा धवलागिरी अञ्चल, वाग्लुङ्ग जिल्लाको कुँडुले फेदीमा ज्योतिष पण्डित भूमिश्वर उपाध्याय पौडेल र उनकी धर्मपत्नी खगेश्वरी उपाध्याय पौडेलका कनिष्ठ सुपुत्रका रूपमा जन्म भएको हो । पूर्वाभाद्रपदाको दोस्रो चरणमा जन्मेका हुनाले उनको न्वारनको नाम सोमनाथ उपाध्याय पौडेल भए पनि नेपाली साहित्य र धार्मिक तथा सामाजिक क्षेत्रमा श्रीधराचार्य (पौडेल) का नामबाट चिन्ने गरिन्छ । उनमा धार्मिक, सदाचारले युक्त कुल हुनाले धर्मको अङ्कुरारोपण सानै अवस्थादेखि नै रहेको पाइन्छ । बालसुलभ चञ्चलता र गम्भीरताका साथ गाउँको रमाइलो वातावरणमा साथीसँगीलाई सानैदेखि शालिग्राम सेवा, पुष्पार्चन, तोते बोलीमा मातापिताबाट सुनेका कथा प्रवचन सुनाउँदै बाल्यकाल व्यतीत हुन्छ । वि.सं. २००२ मा श्रीपञ्चमीका दिन शुभसाइतमा घरैमा पिताले अक्षरारम्भ गराएका हुन् । उनले रत्नेचौरमा भाष्करानन्द गिरीसँग लगभग २ वर्ष अध्ययन गरेपछि ८ वर्षमा विधिपूर्वक व्रतबन्ध संस्कार भएको हो । गायत्रीगुरु पं. श्री जगन्नाथ पौडेलसँग २ वर्ष अध्ययन गरेर नाग्लिवाङ्ग पर्वतमा शालिग्रामाचार्य गुरुजीको सन्निधिमा धेरै साथीहरूको साथमा जिज्ञासा र चतुराईको साथमा अग्रगण्य शिष्य भएर अध्ययन गरेका हुन् । त्यसपछि उनले श्रीधामवृन्दावन पुगेर श्रीशुकदेवाचार्य स्वामीजीको सन्निधिमा रहेर औपचारिक अध्ययन प्रारम्भ गरेका हुन् । उनी २०२० मा व्यासपदबाट विभूषित हुन पुग्दछन् । उनै आचार्यबाट पञ्चसंस्कार पूर्वक शरणागति (वैष्णव धर्मको) प्रचारक र आचार्यत्व (समाश्रयण गराउने अधिकार) प्राप्त गरेर हजारौं शिष्यहरूमा परम्परा गाँसेका हुन् । उनको विवाह संस्कार भने सानै १२

वर्षको उमेरमा नै भएको हो । विवाहले अध्ययनलाई रोक्न सकेन । न्याय, गूढ वेदान्त विषयहरू, दिव्यप्रबन्ध, कर्मकाण्ड उपनिषद्, साम्प्रदायिक ग्रन्थहरू खोर्सानाका महात्मा गोपालाचार्य, अण्णङ्गचार्य, शुकाचार्य, कमलनयनाचार्य अयोध्या आदि आचार्यहरूबाट रहस्य ग्रन्थको गूढ अध्ययन गरेका हुन् । उनी १२ वर्षबाटै कथाको क्षेत्रमा प्रवेश गरेका हुनाले कथा प्रवचन मीठो हृदयस्पर्शी भएको बुझिन्छ । उनले अध्ययन गर्दै जाँदा इतिहासपुराणाचार्य, धर्मशास्त्राचार्य, शांकर वेदान्ताचार्य, साहित्याचार्य, व्याकरणाचार्य, रामानुज वेदान्ताचार्य यी विषयबाट आचार्यपद पूरा गरी षडाचार्य पदले अलङ्कृत भएका हुन् । उनको मुख्य जीवन यात्रा धर्मप्रचार र कथा प्रवचन र साहित्य लेखनबाट नै वितेको हो । उनले भक्तहरूको साथमा धेरै पटक १०८ दिव्यदेशको यात्रा, दक्षिण भारतको यात्रा, दामोदर कुण्डको अतिकठीन यात्रा, घरमै २० औं विद्यार्थीलाई भोजन आवास दिँदै विद्या प्रदान, सत्संग, ठूला ठूला अभूतपूर्व यज्ञ सम्पादन, वेदविद्याश्रम निर्माण, मन्दिर निर्माण, भगवत्प्रतिष्ठा, धर्मशाला र अन्नदान क्षेत्र निर्माण र सञ्चालन, वैदिक विद्वत्सम्मेलन, उपदेश प्रदान आदि कार्य गर्दै जीवन व्यतीत गरेका हुन् । उनले वि.सं. २०४८ मा वानप्रस्थाश्रम र २०५२ मा सन्यासाश्रम ग्रहण गरी साहित्य यात्रालाई राम्रोसँग जोड्दै, संसार सम्बन्ध तोड्दै अघि बढेका हुन् । उनी सादा जीवन र उच्च विचारले ओतप्रोत भएको पाइन्छ ।

उनी सदा ऊर्ध्वपुण्ड्रले शोभित सेतो धोती वस्त्रमा सदैव हसिलो अनुहारका देखिन्छन् । उनी सन्यासाश्रममा हुँदा गेरुआ वस्त्र र त्रिदण्डले सुशोभित देखिन्छन् । उनको सामाजिक व्यक्तित्वका हिसावले जस्तो समाजमा पनि मिल्न सक्ने वडा राम्रो गुण रहेको पाइन्छ । सनातन धर्मको प्रचार र बचाउका लागि उनले आफ्नो सर्वस्व जीवन नै समर्पण गरेका हुन् । उनमा सम्झाउन सक्ने राम्रो प्रवचन शैली र राम्रो वक्तृत्वकलाले भरिपूर्ण रहेको पाइन्छ । साहित्यका फाँटमा उनको राम्रो शैली रहेको छ । उनमा भगवत्सेवामा तल्लीन रहेर पूर्ण विश्वासका साथमा सेवा गर्ने शैली रहेको छ । सारा गाउँ र सहरवासीहरूले स्वामीजीलाई एक कुशल अभिभावकका रूपमा मानेका हुन् । उनी अनुवाद गर्नमा वडा चतुर स्वभाव भएका र भावपूर्वक अनुवाद एउटै छन्दमा गर्न सक्ने कुशल व्यक्तित्वका रुपमा चिनिन्छन् । उनी सदा तपस्वी जीवन विताउन मन पराउने व्यक्तित्व हुन् । उनलाई धीर, वीर, सहनशील आदि गुणले भरिपूर्ण सपूत व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

स्वामीजीमा सरल, मिलनसार, मृदुभाषी, आँटिलो, निडर र स्वाभिमानी आदि गुणहरू देखिन्छन् । अध्ययनशील व्यक्तित्वका रूपमा स्वामीजीलाई चिनिन्छ । उनी सानैदेखि कुनै पनि  व्यक्तिका लागि आश्रयत्व र अभिभावकत्वका रुपमा चिनिन्छन् । उनी सानैदेखि साहसी, निर्भयी र स्वाभिमानी स्वभावका भएकाले उनले थालनी गरेका जस्तासुकै काम पनि पूरा गरेरै छाड्ने गरेको पाइन्छ । उनले कहिल्यै पनि हतास खाएनन् । उनको साहित्यिक लेखनकला केवल नेपाली भाषामा मात्र नभएर संस्कृत र हिन्दी भाषामा पनि राम्रो दक्षता रहेको बुझिन्छ । विशिष्ट विद्वान् आचार्य गुरुहरूको सङ्गतले गर्दा सानै उमेरदेखि उनको लेख्ने प्रवृत्ति रहेको बुझिन्छ । उनको लेखनकला राम्रै भएपनि उनले विविध कारणले गर्दा लेखहरु छिट्टै प्रकाशनमा भने ल्याउन सकेनन् । वि.सं. २०३४ मा उनको पहिलो लेख प्रकाशनमा आएको हो, त्यो लेख हो 'हिन्दू धर्ममा प्रपत्तियोग' । स्वामीजीमा अनुवाद गर्ने कला विचित्रको देखिन्छ । उनले जुन छन्दमा श्लोक छन्, त्यही छन्दमा भाव नविग्रने गरी शाब्दिक अर्थ पूर्ण भएको मार्मिक अनुवाद गर्न पुग्दछन् । वि.सं. २०३८ मा उपदेशरत्नमाला र रामानुजनुत्तन्दादिको छायाँनुवाद गरी प्रकाशन गरेका हुन् । स्वामीजीको कलम निबन्ध र कवितामा चलेको छ तर निबन्ध भने प्रकाशनमा आएका छैनन् । कविताहरू जीवन र जगतका लागि उद्धारक र स्तुतिपरक छन् । उनले संस्कृतमा पनि धेरै छन्दमा रचना गरेका छन् । उनका कृतिहरु अलङ्कार र रसले ओतप्रोत छन् । उनी वनस्पति विज्ञानको प्रसङ्गमा राम्रोसँग गहिराइमा पुगेका छन् । रचनामा नाम संकीर्तन विशेष रूपले लिएका छन् । उनले  वि.सं. २०५० मा श्री 'सहस्रगीति मञ्जरी' (भक्तिगीति महाकाव्य) को रचना १०० दिनमा पूरा गरेका हुन् । तर त्यतिबेला नै प्रकाशनमा भने आउन सकेन । उक्त महाकाव्य २०६७ सालमा मात्र प्रकाशनमा आएको हो । यो ग्रन्थ रचनाका समयमा स्वामीजीमा पूर्ण वैराग्य र छन्दमा पनि वैराग्य छन्द हुनाले वैराग्यद्वयको संगम वेणी नै श्री सहस्रगीति मञ्जरी हो । उनले मनलाई राम्रो सुमार्गमा लैजानको लागि धेरै उपायहरू बताइएका छन् । यसमा १० शतक र एक शतकमा १०० भन्दा माथि श्लोकहरू छन् । उनले यसमा तत्वत्रय, अर्थपञ्चकको राम्रो वर्णन गरेका छन् । उनले प्रपत्ति उपायको वर्णन गर्दै जीवात्मा नायिका भावमा परिणत भएर भगवानको दिव्य छविको वर्णन गरेका छन् । भगवत्प्राप्तिको साधनभूत कर्म, ज्ञानादिमा भक्ति र प्रपत्तिको विस्तृत वर्णन गर्दै

शरणागतिलाई धेरै जोड दिएका छन् । भक्ति र शरणागतिलाई पुष्टि गर्नको लागि भक्तराज प्रह्लाद, ध्रुव, अहल्या, गजराज, विभीषण, बलिराज, शवरी, द्रौपदी आदि प्रपन्नको चरित्रलाई दर्शाएका छन् । उनको नवधा भक्ति, नवविध सम्बन्ध, भगवानका विभिन्न लिला, चरित्र, नाम, यश, कीर्तिको गान, भगवानका स्वरूप, रूप गुण वैभवको चर्चा परिचर्चामा हार्दिक भक्ति भावको अथाह सागर बारम्बार उर्लाएका छन् । गोपिनीहरूको चरित्र विचित्र ढङ्गले उठान गरेका छन् । २०५५ मा प्रकाशित उनले रचना गरेको 'कल्याणकारी साधना गरौं' कवितामा मानिसले जीवनमा सुमधुर तरिकाले जीउनको लागि अँगाल्नै पर्ने विविध कर्म र नियमको चर्चा गरेका छन् । उपदेश रत्नमालामा दुर्गन्धी वस्तुको संसर्गले सुगन्धी वस्तु पनि दुर्गन्धी भए झैं सज्जन पनि दुर्जनको संगतले दुर्जन नै बन्ने हुन्छ । त्यसैले सप्रन चाहने व्यक्तिले दुर्जनको संगत छोड्नै पर्ने नियमको चर्चा गरेका छ । उनले गोविन्द दामोदर स्तोत्रमा द्रौपदी, गोपिनी, विप्रवृन्द, कौशल्या, गजेन्द्र, सीता आदि भक्तले सदा हरिको गुणगान गरेको र जिब्रोलाई अन्तकालमा यही नाम जप्न निर्देश गरेका छ । उनले रामानुज नुत्तन्दादिमा प्रपन्न जनले गर्न पर्ने आचरणको बारेमा वर्णन गरेका छन् । उनले श्रीमुक्तिक्षेत्र माहात्म्यमा विविध पुराणबाट मुक्ति (शालिग्राम) क्षेत्रको माहात्म्य सङ्कलन गरी नेपाली, हिन्दी र संस्कृतज्ञको समुदायमा पुऱ्याउन नेपाली, हिन्दी र सँस्कृतमा पुस्तक छपाएर समाजलाई ठूलो कल्याण गरेका छन् । शालग्राम मंगलाशासनमा ब्रह्मादि देवताहरूले सेवा गर्ने शालग्रामको शीघ्र दर्शन गर्नलाई मनलाई प्रार्थना गरेका छन् । श्रीमुक्तिहरि स्तुति मञ्जरीमा स्वामीजीबाट रचित केही संस्कृत साहित्यका भण्डारहरू सजाइएका छन् ।

उनले शालग्राम स्वरूप मुक्तिहरिको सदा सर्वदा भजन, तीर्थयात्रा, मङ्गलगान, हरिनाम सङ्कीर्तन गर्दा जीवात्माको कल्याण हुने कुरा व्यक्त गरेका छन् । उनले मानव जीवनका लागि वास्तविक बाटोको निर्देशन, आचार्यहरूको गुणगान गर्दा आचार्यको मुखोल्लास र प्रसान्नता हुने हुनाले आचार्यहरूको मंगलगान, स्तुति, प्रार्थना, जीवनी जस्ता विषयहरू प्रस्तुत स्तोत्रमा रचना गरेका छन् । जीवले मोक्ष प्राप्त गर्नका लागि जान्नु पर्ने विषय मध्ये स्वस्वरूप, परस्वरूप, उपायस्वरूप, विरोधी स्वरूप र प्राप्ति स्वरूप यी पाँच अर्थपञ्चकमा पर्दछन् । यी विषयको राम्रो ज्ञान भएमा ग्रहण गर्ने र त्याग गर्ने विषयको राम्रो ज्ञान हुन्छ र मोक्षको अधिकारी

बन्दछ । मानव जीवनको सर्वस्व सार नै हरिभजन हो । मानव जीवन मोक्षानन्द प्राप्त गर्नको लागि हो । केवल विषय वासनामा मात्र भुल्न नहुने कुरा कविले आफ्ना लेखमा स्पष्ट पारेका छन् । रामले जसरी मर्यादामा रहेर पिताको आज्ञा पालना गरी वनवास आदि कार्यलाई प्रसन्नतापूर्वक स्वीकार गर्दछन्, त्यसै गरी सांसारिक जीव पनि रामकै समान भएर मर्यादामा रहेर, नियमको पालना गर्दै व्यवहार कुशलतालाई स्वीकार गरेमा कल्याण हुन्छ र भगवत प्राप्तिको अधिकारी बन्दछ । कवि श्रीधराचार्यको यस्तो आशय रहेको छ ।

निष्कर्षमा कवि श्रीधराचार्य स्वामीजी सनातन हिन्दू धर्मका भित्र रहेको श्रीवैष्णव धर्मका प्रचारक, संवाहक, संवर्द्धक र नेपाली तथा संस्कृत भाषाका साहित्यकार हुन् । उनले आफ्नो कृतिमा विशेष रूपले शास्त्रीय नियमहरू एकत्रित गरी रचना गरेका छन् । उनले सनातन हिन्दू धर्मभित्र रहेको श्रीवैष्णव धर्मको आचरण र कर्तव्यलाई विशेष जोड दिएर भाष्यकार रामानुजाचार्यको विशिष्टाद्वैत मतलाई स्थापना गरेका छन् । उनले जीवात्माको चौरासी लाख जन्ममध्ये मनुष्यको जन्मलाई विवेकशील र सत्कर्म तथा मोक्षानन्दको अधिकारीका रूपमा लिएका छन् । उनले मोक्षानन्दका अधिकारीले गर्नु पर्ने आचरण, दिनचर्या, सत्सङ्ग, शास्त्राभ्यास, परोपकार, सहनशील, देह नै आत्मा हो भन्ने भ्रमको त्याग, सेवाभाव, अनधिकार चेष्टा त्याग, हरिभजन, मृदुभाषी स्वभाव, जीवनको भार हरिमा नै समर्पण, शरणागतिको स्वीकार, सद्गुरुको आश्रय, लोक मङ्गल तथा विश्वशान्तिको कामनालाई कविताका माध्यमले सिर्जना गरेर देखाएका छन् । उनले सृजना गरेका 'श्रीसहस्रगीति मञ्जरी' 'श्रीमनोदूति काव्य मञ्जरी' 'कल्याणकारी साधना गरौं' आदि कृतिबाट नेपाली साहित्यमा ठूलो योगदान पुगेको छ । स्वामीजी राष्ट्रिय तथा विश्वशान्तिको भावनाले ओतप्रोत मनोजगत्को यथार्थ चित्र उतार्न सफल कविता सिर्जना गर्ने चिन्तनशील कवि भएको स्पष्ट रूपमा बुझिन्छ । नेपाली र संस्कृत साहित्य तथा समाजको सामाजिक धार्मिक राष्ट्रिय विकासमा मरिमेट्ने राष्ट्रिय साहित्यकार कविका रूपमा श्रीधराचार्य स्वामीजीलाई नेपाली र संस्कृत साहित्य संसारले पछिसम्म पनि याद गरिरहन पर्दछ ।

# सन्दर्भग्रन्थ सूची


अनन्त श्रीविभूषित श्रीनिवास मुक्तिनारायण रामानुज जीयर (श्रीधराचार्य स्वामीजी महाराज), श्रीसहस्रगीति मञ्जरी, श्रीअखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेवल ट्रस्ट, काठमाडौं : श्रीधराचार्य यतिराज प्रकाशन २०६७।

अनन्त श्रीविभूषित श्रीनिवास मुक्तिनारायण रामानुज जीयर स्वामीजी, श्रीमनोदूति काव्य मञ्जरी, श्रीमुक्तिनाथ सेवाश्रम गोल्फूटार काठमाडौं : श्रीयतिराज प्रकाशन, २०६२।

आचार्य गोविन्द, ऋजु सिद्धान्त कौमुदी, श्रीनिवास प्रकाशन दिल्ली : गोविन्दाचार्य, २०६१।

आचार्य गोविन्द, गीतार्थ संग्रहको हिन्दी व्याख्या, श्रीनिवास प्रकाशन दिल्ली : गोविन्दाचार्य, २०६९।

आचार्य गोविन्द, लघु सिद्धान्त कौमुदी, श्रीनिवास प्रकाशन दिल्ली : गोविन्दाचार्य, २०६३।

आचार्य गोविन्द, श्रीसुदर्शनानुष्ठानम्, श्रीनिवास प्रकाशन दिल्ली : गोविन्दाचार्य, २०६१ र २०६८।

आचार्य गोविन्द, सिद्धान्त कौमुदी १४ भागमा, श्रीनिवास प्रकाशन दिल्ली : गोविन्दाचार्य, २०६६।

आचार्य गोविन्द, सार सिद्धान्त कौमुदी, श्रीनिवास प्रकाशन दिल्ली : गोविन्दाचार्य, २०६२।

आचार्य पद्मधर, प्रपन्नामृत, भागवत प्रिन्टर्स विराटनगर : पद्मधराचार्य, २०५९।

आचार्य श्रीधर, श्रीउपदेश रत्नमाला, यतिराज ग्रन्थमाला गलेश्वर : गोविन्द श्री.नि. रामानुज दास, २०३८।

कविराज-देवराज विष्ट र आचार्य जगन्नाथ कण्डेल सम्पा., वैदिक सुधा, जय भारत प्रेस वाराणसी : नेपाली श्रीवैष्णव समाज, २०३४।

पौडेल विष्णु, संस्कृत काव्यशास्त्र, काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६६।

रेग्मी जगन्नाथ, अन्तरङ्गका तरङ्गहरू, पोखरा : लेखनाथ साहित्य प्रतिष्ठान नेपाल, २०६४।

शठकोप यतिराज रामानुज जीयर स्वामीजी, पितृयाग पद्धति, रिडी गुल्मी, श्रीपराङ्कुशाचार्य२०३१

श्रीनिवास मुक्तिनारायण रामानुज जीयर स्वामीजी, श्रीउपदेश रत्नमाला (द्वि.सं.), यतिराज प्रकाशन गलेश्वर म्याग्दी : ऋषिकेश आत्रेय, २०५९।

श्रीनिवास मुक्तिनारायण रामानुज जीयर स्वामीजी, श्रीगोविन्द दामोदर स्तोत्र, यतिराज प्रकाशन गलेश्वर म्याग्दी : ऋषिकेश आत्रेय, २०६०।

श्रीनिवास मुक्तिनारायण रामानुज जीयर स्वामीजी, श्रीमुक्तिक्षेत्र माहात्य (संस्कृत, हिन्दी र नेपाली) यतिराज प्रकाशन गलेश्वर त्रिवेणीधाम म्याग्दी,यतिराज प्रकाशन, २०५३।

सापकोटा कृष्णप्रसाद, श्रीगुरुपरम्परा, यतिराज प्रकाशन गलेश्वर : यतिराज प्रकाशन, २०६०।